# नरेद्रराज पौडेलको  स्वप्नयात्रा कथा सङ्ग्रहको कृतिपरक अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र**
**सङ्काय, नेपाली शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर**
**तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को**
**प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**पुष्पा कार्की**
नेपाली शिक्षण विभाग
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौँ
२०६९

शोधनिर्देशक

रघुनाथ घिमिरे

# नरेद्रराज पौडेलको  स्वप्नयात्रा कथा सङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र

सङ्काय, नेपाली शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर

तह दोस्रो वर्षको दसौं पत्र (५१०-१)को

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

**पुष्पा कार्की**

नेपाली शिक्षण विभाग

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

२०६९

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र**

सङ्काय, नेपाली शिक्षण विभाग

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं ।

मिति : २०६९-४-१२

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण विभागको समूह २०६५-२०६७ का विद्यार्थी पुष्पा कार्कीले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि तयार पारेको **नरेन्द्रराज पौडेलको स्वप्नयात्रा कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनको लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समितिः**

१. विभागीय प्रमुख रमेशकुमार भट्टराई

२. शोध निर्देशक रघुनाथ घिमिरे

३. सह. प्राध्यापक लेखप्रसाद निरौला

## शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण विभाग स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा पुष्पा कार्कीको **नरेन्द्रराज पौडेलको स्वप्नयात्रा कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोध विधिको अनुशासनमा रहेर गरिएको प्रस्तुत शोधकार्य मूल्याङ्कनका निम्ति रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण विभाग समक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति:२०६९-४-१०

**शोध निर्देशक**

रघुनाथ घिमिरे

रत्न राज्यलक्ष्मी क्याम्पस,

प्रदर्शनी मार्ग, काठमाडौं ।

# कृतज्ञता ज्ञापन

**नरेन्द्रराज पौडेलको स्वप्नयात्रा कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकात्मक प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण विभागको स्नाकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि मेरा आदरणीय गुरु **रघुनाथ घिमिरे**को कुशल निर्देशनमा तयार गरेको हुँ । आफ्नो व्यस्तताको बिचमा मूल्यवान समय, समुचित सुझाव दिएर मार्ग निर्देशन गर्नु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र लेखनको निमित्त अनुमति प्रदान गरी महत्वपूर्ण अवसर दिने तत्कालीन विभागीय प्रमुख **सह प्राध्यापक तुलसीमान श्रेष्ठ**प्रति आभार प्रकट गर्दछु । त्यस्तै शोधपत्रको मूल्याङ्कनका लागि स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख एवं आदरणीय गुरु **सह प्राध्यापक रमेशकुमार भट्टराई ज्यू**प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखन कार्यका लागि सामग्री उपलब्ध गराई विभिन्न जानकारी प्रदान गर्नुहुने शोधनायक **श्री नरेन्द्रराज पौडेल ज्यू**प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखन सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय तथा रत्न राज्यलक्ष्मी क्याम्पस पुस्तकालयलाई समेत आभार प्रकट गर्नु मेरो कर्तव्य ठान्दछु ।

मेरो अध्ययनलाई यो क्षणसम्म ल्याई सदैव प्रेरणा, सहयोग र सद्भाव प्रदान गर्नुहुने मेरा पुजनीय बुबा **गणेशबहादुर कार्की** अनि ममतामयी **आमा भक्तकुमारी कार्की**का साथै समस्त परिवारप्रति म ऋणी छु । शोधपत्र तयार कार्यमा अथक सहयोग गरिदिनुहुने मेरो श्रीमान् राजेन्द्र भण्डारी, छोरो प्रन्सु भण्डारी तथा परिवारप्रति म आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीका निम्ति सहयोग गर्नुहुने मित्र देवी आचार्य, दाइ प्रेम बानीयाँ तथा मेरा सम्पूर्ण सहपाठी साथीहरुप्रति म धेरै कृतज्ञ छु । शोधपत्र टङ्कनमा सहयोग गर्नुहुने दिदी शान्ता राईप्रति आभार व्यक्त गर्दै विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण विभाग समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र २०६५/०६७
क्रमाङ्क ४०००६४
त्रि.वि. रजिष्ट्रेशन नं. ९-१-२९-२७९-९६
मिति: २०६९/४/१०

**शोधकर्ता**
.....................
पुष्पा कार्की
रत्न राज्यलक्ष्मी क्याम्पस,
प्रदर्शनी मार्ग, काठमाडौं ।

# विषयसूचि


**क.सं.** **परिच्छेद-एक** पृष्ठ

**शोधपरिचय** **१-५**

१.१ विषय परिचय १
१.२ शोधकार्यको समस्या १
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधपत्रको औचित्य ४
१.६ अध्ययनको सीमाङ्कन ४
१.७. शोधविधि तथा सामग्री सङ्कलन ५
१.८ शोधपत्रको रूपरेखा ५

**परिच्छेद-दुई**

**नरेन्द्रराज पौडेलको साहित्यिक व्यक्तित्व र रचना धर्मिताको परिचय** **६-१८**

२.१ जीवनीको आलोकमा व्यक्तित्वको पृष्ठभूमि ६
२.२ सिर्जनागत प्रेरणा ७
२.३. आजीविका ८
२.४ भ्रमण, सम्मान तथा पुरस्कार ९
२.४.१. भ्रमण ९
२.४.२. सम्मान र पुरस्कार १०
२.५ नरेन्द्रराज पौडेलको साहित्यिक व्यक्तित्वका विविध पक्षहरु १०
२.५.१ कथाकार नरेन्द्रराज पौडेल ११
२.५.२ कवि नरेन्द्रराज पौडेल १३
२.५.३ निबन्धकार नरेन्द्रराज पौडेल १४
२.५.४ नियात्राकार नरेन्द्रराज पौडेल १६
२.५.५ समालोचक नरेन्द्रराज पौडेल १७

## परिच्छेद-तीन


**नरेन्द्रराज पौडेलको साहित्यिक यात्रा तथा कथागत प्रवृत्ति १९-२७**

३.१. नरेन्द्रराज पौडेलको साहित्यिक यात्राको काल विभाजन १९

३.१.क) पहिलो चरण (प्रारम्भ देखि वि.सं. २०४१ सम्म) २०

३.१.ख) दोस्रो चरण (वि.सं. २०४२ देखि हालसम्म) २१

३.२ नरेन्द्रराज पौडेलका कथागत प्रवत्तिहरु २२

३.२.१ कथागत विविधता र नवीनता २३

३.२.१.१ यौनमूलकता २३

३.२.१.२ मनोविश्लेषणात्मकता २४

३.२.१.३ आर्थिक विपन्नता २४

३.२.१.४ प्रशासनिक भ्रष्टचारिता, राजनैतिक विकृति २४

३.२.२ यथार्थवादी ढाँचा २४

३.२.२.१ संरचनागत सरलता २५

३.२.२.२ चारित्रिक समानता २५

३.२.२.३ परिवेशगत सवल आधार २५

३.२.२.४ दु:खात्मकता २६

३.२.२.५ भाषाशैलीगत विशिष्टता र मौलिकता २६


## परिच्छेद-चार


**स्वप्नयात्रा कथासङ्ग्रहका कथाहरुको विश्लेषण २८(८७**

४.१ कथावस्तु सङ्गृहीत २८(३४

४.१.१ गृहप्रवेश २८

४.१.२ कुहिरो र कागहरु २८

४.१.३ मारिया २९

४.१.४ रङ्गीन टिभी २९

४.१.५ चिन्तामग्न ३०

४.१.६ विसर्जन ३०

४.१.७ गोली ३०

४.१.८ अस्मिताको भारी ३१

४.१.९ व्ल्याक होल ३१

४.१.१० मास्टरवावु ३१
४.१.११ स्वप्नयात्रा ३२
४.१.१२ सम्भ्रान्त ३२
४.१.१३ स्वच्छ प्रशासनका लागि ३२
४.१.१४ विरामी फूल ३३
४.१.१५ ह्याङ्जे नदीको किनारमा ३३
४.१.१६ स्वस्थ केटी ३३
४.१.१७ सुरसुधा ३४
४.१.१८ कालो चस्मा ३४
**४.२ पात्रविधान ३४(४८**
४.२.१ गृहप्रवेश ३५
४.२.२ कुहिरो र कागहरु ३६
४.२.३ मारिया ३७
४.२.४ रङ्गीन टिभी ३७
४.२.५ चिन्तामग्न ३८
४.२.६ विसर्जन ३९
४.२.७. गोली ३९
४.२.८ अस्मिताको भारी ४०
४.२.९ ब्ल्याक होल ४१
४.२.१० मास्टर बावु ४२
४.२.११ स्वप्नयात्रा ४३
४.२.१२ सन्भ्रान्त ४३
४.२.१३ स्वच्छ प्रशासनका लागि ४४
४.२.१४ विरामी फूल ४५
४.२.१५ ह्याङ्जे नदीको किनारमा ४५
४.२.१६ स्वस्थ केटी ४६
४.२.१७ सुरसुधा ४७
४.२.१८ कालो चस्मा ४८
**४.३ परिवेश ४८(५२**
४.३.१ गृहप्रवेश ४८

४.३.२ कुहिरो र कागहरु ४९
४.३.३ मारिया ४९
४.३.४ रङ्गीन टिभी ४९
४.३.५ चिन्तामग्न ४९
४.३.६ विसर्जन ४९
४.३.७ गोली ५०
४.३.८ अस्मिताको भारी ५०
४.३.९ ब्ल्याक होल ५०
४.३.१० मास्टर बावु ५०
४.३.११ स्वप्नयात्रा ५१
४.३.१२ सन्भ्रान्त ५१
४.३.१३ स्वच्छ प्रशासनका लागि ५१
४.३.१४ विरामी फूल ५१
४.३.१५ ह्याङ्जे नदीको किनारमा ५१
४.३.१६ स्वस्थ केटी ५२
४.३.१७ सुरसुधा ५२
४.३.१८ कालो चस्मा ५२
**४.४ द्वन्द्व ५३-५७**
४.४.२ गृहप्रवेश ५३
४.४.२ कुहिरो र कागहरु ५३
४.४.३ मारिया ५३
४.४.४ रङ्गीन टिभी ५३
४.४.५ चिन्तामग्न ५४
४.४.६ विसर्जन ५४
४.४.७ गोली ५४
४.४.८ अस्मिताको भारी ५५
४.४.९ ब्ल्याक होल ५५
४.४.१० मास्टर बावु ५५
४.४.११ स्वप्नयात्रा ५६
४.४.१२ सन्भ्रान्त ५६

४.४.१३ स्वच्छ प्रशासनका लागि ५६
४.४.१४ विरामी फूल ५६
४.४.१५ ह्याङ्जे नदीको किनारमा ५७
४.४.१६ स्वस्थ केटी ५७
४.४.१७ सुरसुधा ५७
४.४.१८ कालो चस्मा ५७
**४.५. कथावस्तुको अवस्था ५८-७४**
४.५.१ गृहप्रवेश ५८
४.५.२ कुहिरो र कागहरु ५८
४.५.३ मारिया ५९
४.५.४ रङ्गीन टिभी ६०
४.५.५ चिन्तामग्न ६१
४.५.६ विसर्जन ६२
४.५.७ गोली ६३
४.५.८ अस्मिताको भारी ६४
४.५.९ ब्ल्याक होल ६५
४.५.१० मास्टर बावु ६६
४.५.११ स्वप्नयात्रा ६७
४.५.१२ सन्भ्रान्त ६८
४.५.१३ स्वच्छ प्रशासनको लागि ६९
४.५.१४ विरामी फूल ७०
४.५.१५ ह्याङ्जे नदीको किनारमा ७१
४.५.१६ स्वस्थ केटी ७१
४.५.१७ सुरसुधा ७२
४.५.१८ कालो चस्मा ७४
**४.६ उद्देश्य ७४-७७**
४.६.१ गृहप्रवेश ७४
४.६.२ कुहिरो र कागहरु ७४
४.६.३ मारिया ७५
४.६.४ रङ्गीन टिभी ७५

४.६.५ चिन्तामग्न ७५
४.६.६ विसर्जन ७५
४.६.७ गोली ७५
४.६.८ अस्मिताको भारी ७६
४.६.९ ब्ल्याक होल ७६
४.६.१० मास्टर बावु ७६
४.६.११ स्वप्नयात्रा ७६
४.६.१२ सन्भ्रान्त ७६
४.६.१३ स्वच्छ प्रशासनका लागि ७६
४.६.१४ विरामी फूल ७७
४.६.१५ ह्याङ्जे नदीको किनारमा ७७
४.६.१६ स्वस्थ केटी ७७
४.६.१७ सुरसुधा ७७
४.६.१८ कालो चस्मा ७७
**४.७ भाषाशैली ७८-८१**
४.७.१ गृहप्रवेश ७८
४.७.२ कुहिरो र कागहरु ७८
४.७.३ मारिया ७८
४.७.४ रङ्गीन टिभी ७८
४.७.५ चिन्तामग्न ७८
४.७.६ विसर्जन ७९
४.७.७ गोली ७९
४.७.८ अस्मिताको भारी ७९
४.७.९ ब्ल्याक होल ७९
४.७.१० मास्टर बावु ७९
४.७.११ स्वप्नयात्रा ८०
४.७.१२ सन्भ्रान्त ८०
४.७.१३ स्वच्छ प्रशासनका लागि ८०
४.७.१४ विरामी फूल ८०
४.७.१५ ह्याङ्जे नदीको किनारमा ८१

४.७.१६ स्वस्थ केटी ८१

४.७.१७ सुरसुधा ८१

४.७.१८ कालो चस्मा ८१

**४.८ दृष्टिविन्दु ८२-८५**

४.८.१ गृहप्रवेश ८२

४.८.२ कुहिरो र कागहरु ८२

४.८.३ मारिया ८२

४.८.४ रङ्गीन टिभी ८२

४.८.५ चिन्तामग्न ८२

४.८.६ विसर्जन ८३

४.८.७ गोली ८३

४.८.८ अस्मिताको भारी ८३

४.८.९ ब्ल्याक होल ८३

४.८.१० मास्टर बावु ८३

४.८.११ स्वप्नयात्रा ८३

४.८.१२ सन्भ्रान्त ८४

४.८.१३ स्वच्छ प्रशासनको लागि ८४

४.८.१४ विरामी फूल ८४

४.८.१५ ह्याङ्जे नदीको किनारमा ८४

४.८.१६ स्वस्थ केटी ८४

४.८.१७ सुरसुधा ८५

४.८.१८ कालो चस्मा ८५

## परिच्छेद-पाँच

**उपसंहार तथा निष्कर्ष ८६(९१**

**सन्दर्भ सामग्री सूची ९२(९४**

## सङ्क्षेपीकृत शब्द सूची

| | |
|---|---|
| अनु.- | अनुकूल |
| क्र.स. - | क्रमसंख्या |
| गा.वि.स.- | गाउँ विकास समिति |
| गौ. - | गौण |
| जि.शि.अ. - | जिल्ला शिक्षा अधिकारी |
| डी.एस.पी.- | प्रहरी नायव उपरीक्षक |
| नं. - | नम्बर |
| पु. - | पुरुष |
| प्र.जि.अ. - | प्रमुख जिल्ला अधिकारी |
| वडा नं. - | वडा नम्बर |
| वर्ग. - | वर्गीय |
| सी.डी.ओ. - | प्रमुख जिल्ला अधिकारी |

**शोध ग्रन्थमा प्रयोग गरिएका लेख्य चिन्हहरु**

(,), अल्पविराम

(!)- उद्‌गाार

(‘ ’) (“ ”)- उद्धरण

( ” ) ऐजन

( ( ) ) कोष्ठक

(/) तिर्यक

(I) पूर्णविराम

(?) प्रश्नवाचक

(-) योजक

(;) विर्सग

(.) सङ्क्षेपक

# परिच्छेद - एक

## शोध परिचय

### १.१. विषय परिचय

नेपाली साहित्यमा सामाजिक यथार्थवादी कथाकारका रूपमा नरेन्द्रराज पौडेल चर्चित प्रतिभा हुन् । उनका कथामा खास गरी मनोबैज्ञानिक तथा यौनवादी प्रस्तुति पाइन्छ । मूलतः कथा, निबन्ध, कविता, हास्यव्यङ्ग्य र समालोचनाका क्षेत्रमा कलम चलाउने पौडेल कथाकारका रूपमा प्रसिद्ध छन् । २०२७ सालमा गोरखापत्रमा **सपना टुसाएको ढुङ्गा माथि** शीर्षकको कथा लेखेर नेपाली कथा सहित्यमा देखापरेका पौडेलका **मेटिएका रेखाहरु** (२०५२), **फट्टिकको खम्बा** (२०५३), **पर्खाल बाहिर** (२०५८) र **स्वप्नयात्रा** ( २०६२) कथा सङ्ग्रहहरु प्रकाशित रहेका छन् ।

आधुनिक नेपाली, कथा साहित्यमा पौडेल समसामयिक यथार्थपरक विषयवस्तुका कथा लिएर अगाडि बडेको पाइन्छ । **स्वप्नायात्रा** कथासङ्ग्रह भित्रका कथाहरुमा जीवनका विविध पक्ष र मोडहरुलाई दर्शाइएको छ । विशेष गरेर यौन जीवी छाडापनमा रमाउने मान्छे, जेल जीवन बिताएकाहरुको मानसिकता र व्यवहारहरुलाई व्यङ्ग्य गरिएको पाइन्छ । नारीचरित्रभित्र लुकेका स्वच्छन्दता, कठोरता र कोमलताको राम्रो चित्रण गरेका छन् । आधुनिक युगमा मान्छेलाई उदास र कुण्ठित गराउने भौतिक परिवेश, विकास र सञ्चारप्रविधिका कारणले ग्रामीण जीवनमा आउन थालेका सङक्रमणकालीन अवस्थालाई आलोचनात्मक ढङ्गले औल्याएका छन् । विदेशी संस्कार र संस्कृतिलाई सभ्यताका प्रमाणपत्र सम्झने नेपाली युवा वर्गको चरित्रलाई प्रस्तुत गरेका छन् । यसै क्रममा उनले चरित्रवान् कर्मचारीको अवकाशपछि पैदा हुने लघुताभास तथा भ्रष्ट कर्मचारीको अवचेतनामा प्रकट हुने आपराधिक झिल्काले ल्याउने पीडा बोधपूर्ण स्थितिको व्यङ्ग्य प्रस्तुत गरेका छन् । प्रस्तुत शोध कार्यको विषय "स्वप्न यात्रा" कथा सङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ ।

### १.४. शेधकार्यको समस्या

नरेन्द्रराज पौडेलको **स्वप्नयात्रा** कथा सङ्ग्रहका बारेमा अध्ययन गरिने प्रस्तुत शोधका समस्याहरु निम्न लिखित रहेका छन् । जसलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :-

क) नरेन्द्रराज पौडेलको व्यक्तित्व र रचनाधर्मिता के कस्तो रहेको छ ?

ख) नरेन्द्रराज पौडेलको कथा यात्रा के-कस्तो रहेको छ ?

ग) नरेन्द्रराज पौडेलको कथागत प्रवृतिहरु के कस्ता रहेका छन् ?

घ) 'स्वप्नयात्रा' कथासङ्ग्रहका कथाहरुको विश्लेषण के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरुको समाधान तर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.५. शोधको उद्देश्य

माथिको शोध समस्यामा केन्द्रित रही कथासङ्ग्रहभित्रका सम्पूर्ण कथाहरुको विश्लेषण गरिने भएकाले यस शोध कार्यको उद्देश्यहरु निम्नअनुसार छन् :

क) नरेन्द्रराज पौडेलको साहित्यिक व्यक्तित्व र रचना धर्मितालाई केलाउने ।

ख) नरेन्द्रराज पौडेलको कथायात्रा प्रस्तुत गर्ने ।

ग) नरेन्द्रराज पौडेलको कथागत प्रवृत्तिहरुलाई चिाउने ।

घ) स्वप्नयात्रा कथासंग्रहको कृतिपरक अध्ययन गर्ने ।

यिनै मूलभूत उद्देश्यहरुसँग सम्बन्धित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

नेपाल साहित्यमा चर्चित कथाकार पौडेलका बारेमा विभिन्न विद्वान्हरुले विभिन्न पत्रपत्रिकाहरुमा अध्ययन, समीक्षा र टिप्पणी गरेता पनि उनको चौथो कथासङ्गह **स्वप्नयात्रा** को कृतिपरक अध्ययन हाल सम्म हुन सकेको छैन । यहाँ उनको बारेमा विभिन्न विद्वान्हरुले गरेका चर्चा परिचर्चा पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमिक आधारमा प्रस्तुत गरिएको छ ।

क) साझा प्रकाशन प्रकाशकीय **मेटिएको रेखाहरु** कथासङ्ग्रह प्रथम संस्करण (२०५२)मा -'नरेन्द्रराज पौडेलको **मेटिएका रेखाहरु** कथा सङ्ग्रहले बढी भन्दा बढी यथार्थमा आधारित कथा पढ्न रुचाउने आफ्नै किसिमका पाठकवर्गहरुलाई सन्तुष्ट पार्न सक्नेछ' भनिएको छ ।

ख) नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान द्वारा सम्पादित **फट्टिकको खम्बा** कथा सङ्ग्रह प्रथम संस्करण (२०५३)मा- 'नेपाली जनजीवनका अनेकौं सामाजिक आर्थिक सांस्कृतिक परम्परागत र समसामयिक पक्षलाई साहित्यका विभिन्न विधा

अन्तर्गत प्रस्तुत गर्ने तीसको दशक यताका कथा विधाका सशक्त हस्ताक्षरका पङ्क्तिमा टड्कारो रूपले देखापर्न आएका युवा कथाकार नरेन्द्रराज पौडेलका कथा उत्कृष्ट भएको उल्लेख गरिएको छ ।'

ग) राम कुमार पौडेल **मङ्की स्टेट याने वानर राज्य** हास्यव्याङ्ग्य सङ्ग्रह द्वितीय संस्करण (२०५९) को भूमिकामा- 'नरेन्द्रराजका निबन्ध धरहराको टुप्पो छुने' अथवा पढ्ने बित्तिकै ध्वाँध्वाँ रुने भनेँ भने तपाई नाकको सट्टा गर्धन फुल्याउनु होला ! किनकी तपाईका निबन्धहरु टुप्पो छुने भन्दा पनि जरो हल्लाउने र मुटु थर्काउने भन्दा पनि हाँसोले सारा जीउ थर्काउने खालका छन् भनिएको छ ।

घ) रमेश खकुरेल अध्यक्ष (आँखा स्वंयमसेवी प्रकाशन संघ) प्रकाशकीय **हस्ताक्षर** कविता ङ्ग्रह प्र.प्र.(२०६०)'मा-'नेन्द्रराज पौडेललाई गद्य, पद्य, कथा र निवन्ध सबै विधाका सिद्धहस्त कविका रुपमा परिचित गराएका छन् ।'

ङ) वासुदेव त्रिपाठीले **घरभित्रको गाई जात्रा** हास्य व्यङ्ग्य सङ्ग्रह चौथो संस्करण ( २०६२) को भूमिकामा- नरेन्द्रराज पौडेलका कृतिहरुले हाम्रा सामाजिक जीवनका विभिन्न पाटामा रहेका संक्रमणकालीन असङ्गति, विकृति र अन्तर्विरोधकै चिरफार गरेको हुँदा उनलाई भविष्यमा ढकमक्क फक्रने उज्याला संभावनाले ओतप्रोत चिल्लोपाते नवोदित हास्यव्यङ्ग्य प्रतिभा हुन् भनी उल्लेख गरेका छन् ।

च) साझा प्रकाशन, प्रकाशकीय **स्वप्नयात्रा** कथा सङ्ग्रह प्रथम संस्करण (२०६२) मा– 'नरेन्द्रराज पौडेलको स्वप्नयात्रा कथा सङ्ग्रह समसामयिक र यथार्थपरक छ भनिएको छ ।

छ) रत्न पुस्तक भण्डार, प्रकाशकीय **विहेको निप्ता** हास्यव्यङ्ग्य सङ्ग्रह चौथो संस्करण (२०६२)मा - नरेन्द्रराज पौडेलको **विहेको निम्ता** कृतिले नेपाली साहित्यको विकासक्रममा गहकिलो योगदान दिनुका साथै नेपाली हास्यव्यङ्ग्य क्षेत्रमा अर्को महत्वपूर्ण अध्ययन थप्ने छ भनिएको छ ।

ज) लक्ष्मण प्रसाद गौतमले **प्रमुख अतिथि हुनुको आतङ्क** हास्यव्यङ्ग्य सङ्ग्रह प्रथम संस्करण (२०६४) को भूमिकामा नरेन्द्रराज पौडेलका हास्यव्यङ्ग्य रचना फकाई-फकाई बोलाएर चिमोटी-चिमोटी मार्ने शब्द बाण हुन् भनी चर्चा गरेका छन् ।

झ) गोविन्दराज भट्टराई **छुटेको छाता** निबन्धसङ्ग्रह प्रथम संस्करण (२०६६) कोभूमिकामा नरेन्द्रराज पौडलले तीन दशकभित्र खोजी गर्दा उत्तरवर्ती र पूर्ववर्तीका सम्बन्ध सेतु एक उचाइ छुने निरन्तर साधकको रुपमा परिचित गराएका छन् भनिएको छ ।

माथि उल्लेखित विद्वानहरुका चर्चा, टीका टिप्पणीद्वारा नरेन्द्रराज पौडेललाई सफल कथाकारका रुपमा परिभाषित गरेता पनि **स्वप्नयात्रा** कथा सङ्ग्रहको गहन अध्ययन भएको छैन र यस सङ्ग्रहको कृतिपरक अध्ययन अत्यावश्यक भएकाले प्रस्तुत शोधपत्रमा पौडेलको चौथो कथासङ्ग्रह **स्वप्नयात्रा** को कृतिपरक अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ शोधपत्रको औचित्य

नरेन्द्रराज पौडेलको हास्यव्यङ्ग्य निबन्धकारिताको अध्ययन (२०५८), नरेन्द्रराज पौडेलको कथाकारिताको अध्ययन (२०५९) र नरेन्द्रराज पौडेलको साहित्यिक यात्राको अध्ययन (२०६७) को शोधकार्य भइसकेको पाइन्छ । यसका अतिरिक्त उनका अन्य कृतिहरुका बारेमा छिटफुट मात्रामा विभिन्न विद्वान्, समालोचकहरुद्वारा चर्चा परिचर्चा भएको छ भने **स्वप्नयात्रा** कथासङ्ग्रहको पनि फुटकर अध्ययन भएको छ तर विस्तृत र गहन ढङ्गबाट प्रस्तुत विषयमा अध्ययन अनुसन्धान भएको पाइदैन । अतः प्रस्तुत शोधपत्रमा विस्तृत र गहनताका दृष्टिले **स्वप्नयात्रा** कथा संग्रहभित्रका कथाहरुको अध्ययन विश्लेषण गरिनु शोध कार्यको औचित्य रहेको छ । त्यसैगरी वस्तुपरक ढङ्गमा सामग्री सङ्कलन गरी तय गरिने प्रस्तुत शोधकार्य भावी शोधकर्ताका निम्ति समेत मार्गदर्शक बन्ने भएकोले यसको प्राज्ञिक तथा अनुसन्धानात्मक औचित्य र महत्व रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

कथाकार पौडेल बहुमुखी प्रतिभाका धनी हुन् । नेपाली साहित्य र साहित्येत्तर क्षेत्रमा सशक्त रुपमा देखापरेका छन् । अतः प्रस्तुत शोधपत्रमा उनका अत्य सिर्जना तर्फ नलागी कथा क्षेत्रका चौथो कथा सङ्ग्रह **स्वप्नयात्रा**को कृतिपरक अध्ययनमा सीमित गरिएको छ ।

## १.९ शोधविधि तथा सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रमा मुख्यतः सामग्री सङ्कलन पुस्तकालयीय विधिमा आधारित भएर गरिएको छ । यस बाहेक आवश्यकतानुसार विषय विशेषज्ञहरुसँग भेटवार्ता तथा प्रत्यक्ष सम्पर्क गरिएको छ। सङ्कलित सामग्रीलाई अध्ययन र विश्लेषणका लागि कथाका तत्वलाई आधार बनाएर शोध पत्र तयार गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रमाको संरचनालाई व्यवस्थित र सुसङ्गठित पार्नका निम्ति जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस क्रममा आवश्यकतानुसार मूल शीर्षकलाई विभिन्न उपशीर्षकमा समेत राखेर शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेद विभाजनका प्रमुख शीषकहरु निम्न छन् :-

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : नरेन्द्रराज पौडेलको साहित्यिक व्यक्तित्व र रचनाधर्मिताको परिचय

परिच्छेद तीन : नरेन्द्रराज पौडेलको साहित्यिक यात्रा तथा कथागत प्रवृत्ति

परिच्छेद चार : **स्वप्नयात्रा** कथासङ्ग्रहको विश्लेषण

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएको विभिन्न पुस्तकहरु र पत्रपत्रिकाहरुको अलग-अलग सूची राखिएको छ ।

# परिच्छेद-दुई

## नरेन्द्रराज पौडेलको साहित्यिक व्यक्तित्व र रचनाधर्मिताको परिचय

### २.१ जीवनीको आलोकमा व्यक्तित्वको पृष्ठभूमि

नरेन्द्रराज पौडेलको जन्म २००६ जेष्ठ ९ गते वुद्ध जयन्तीको दिन बागमती अञ्चल सिन्धुपाल्चोक जिल्लाको सीपापोखरे गा.वि.स. वडा नं.८ मा बुवा केदारनाथ पौडेल तथा माता टेक कुमारी पौडेलको जेष्ठ सुपुत्रको रूपमा भएको हो । ( शोधनायकबाट प्राप्त जानकारी)

नरेन्द्रराज पौडेलको बाल्यकालको बोलाउने नाम सानुबाबु भएतापनि जन्म कुण्डली अनुसारको नाम भने नन्दप्रसाद रहेको देखिन्छ । पौडेलले पछि गएर आफ्नो न्वारानको नामको पहिलो अक्षर परिवर्तन नगरी नरेन्द्रराज नयाँ नाम राखे तापनि उनको खासै 'उपनाम' भने भएको देखिदैन । (दाहालस् २०६६) साहित्य एवम् प्रशासनिक क्षेत्रमा उनको वास्तविक नाम नरेन्द्रराज पौडेलका नामले प्रसिद्ध छन् । ( शोध नायकबाट प्राप्त जानकारी) विभिन्न साहित्यिक कार्यक्रममा भने साथीहरुलाई अनेकौं नामले साहित्यिक लेखरचना लेखेर दिने गर्दथे, जुन रचनाहरु पुरस्कृत समेत हुने गर्दथे भन्ने शोध नायककै आत्मस्वीकारोक्ति छ । (कोइरालास् २०५८)

शिक्षित र पैतृक सम्पत्ति पर्याप्त भएका धनाढ्य परिवारमा जन्म भए तापनि नरेन्द्रराज पौडेलको बाल्यकाल तत्कालीन परिवेश अनुसार अन्य बालवालिकाहरुले झैं धुलैमा खेलेर बितेको देखिन्छ ( शोधनायकबाट प्राप्त जानकारी) अध्ययनका क्रममा मामाघर आएपछि भने उनको बाल्यकाल सुखसयलका साथ वितेको देखिन्छ । (ऐजन)

नरेन्द्रराज पौडेललाई उनका पिता केदारनाथ पौडेलले हिन्दू संस्कृति, परम्परा एवम् प्रचलन अनुसार ६ वर्षको उमेरमा आफ्नै घरमा बसन्त पञ्चमीका दिनदेखि अक्षरारम्भ गराई औपचारिक रूपमा शिक्षाआर्जनको सुरुवात गरिएको जानकारी पाइन्छ । पौडेललाई उनका मामाले १० वर्षको उमेरमा २०१६ सालतिर कतै बोक्दै र कतै हिँडाउँदै घोडे जात्रा देखाउन काठमाडौं ल्याएको देखिन्छ । उनले २०१८ सालदेखि भक्तपुर आफ्नै मावलामा बसेर संस्कृत माध्यमिक पाठशालामा भर्ना भएर औपचारीक रूपमा विद्यालयीय शिक्षा आरम्भ गरेको बुझिन्छ । त्यस पाठशालाबाट दशम् कक्षासम्मको अध्ययन पूरा गरेपछि उनले बाल्मीकि संस्कृत महाविद्यालय काठमडौंमा थप अध्ययनका लागि प्रवेश

गरेको देखिन्छ । उनले बाल्मीकि संस्कृत महाविद्यालयबाट पूर्वमध्यमा, उत्तरमध्यमा हुँदै २०२८ सालमा शास्त्री परीक्षा उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयबाट व्याकरणाचार्य सम्मको उच्च शिक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । संस्कृतमा व्याकरणाचार्य गरेका पौडेलले त्यसपछि भने नेपाली विषय लिएर पढ्न सुरु गरी २०३१ सालमा नेपाली भाषा र साहित्यमा स्नातकोत्तर तह पूरा गरी जीविकोपार्जनका लागि जागिरे पेशा अँगालेको बुझिन्छ । (कोइरालाः २०५८) यसरी नरेन्द्रराज पौडेल ब्राह्मण परिवारमा जन्मिएर विभिन्न जातजाति र समुदायमा हुर्के पनि आफ्नो घरपरिवारका सदस्य एवम् मावलीबाट समेत रेखदेख र अनुकूल वातावरण पाएकैले अध्ययनमा सबै तहमा उत्तीर्ण हुँदै गई जागिरे पेशा अगाँले तापनि  विभिन्न भाषा, धर्म, दर्शन, साहित्य, विज्ञान आदिको अध्ययनमा आफूलाई तल्लीन गराई साहित्य लेखनमा लागिरहे ।

**२.२ सिर्जनागत प्रेरणा :**

नरेन्द्रराज पौडेल साहित्यिक परिवारमा हुर्किएका व्यक्ति होइनन् । परिवारमा साहित्यिक व्यक्तित्व भएका उनी छन् । उनी हजुरबाको सान्निध्यमा धार्मिक वातावरणमा हुर्केका र हजुरबाले पौराणिक कथा वाचन गर्दा सुन्ने अवसर पाएकाले उनले साहित्य सिर्जनाको पृष्ठभूकिका रुपमा हजुरबुवाको प्रेरणा चाँहि पाएको मान्न सकिन्छ । (शोधनायकबाट प्राप्त जानकारी) पौडेलले बाल्यकालदेखि नै विद्यालयमा हुने पन्ध्र-पन्ध्र दिनको साहित्यिक कार्यक्रममा र विश्वविद्यालयहरुमा हुने गरेका साहित्यिक प्रतियोगिता र गोष्ठीहरुमा भाग लिने गरेको देखिन्छ । (ऐजन्) २०१७ सालमा पञ्चायती व्यवस्था जवर्जस्ती लादिंदा पौडेल बालकै भएका र त्यसपछिका सम्पूर्ण राजनीतिक क्रियाकलाप र गोष्ठी भेलाहरु नै नरेन्द्रराज पौडेलका साहित्यिक प्रेरणा र प्रभावका स्रोत बन्न पुगेको देखिन्छन् । उनमा रहेको अन्तर्निहित प्रतिभा पञ्चायतकालीन अँध्यारो र बन्धनकारी वातावरण सजिलैसँग सिर्जनात्मक रुपले प्रस्फुटित हुन थालेको बुझिन्छ । सिन्धुपाल्चोकमा जन्मेर पनि पढाइको सिलसिलामा काठमाडौं बसेका पौडेल त्यहीँको सामाजिक परिवेशमा हुर्किन पुगेकाले उनमा नेवारी भाषा र संस्कृतिको पनि गहिरो प्रभाव परेको देखिन्छ । (दाहालः २०६६)

शिक्षा-दिक्षाको क्रममा संस्कृत र औपचारिक, अनौपचारिक रूपमा हिन्दी, अंग्रेजी भाषा पनि सिकेका पौडेलले यिनै भाषा र साहित्यको अध्ययन तथा प्रभावबाट सिर्जनात्मक कार्य अगाडि बढाएको देखिन्छ । संस्कृतका कालिदास, भारवी, माघ आदि

महाकविहरुका साहित्यिक कृतिहरुका साथै नेपाली साहित्यका मूर्धन्य प्रतिभाहरु लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौडेल, भैरव अर्याल आदि साहित्यकारहरु र उनीहरुका रचनाहरुबाट समेत आफ्नो साहित्यिक यात्रामा प्रशस्त प्रेरणा र प्रभाव परेको वताएका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

विशेष गरेर नेपली समाजमा देखापरेका विकृति विसङ्गति एवम् प्राकृतिक सौन्दर्यबाट आफूमा साहित्यको वीजारोपण भएको कुरा स्वीकार्ने शोधनायक आफूमा साहित्य सिर्जनाका निम्ति परेको प्रेरणा र प्रभाव बारे यसो भन्छन्, यस विषयमा सचेत रुपमा केही भन्न सक्ने स्थिति छैन । प्रेरणा र प्रभाव आफ्नै परिवार र समाजबाट प्राप्त गरेँ हुँला । क्रमशः राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशबाट मलाई प्रेरणा प्राप्त हुँदै आएको हुनुपर्दछ । यसरी लेखनको क्रममा नेपाली, हिन्दी, अंग्रेजी, उर्दू, साहित्यबाट पनि म प्रेरित हुँदै आएको छु । जतिखेर लेखनमा कलम समात्दै थिएँ, त्यतिखेर मेरो देश पुरानो युगबाट नयाँ युगमा प्रवेश गरिरहेको थियो । त्यसले नेपालको सम्पूर्ण क्षेत्रमा प्रभाव पाऱ्यो । नेपाली साहित्यमा पनि विभिन्न प्रभावले प्रवेश गऱ्यो । जसरी नेपाली साहित्यलाई संस्कृत, उर्दू, फारसी, हिन्दी अंग्रेजी साहित्यले अनुप्रेरित गऱ्यो । त्यसरी नै समयको क्रममा म पनि प्रेरित र प्रभावित हुँदै गएँ । त्यसैले भन्न सकिन्छ । अहिले पनि म आफ्नै समाज, देश, परिवेश, वातावरण विभिन्न स्थिति र परिस्थितिबाट प्रेरित र प्रभावित भइ रहेकोछु । (ऐजन्)

अतः नरेन्द्रराज पौडेलको साहित्य लेखन सिर्जनामा आफ्नो परिवार, समाज, तत्कालीन परिवेश र वातावरणका अतिरिक्त राष्ट्रिय नवचेतनाले समेत प्रेरित र प्रभाव पारेको स्पष्ट देखिन्छ ।

## २.३ आजीविका

पहाडको सम्पन्न र प्रतिष्ठित पारिवारिक पृष्ठभूमिमा जन्मिहुर्केका नरेन्द्रराज पौडेलका बाबुआमाको पारिवारिक कुशलताले गर्दा अध्ययनका क्रममा कुनै बाधा नपरेको देखिन्छ । उनले अध्ययनलाई छोडेर कतै जागिरमा भौतारिनु परेन तापनि आफ्नो अध्ययन समाप्त गरेपछि उनी २०३२ तिर अस्थायी रूपमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत महाराजगञ्ज क्याम्पसमा एकवर्ष जति प्राध्यापन पेशामा संलग्न रहेको जानकारी पाइन्छ । २०३२ सालमा लोकसेवा आयोग पास गरेपछि नेपाल सरकारले प्रशासन सेवा अन्तर्गत

भूमिसुधार मन्त्रालयको शाखाअधिकृतका रूपमा उनले निजामति सेवाबाट जागिरे जीवन सुरुवात गरेको बुझिन्छ । (कोइरालाः २०५८)

सर्व प्रथम दैलेख जिल्लाबाट निजामति सेवा प्रवेश गरेका पौडेलले जागिरका क्रममा २०३७ देखि २०४६ सम्म स्थानीय विकास अधिकारी पदमा रहेर काम गरेका र त्यसपछि नेपाल सरकारको गृहमन्त्रालय अन्तर्गत प्रमुख जिल्ला अधिकारीका रुपमा विभिन्न जिल्लाहरु भ्रमण गरेको जानकारी पाइन्छ भने हाल आएर सरकारी सेवावाट निवृत्त भई जीवन विताइरहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

अतः मिहिनेत र लगनशीलताका साथ अध्ययन पूरा गरी जीविकोपार्जनका लागि जागिरे पेशा अपनाएका पौडेल साहित्य क्षेत्रमा पनि कुशल व्यक्तित्वका रूपमा देखिन्छन् ।

## २.४ भ्रमण, सम्मान तथा पुरस्कार

### २.४.१ भ्रमणः

नरेन्द्रराज पौडेलले नेपालका अधिकांश जिल्लाका अतिरिक्त विभिन्न सिलसिलामा छिमेकी राष्ट्रहरुका विभिन्न ठाउँहरुको पनि भ्रमण गरेको जानकारी पाइन्छ । उनले जागिरको क्रममा अधिकृत एवम् प्रमुख जिल्ला अधिकारी हुँदा दैलेख, नवलपरासी, पाल्पा, नुवाकोट, धनकुटा, अछाम, इलाम, लमजुङ, सर्लाही, सल्यान, भोजपुर, धादिङ, महोत्तरी, दोलखा, प्यूठान, तनहुँ, कैलाली, कास्की आदि जिल्लाको भ्रमण गरेको देखिन्छ । नेपालका अतिरिक्त उनले अन्य केही देशको बैदेशिक भ्रमण पनि गरेको जानकारीमा आउँछ । अध्ययन भ्रमणका क्रममा २०५७ भाद्र २१ देखि असोज ११ सम्म उनले सिङ्गापुरको भ्रमण गरेको बुझिन्छ भने २०५७ मै जापानको टोकियो, ओशाका, नागोया, आदिको भ्रमण गरिसकेको जानकारी प्राप्त हुन्छ । भ्रमणको क्रममा चीन, अमेरिका, भारतका दिल्ली, वनारस, लखनउ, हरिद्वार, बम्बै, हैदरावाद, कलकत्ता, मसुरीजस्ता ठाउँहरुको पनि भ्रमण सम्पन्न गरेको बुझिन्छ । (दाहालः २०६६)

यसरी पौडेलले आफ्नो जीवनको प्रशासनिक कार्यकालमा नेपालका विभिन्न ठाउँहरुको भ्रमणका साथै देश बाहिर पनि विभिन्न सिलसिलामा भ्रमण गरेको जानकारी पाइन्छ । उनले आफूले गरेका त्यस भ्रमणबाट सिधै साहित्य लेखनका लागि प्रशस्त मात्रामा अनुभवहरु बटुलेको देखिन्छ ।

### २.४.२ सम्मान र पुरस्कार

२०२२-२३ सालदेखि आफ्नो साहित्यिक प्रतिभा प्रकाशनमा ल्याएका पौडेल हालसम्म पनि साहित्य सिर्जनामा निरन्तर लागिरहेका छन् । उनले आफ्नो स्रष्टा व्यक्तित्वका बलमा विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जना र वक्तृत्वकला प्रतियोगिताहरुमा विभिन्न पुरस्कारहरु प्राप्त गर्दै आएको जानकारी पाइन्छ । क्याम्पस स्तरमा अध्ययन गर्दा पौडेलले राष्ट्रिय स्तरका कविता प्रतियोगिताहरुमा भाग लिएर धेरै पुरस्कार प्राप्त गरेका छन् । विद्यार्थी जीवनदेखि नै आफ्नो साहित्यिक यात्रा शुरु गरेका पौडेलले विरसा भट्टराई हास्यव्यङ्ग्य लेखन पुरस्कार (२०५२) र ताम्रपत्र पाएका छन् । त्यस्तै स्रष्टा सम्मान समारोह समितिद्वारा सम्मानपत्र, निःशुल्क शिक्षा सेवा समिति सिन्धुपाल्चोकद्वारा कदरपत्र, नेपाल महिला सङ्गठनद्वारा आयेजित (निवन्ध र कविता) प्रतियोगितामा प्रथम, द्वितीय भई पुरस्कार र पदक पाएका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित अधिराज्यव्यापी कविता, निवन्ध प्रतियोगितामा प्रथम, द्वितीय, र तृतीय बनेर पटक-पटक पुरस्कार प्राप्त गरेका छन् । त्यसैगरी अन्य विद्यार्थी सङ्गठन र युवक सङ्गठन, युवामहोत्सव, परिवार नियोजन संघ आदि संघसंस्थाद्वारा आयोजित कार्यक्रममा उनले विभिन्न पुरस्कार र पदकबाट सम्मानित भएका छन् । पौडेलले २०५६ सालमा स्व. श्री वीरेन्द्रविरविक्रम शाहदेवबाट प्रबल गोरखा दक्षिणबाहु चौथो पदक, सुनकोशी साहित्यप्रतिष्ठानद्वारा प्रतिभा पुरस्कार (२०५८), भैरव पुरस्कार गुठिद्वारा भैरव हास्यव्यङ्ग्य पुरस्कार (२०५९), स्व. कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानद्वारा सम्मानित (२०६०), हास्यव्याङ्ग्य समाज नेपाल (हासन) द्वारा सम्मानित (२०६३), पल्लव साहित्य विविध चितवनद्वारा सम्मानित (२०६२), हाम्रो मझेरी साहित्य प्रतिष्ठान चितवनद्वारा सम्मानित (२०६३) भएर आफ्नो छुट्टै साहित्यिक व्यक्तित्व बनाउन सफल स्रष्टा भएको कुरा स्वतः सिद्ध हुन्छ ।

अतः उपर्युक्त पदक, पुरस्कार र सम्मानका अतिरिक्त हालसम्म पनि पौडेललाई अनगिन्ती साहित्यिक तथा समाजिक प्रतिष्ठानद्वारा मानसम्मान लगायत पदक, पुरस्कार दिने क्रम जारी नै रहेको देखिन्छ ।

## २.५. नरेन्दराज पौडेलको साहित्यिक व्यक्तित्वका विविध पक्षहरु

नरेन्द्रराज पौडेल बहुमुखी प्रतिभावान् साहित्य स्रष्टा हुन् । पौडेलले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनी कथा, कविता, हास्यव्यङ्ग्य, निवन्ध, नियात्रा

र समालोचना विधामा कलम चलाउँदै आएका छन् । पौडेलको साहित्यिक व्यक्तित्वका विभिन्न पक्षलाई तल चर्चा गरिएको छ :

### २.५.१. कथाकार नरेद्रराज पौडेल

नेरेन्द्रराज पौडेल नेपाली साहित्यमा सामाजिक यथार्थवादी कथाकारका रुपमा चर्चित प्रतिभा हुन् । उनको कथा लेखनको सुरुवात २०२७ सालमा **गोरखापत्र**मा **सपना टुसाएको ढुङ्गा माथि** शीर्षकको कथा प्रकाशन गरी भएको हो । ( शोधनायकबाट प्राप्त जानकारी) विभिन्न पत्रपत्रिकामा छिटफुट रुपमा कथाहरु प्रकाशित भए तापनि २०५२ सालमा मात्र **मेटिएका रेखाहरु** नामक कथासङ्ग्रह **रत्न पुस्तक भण्डार**बाट प्रकाशित पहिलो कथासङ्ग्रह हो । त्यसपछि लगत्तै **फट्टिकको खम्बा** (२०५३) एवम् केहि वर्षको अन्तरालमा **पर्खाल बाहिर** (२०५८) र **स्वप्नयात्रा** (२०६२) जस्ता कथासङ्ग्रह प्रकाशित भैसकेका छन् भने केही प्रकाशनको तयारीमा रहेको बुझिन्छ । (ऐजन्)

पौडेलका चारवटा प्रकाशित कथासङ्ग्रहहरु छन् । जसमा पहिलो कथासङ्ग्रह **मेटिएका रेखाह** (२०५२) हो । यसलाई **साझा प्रकाशन**ले प्रकाशित गरेको छ । यस कथा सङ्ग्रहमा जम्मा २० वटा कथाहरु समावेश छन् । यस कथा सङ्ग्रहमा सामाजिक दृष्टिले उपेक्षित र आर्थिक तथा मानसिक रुपले शोषित समाजका व्यक्तिहरुको विवशतालाई यथार्थ रुपमा चित्रण गरिएका छन् ।

**फट्टिकको खम्बा** (२०५३) पौडेलको दोस्रो कथासङ्ग्रह हो । यसलाई **नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान**ले प्रकाशित गरेको छ । यसमा जम्मा २५ वटा कथाहरु समावेश गरिएका छन् । जसमा ती **दुइटी आइमाई, अपरिचित गाउँतिर, आशङ्काको त्योरात, जलातङ्क, बजीरजंग काजी फेरी बम्मै गए र बिरोधाभास** कथाहरु **मेटिएका रेखाहरु** कथासङ्ग्रहमा पनि समावेश भएका छन् । यस सङ्ग्रहका कथाहरुमा अन्य कथाहरुमा झै जीवनका भोगाइ र अनुभूतिको यथार्थपरक अभिव्यक्ति पाइनुका साथै कही प्रशासनिक यात्राका क्रममा देखेभोगेका दृश्यविम्व र अनुभूतिहरुमा कही सामाजिक यथार्थको जीवन्त भोगाई, कहाँ यौनिक कथ्यका तरल प्रस्तुति र कही मान्छेका वैयक्तिक कमजोरी एवम् मनोदशाहरु प्रमुख अन्तर्वस्तु हुन् ( गौतमरु २०६३) भन्ने समीक्षक लक्ष्मणप्रसाद गौतमको टिप्पणीमा सहमति जनाउन सकिन्छ ।

**पर्खाल बाहिर** (२०५८) पौडेलको तेस्रो कथासङ्ग्रह हो । यसलाई **साझा प्रकाशन**ले प्रकाशित गरेको छ । यसमा जम्मा १७ वटा कथाहरु समावेश रहेका छन् । यस सङ्ग्रहका कथाहरुमा सामाजिक यथार्थ प्रस्तुतिको क्रममा रतिरागतिर नजिकिएका सामाजिक विषयवस्तु समेटिएका छन् । (साझा प्रकाशनः २०५८ं यसका साथै आर्थिक विपन्नता र गरिबीका कारणले मान्छेले भोग्नु परेका सङ्कट, समाजका विभिन्न सामाजिक प्रशासनिक भूमिका निर्वाह गर्ने र बाहिरबाट हेर्दा सज्जन, सहयोगी कर्तव्य परायण देखिने पुरुषहरुको मनभित्रको फोहोरी र अपराधी कुप्रवृतिका साथै कुरुति प्रशासनिक भ्रष्टचारिता र राजैतिक विकृति एवम् प्रेम प्रणय जस्ता कुराहरुलाई पनि समावेश गरिएको पाइन्छ । (कोइरालाः २०६३)

**स्वप्नयात्रा** (२०६२) नरेन्द्रराज पौडेलको चौथो कथा सङ्ग्रह हो । यसलाई **साझा प्रकाशन**ले प्रकाशित गरेको छ । यसमा जम्मा १८ वटा कथाहरु सङ्कलन गरिएको छ । यस सङ्ग्रहका कथाहरुमा आधुनिक जीवनका विविध पक्ष र मोडलाई दर्शाउने खालका विषयवस्तु रहेका छन् । विशेष गरेर यौनजीवी छाडापनमा रमाउने मान्छे, जेलजीवन विताएकाहरुको मानसिकता र व्यवहार, नारी चरित्रभित्र लुकेका स्वच्छन्दता, कठोरता र कोमलता जस्ता विविध रूप, आधुनिक युगमा मान्छेलाई उदास र कुण्ठित गराउने भौतिक परिवेश, विकास र सञ्चारप्रविधिका कारणले ग्रामीण जीवनमा आउन थालेका सङ्क्रमणकालीन अवस्था, त्यसबाट बालबृद्ध र तरुणहरुका मनमष्तिकमा आउन थालेको परिवर्तन र सोचहरु, विदेशी संस्कार र संस्कृतिको डसाइलाई सभ्यताको प्रमाणपत्र सम्झन थालेका युरोप, अमेरिकातिर नवप्रवेश गरेका नेपाली युवाहरुको दिनचर्या, सुविधाका आधुनिक साधनको प्रयोगमा हुने हाम्रो लापर्वाही, त्यसबाट लाभ उठाउन खोज्ने अपराधी प्रवृत्ति र अस्तित्वबोधका साथै चरित्रवान् कर्मचारीको अवकाश पछि पैदा हुने लघुताभास तथा भ्रष्ट कर्मचारीका अवचेतनमा प्रकट हुने आपराधिक झिल्काले ल्याउने पीडाबोध, सम्भ्रान्त देशका दिग्भ्रान्त युवायुवतीहरुका कथाव्यथा र विद्रोही र सुरक्षाकमीहरुको द्वन्द्वमा जीवन गुमाउन विवश सर्बसाधरणका बाध्यता जस्ता विषयलाई आधार बनाएर लेखिएका यी कथाहरु समसामयिक र यथार्थपरक छन् ।-भन्दै प्रकाशकीयले टिप्पणी गरेका छन् । (साझा प्रकाशनः २०६२) कथाकार नरेन्द्रराज पौडेल नेपाली कथा विधाका क्षेत्रमा तीसको दशक यताको सशक्त हस्ताक्षरका पङ्क्तिमा

टड्कारो रुपले देखापर्न आएका युवा उत्कृष्ट कथाकार मानिन्छन् । (नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानस् २०५३)

अतः विगत साँढे तीनदशक देखि निरन्तर रुपमा कथा लेखनमा संलग्न पौडेलका कथाहरु विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित गरी कथा सङ्ग्रहको रुपमा चारवटा कथासङ्ग्रह प्रकाशित भएका छन् र बाँकी प्रकाशनको क्रममा रहेको छ । पौडेलका कथाहरुमा समाजिक यथार्थका साथै जीवनका हीनक्षुद्र भावना, विपन्न आर्थिक अवस्थामा देखापर्ने समस्या, नारी र पुरुष दुबैको मनोवैज्ञानिक रूपमा चित्रण, नेपाली समाजका ग्रामीण र सहरिया परिवेशमा देखापर्ने विसङ्गति-विकृति, प्रेम प्रणय, सरकारीक्षेत्रमा देखापर्ने गलत कार्यप्रति तीब्र व्याङ्ग्य, निम्नवर्गीय समाजका मानिसले जीवनयापन गर्दा देखापरेका कठिनाइजस्ता विविध विषयवस्तु समाविष्ट भएका छन् । पौडेल ग्रामीण, सहरिया, राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशका विषयवस्तु लिएर कथालेख्ने आधुनिक नेपाली साहित्यको कथा विधाको समसामयिक युगका एक विशिष्ट प्रतिभा हुन् ।

### २.५.२. कवि नरेन्द्रराज पौडेल

नरेन्द्रराज पौडेल २०२२ सालमा **दशैं आयो**, कविता लेखेर साहित्यको फाँटमा कविता विधामा उदाएका भए तापनि प्रकाशित पहिलो कवितको रूपमा **भेरीको छाल** ( २०३४) लाई लिइन्छ । (शोधनायकबाट प्राप्त जानकारी) विभिन्न पत्रपत्रिकामा छिटफुट रुपमा कविताहरु प्रकाशित भए तापनि हालसम्म उनका दुईवटा कवितासङ्ग्रह **छरिएका टुक्राहरु** (२०३९) र हस्ताक्षर (२०६०) प्रकाशित भएका छन् ।

**छरिएका टुक्राहरु** (२०३९) पहिलो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा प्रकाशित कविताहरु मुद्राराक्षस पारामा छापिएका छन् । तिनै कविता र लगभग २१ वर्षको अन्तरालमा लेखिएकाअन्य कविताहरुलाई लिएर दोस्रो कविता सङ्ग्रह **हस्ताक्षर** (२०६०) प्रकाशन भएको देखिन्छ । समग्रमा **हस्ताक्षर** शीर्षकको प्रस्तुत कवितासङ्ग्रह प्रगीतात्मक कविता सँगालो हो । ( लुइटेल; २०६०) यसमा **छरिएका टुक्राहरु** कविता सङ्ग्रहको ३८ र बाँकी अरु गरी जम्मा ५६ वटा कविताहरु रहेका छन् । (ऐजन्)

अनेक विषयवस्तु एवम् भावलाई चयन गरी कविता लेख्ने पौडेलको कविताहरुमा प्रेमको अभिव्यक्ति  पाइन्छ । आफ्ना कवितामा राष्ट्रप्रेम र मानवप्रेम दुबैलाई हार्दिकतापूर्वक प्रस्तुत गर्ने पौडेलका कवितामा युवासुलभ, प्रेमाकर्षण, यौन कामवासना जस्ता भावना व्यक्त

भएका छन् । खासै कालगत भिन्नता नपाइने पौडेलका कविताहरुमा विविध विषयवस्तुको चित्रण, शैलीमा परिष्कार, संरचनागत विविधता, विम्व र प्रतीकको प्रयोग, देशप्रेम, प्राकृतिक सौन्दर्यको चित्रण, यौवनको वर्णन, प्रशासनिक संयन्त्र र संस्कारप्रति तीव्र व्यङ्ग्य जस्ता विशेषता बोकेर गद्य शैलीमा प्रस्तुत गरिएको छ ।

अतः साहित्यिक जीवनको लामो अन्तरालमा जम्मा दुईवटा कवितासंग्रह प्रकाशित गरेका पौडेलले जुनसुकै विषयमा पनि कविता लेख्न सकिन्छ भन्ने कुरा प्रामाणित गरिदिएका छन् तर उनको कवि व्यक्तित्व खासै फस्टाएको भने मान्न सकिँदैन् ।

### २.५.३. निवन्धकार नरेन्द्रराज पौडेल

नरेन्द्रराज पौडेलको साहित्यिक यात्राको थालनी कविता विधाबाट भए पनि एक सशक्त हास्यव्यङ्ग्य निवन्धकारका रुपमा सफल रहेको देखिन्छ । २०२५ सालमा **कमीज सुरुवाल लगाएको नयाँ सडक** नामक हास्यव्यङ्ग्य निवन्ध गोरखापत्रमा प्रकाशित भएपछि उनको साहित्यिक यात्राको प्रारम्भ हुन्छ । (शोधनायकबाट प्राप्त जानकारी) पौडेल खास गरी नेपाली निवन्धका क्षेत्रमा हास्यव्यङ्ग्य निवन्धफाँटमा बढी चर्चित देखिन्छन् । व्यङ्ग्यात्मक निवन्धका रूपमा पौडेलको **पियन बहादुरको अन्तरिक्ष यात्रा** (२०३७) पहिलो निबन्ध मानिन्छ । पौडेलका निवन्धहरु विभिन्न पत्रपत्रिकामा छिटफुट रूपमा प्रकाशित भए तापनि हाल सम्म उनका पाँचवटा निवन्धसंग्रहहरु प्रकाशित भैसकेका छन् । २०४१ सालमा प्रकाशित **घरभित्रको गाईजात्रा** पहिलो निवन्धसङ्ग्रह हो भने त्यसपछि क्रमशः **विहेको निम्ता** (२०४४), **मङकीस्टेट याने वानर राज्य** (२०५१), **प्रमुख अतिथि हुनको आनङ्क** (२०६४), र **छुटेको छाता** (२०६६) रहेका छन् ।

**घर भित्रको गाई जात्रा** (२०४१) पहिलो निबन्धसङ्ग्रह हो । यसमा जम्मा १६ वटा हास्यव्यङ्ग्य निबन्धहरु समावेश रहेका छन् । **घर भित्रको गाई जात्रा** शीर्षकबाट निबन्धकार वर्तमान स्थितिप्रति तीव्र विमति राख्दछन् भन्ने प्रष्ट देखिन्छ । यस कृतिमा घरलाई घरको रुपमा मात्र नलिइ देशको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गरी गाईजात्रा ऐतिहासिक विम्वको रुपमा प्रस्तुत भएको सङ्ग्रह हो । जसले सामाजिक कुसंस्कार र अन्ध परम्पराप्रति असहमति जनाउँछ, विद्रोह गर्छ । यस सङ्ग्रहमा समावेश निवन्धहरुले यस्तै सामाजिक वेथितिको विरुद्धमा मोर्चा कस्छन्, दाँत किट्कटाउँछन्, नारी निमोट्छन्, ( असफलस २०६३)

**विहेको निम्ता** (२०४४) पौडेलको दोस्रो निवन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १५ वटा निवन्धहरु समावेश रहेका छन् । यस सङ्ग्रहमा रहेका निवन्धहरुले समाजमा सरकारी जागिरले सहरमा, गाउँमा, परिवारमा तथा व्यक्ति चरित्रमा देखापर्ने वेथिति, विसङ्गति, आडम्बर, विकृति र बेढङ्गेपनको यथार्थ चित्र उतारेको पाइन्छ । (नेपालः २०६३)

**मङ्कीस्टेट याने वानरराज्य** (२०५१) पौडेलको तेस्रो निवन्ध सङ्ग्रह हो । यसमा जम्मा २६ वटा निवन्धहरु समावेश रहेका छन् । यस सङ्ग्रहमा रहेका निबन्धहरुमा विश्वसत्ता र दक्षिण एसियाली कुनै देशको आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक वस्तुवाद पाउन सकिन्छ । (गाँखालीः २०६३)

**प्रमुख अतिथि हुनुको आतङ्क** (२०६४) पौडेलको चौथो निवन्धसङ्ग्रह हो । यसमा जम्मा १७ वटा निवन्धहरु समावेश रहेका छन् । यस सङ्ग्रहमा रहेका निबन्धमा मान्छेका वैयक्तिक कमजोरी, सामाजिक क्षेत्रमा देखिएका बिबल्यौटा परिस्थितिहरु, राजनीतिक क्षेत्रमा देखिएका अराजकता र अव्यवस्था, प्रशासनिक क्षेत्रमा देखिएका सङ्गतिहीनता, आर्थिक क्षेत्रमा देखिएका अनुशासनहीतना, साहित्यिक क्षेत्रमा देखिएका विदूषकीयता, देशको राज्य व्यवस्थामा देखिएका खलनायकी प्रबृति र समग्रमा यावत् विकृति र विसङ्गति प्रति उपहास्यात्मक किसिमले तीब्र व्यङ्ग्यको झटारो हानेका छन् । (गौतमः २०६४)

**छुटेको छाता** (२०६६) पौडेलको प्रकाशित हास्यव्यङ्ग्य निवन्ध अन्तर्गत पाँचौ सङ्ग्रह हो । यसमा जम्मा २५ वटा निवन्धहरु समावेश छन् । यस सङ्गग्रहमा रहेका निवन्धहरुमा सामाजिक, राजनीतिक जीवनमा परिवर्तन देखिएपनि लेखिएपनि एउटा धिङ्न्याइ, अन्धता र मूर्खता चारैतिर व्याप्त छ भन्ने कुरालाई देखाइएको छ । ( भट्टराईः २०६६ )

अतः विगत चार दशकदेखि निवन्ध लेखनमा सक्रिय रहेका पौडेलको निवन्ध यात्रा अझैं परिपक्क बन्दै अगाडि बढ्न सक्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामाजिक राजनैतिक, प्रशासनिक जस्ता विविध क्षेत्रका विषयवस्तुलाई समेटेर लेखिएका उनका हास्यव्यङ्ग्य निवन्धहरु ज्यादै उत्कृष्ट हुनुका साथै पौडेललाई उत्कृष्ट निवन्धकारहरुको पंक्तिमा उभ्याउन सक्नेखालका देखिन्छन् ।

### २.५.४. नियात्राकार नरेन्द्रराज पौडेल

नरेन्द्रराज पौडेलले साहित्यका फाँटमा आफूलाई नियात्राकारका रूपमा पनि चिनाएका छन् । नेपाली साहित्यको निवन्ध विधाकै रुपमा स्विकारिँदै आएको यात्रासंस्मरण वा नियात्रा लेखनका क्षेत्रमा सशक्त हस्ताक्षरका रूपमा परिचित साहित्यकारहरुकै सूचिमा पौडेलको नाउँ पनि जोडिन आउँछ । सर्व प्रथम २०३२ -३३ सालतिर **बाबुसाहेवको घोडा** र **कालिजको सिकार** नियात्रा लेखेका पौडेलको पहिलो नियात्रा संग्रह २०४७ सालमा **छडुङ्गको जङ्गलमाहराउँदा** प्रकाशित हुन पुग्दछ । यसमा १३ वटा नियात्राहरु समावेश रहेका छन् । यस सङग्रहमा रहेका नियात्राहरुमा पौडेलले जागिरको सिलसिलामा नेपालका विभिन्न भाग र जिल्लामा बटुलेको अनुभव एवम् नेपालको भौगोलिक वनौट, सामाजिक, आर्थिक, शैक्षिक सांस्कृतिक लगायत सम्पूर्ण जनजीवनको यथार्थ चित्र प्रस्तुत गरिएको छ । -खनालस् २०६३)

पौडेलको दोस्रो नियात्रा सङ्ग्रहको रुपमा २०६० मा **एलो सी माथिको साँझ** संस्मरणात्क निवन्ध संग्रह प्रकाशन हुनपुगेको छ । यस संस्मरणात्मक निबन्धसङग्रहमा जम्मा १४ वटा संस्मरणात्मक निवन्धहरु समावेश रहेका छन् । यस सङ्ग्रहमा सङ्गृहित संस्मरणहरुमा जीवनमा देखापरेका अन्योलग्रस्त परिवेश र परिस्थितिमा भोगेका युगीन चेतनाको विविध पाटा, त्यसमा देखापरेका बग्रेल्ती प्रकृतिको सुरम्य, उदात्ततर कहिले शुष्क र उजाड तथा भयावह भीर पाखा अनि कर्तव्य बोधका स्वरलहरीहरुको मनमोहक सुसेली अगाडि उभिएर जनजीवनको व्याख्या विश्लेषण गरेको देखिन्छ । (काफ्लेस् २०६३)

पूर्व मेची देखि पश्चिम महाकालीसम्मको नेपालको भौगोलिक वातावरणको जीवन्त चित्रण उनका नियात्रापरक रचनामा पाइन्छन् । कागवेनीको उकालो होस् वा तमोरको भीर सबै ठाउँको चित्रण बराबरी रूपमा गरेको देखिन्छ । तराईको सम्म फाँट होस वा हिमालको फेदीहरु, अरुण नदीको वगर होस वा नारायणी नदीको भङ्गलाहरु सबै ठाउँका यथार्थ वर्णन उनका नियात्राहरुमा पाइन्छन् । मुक्तिक्षेत्रको वर्णनहोस् वा पाथीभरा देवीको सबै यात्रा स्थलहरुको सजीव चित्रणको विशिष्ट क्षमता उनमा पाइन्छ । नेपाल र नेपालीहरुको विपन्नता, आधापेट खाएर दिन विताउने र लाज ढाक्नका लागि एकधरो लगाउन नपुग्ने नेपालीहरुको अनुहारमा उनका आँखा र लेखनी पुगेको देखिन्छ । (कोइरालास् २०५८) विदेशीले गरेको नेपाल र नेपालीप्रतिको माया, विदेशमा नेपलीले गर्ने कुकृत्य र

नेपालीदेखि नेपाली नै डराउनु पर्ने अवस्था, जङ्गलमा नै बसी आफ्नो जीवन निर्वाह गर्ने राउटे जातिमा रहेको आत्मीयता निश्च्छलपन र आफूप्रतिको स्नेहशील व्यवहार पनि पौडेलले जस्ताको तस्तै उतारेको जानकारी पाइन्छ । गाउँको रहन- सहन, वातावरण, चलनचल्ती, धर्म, चाडपर्व , विहे, व्रतवन्ध आदि संस्कारहरुको राम्रो वर्णन गर्ने पौडेलले कतै कतै आफ्ना संस्मरणात्मक लेखहरुमा यौन विकृति र ठट्टाका कुराहरु गरेर युवा र वैधव्य महिलाका कुण्ठा र युवा वर्गमा हुने रागात्मक प्रवृत्तिको चिरफार गर्ने काम गरेका छन् । ( ऐजन्)

अतः आफ्ना संस्मरणात्मक निवन्धहरु मार्फत नियात्राकार पौडेलले सामाजिक विकृति, विसङ्गति, कुरीति, वर्गीय र जनप्रतिनिधिहरुको दुष्टचरित्र यथार्थ रुपमा प्रस्तुत गर्न सफल भएकैले सशक्त नियात्राकार मानिन्छन् ।

### २.५.५. समालोचक नरेन्द्रराज पौडेल

नेपाली साहित्यको विविध विधामा कलम चलाउने नरेन्द्रराज पौडेलले २०३३/ ३४ देखि समालोचना तर्फ पनि कलम चलाएको जानकारी पाइन्छ । २०३४ सालको **मधुपर्कमा नेपाली साहित्यमा हास्यव्यङ्ग्य** लखेर समालोचना तर्फ प्रवेश गरेका पौडेलले २०४२ मा **सप्त पल्लव** समालोचना सङ्ग्रह प्रकाशित गरेर आफ्नो उपस्थिति जनाएको पाइन्छ । (शोधनायकबाट प्राप्त जानकारी) यो उनको एकमात्र समालोचनात्मक कृति हो । यसमा उनले जम्मा सात (७) वटा समालोचनात्मक लेखहरु लेखेका छन् । ती रचनाहरुमा विशेष गरेर कवि र कविताको एवम् आंशिक रुपमा उपन्यासको विशेषताहरुमाथि प्रकाश पार्ने काम गरेका छन् । कविताको भाषामा कालिदास, होमर हुँदै नेपाली साहित्यका मोहन कोइरालासम्मका कविहरुको काव्यप्रवृत्ति र कवितात्मक भाषाको चर्चा गर्दै पौडेलले सोमनाथ संस्कृतको दलदलमा फसेर र देवकोटा भावनामा दौडिएको कारणले उनीहरुका काव्यकृतिहरु दुरुह बन्दै गएको तथ्य प्रस्तुत गरेका छन् । पौडेलले नेपाली साहित्यका प्रबुद्ध कविहरुले पनि कवितामा पाठकहरुका लागि बोधगम्य भाषाको प्रयोग नगरेका हुनाले काव्यकृतिहरु अझ दुरुह बग्दै गएको तथ्य पनि अगाडि सारेका छन् । नेपाली साहित्यमा प्रयोगबादी धाराको सूत्रपात गर्ने कवि मोहन कोइरालाको कावितात्मक भाषको चर्चा गर्दै दुबोध्य भाषा, प्रसङ्गविहीन तथ्यले गर्दा हिजो आजका प्रयोगवादी कविहरुका काव्यरचनाहरु अझ बुझ्न कठिन भएको तर्क अगाडि सारेका छन् । उनले आफ्नो **सप्तपल्लव** समालोचनासंग्रहमा भानुभक्त, लेखनाथ, सिद्धिचरण र व्यथितका प्रसङ्गहरु

केलाउँदै कविता, उपन्यास, महाकाव्य आदि सबै विधाका राम्रा नराम्रा पक्षहरुप्रति वरिष्ठ समालोचकहरुले व्यक्त गरेका धारणा समेत प्रस्तुत गर्ने काम गरेका छन् । ( कोइरालाः २०५०)

अतः नरेन्द्रराज पौडेल २०३४ सालको मधुपर्कमा **नेपाली साहित्यमा हास्यव्यङ्ग्य** लेखेर समालोचना क्षेत्रमा प्रवेश गरेतापनि आजसम्मको लामो साहित्यिक यात्रामा उनको एकमात्र समालोचनासंग्रह **सप्त पल्लव** (२०४२) प्रकाशित भएको देखिन्छ । साहित्यका अन्य विधामा प्रसिद्धि कमाएका पौडेलको लामो साहित्यिक यात्राका क्रममा एउटै मात्र समालोचनात्मकसंग्रह प्रकाशित हुनाले उनले अन्य विधाका तुलनामा यस विधामा खासै उपलब्धि प्राप्त गर्न सकेका देखिदैनन् तर उनको साहित्यिक यात्रामा पूर्णविराम नलागेकाले आगामी दिनमा त्यो प्रतिभा फस्टाउँदै एवम् फक्रदै जान सक्ने सम्भावना भने स्पष्ट रूपमा देखिन्छ ।

यसरी नरेन्द्रराज पौडेलको बहुमुखी व्यक्तित्व साहित्य क्षेत्रमा क्रियाशील देखिन्छ तर मूल रुपमा भने उनको व्यक्तित्व साहित्यकारका रुपमा चर्चित छन् । हाल पनि पौडेल साहित्यकै क्षेत्रमा निरन्तर कलम चलाईरहेका छन् ।

# परिच्छेद - तीन

## नरेन्द्रराज पौडेलको साहित्यिक यात्रा तथा कथागत प्रवृत्ति

### ३.१. नरेन्द्रराज पौडेलको साहित्यिक यात्राको काल विभाजन

नरेन्द्रराज पौडेलले आफ्नो, साहित्यिक यात्रा **दशैं आया'** (वि.सं. २०२२) कविता लेखेर थालनी गरेका हुन । कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरेका पौडेलको साहित्यिक यात्रा कविता, कथा, हास्यव्यङ्ग्य निवन्ध, नियात्रा, समालोचना हुँदै चार दशक अघिदेखि निरन्तर अगाडि बढिरहेको देखिन्छ । पौडेलको साहित्य लेखन २०२२ सालबाट सुरुवात भए तापनि २०३९ सालबाट मात्र पुस्तकाकारका रूपमा पाठक सामु आएका छन् । हालसम्म उनका **छरिएका टुक्राहरु** (२०३९) र **हस्ताक्षर** (२०६०) दुईवटा कवितासंग्रह प्रकाशित छन् भने **घरभित्रको गाई जात्रा** (२०४१) **विहेको निम्ता** ( २०४४) **मङ्की स्टेट याने वानर राज्य** (२०५१) **प्रमुख अतिथि हुनुको आतङ्क** (२०६४) र **छुटेको छाता** (२०६६) हास्यव्यङ्ग्य निवन्धसङ्ग्रह, सप्त पल्लव (२०४२) समालोचना सङ्ग्रह, **छड्डङगको सङ्गल्मा हराउँदा** (२०४७) र **'एलोसी माथिको साँझ'** (२०६०) यात्रा संस्मरणात्मकसङ्ग्रह तथा **मेटिएका रेखाहरु**(२०५२) **फट्किको खम्बा** (२०५३) **पर्खाल बाहिर** (२०५८) र **स्वप्नयात्रा** (२०६२) गरी चारवटा कथासङ्ग्रह प्रकाशित गरेका छन् । वर्तमान समयमा पौडेलका केही रचनाहरु समेत प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइन्छ । (शोधनायक बाट प्राप्त जानकारी)

पौडेलका अप्राप्य रचनाहरुलाई छाडेर हाल प्राप्त प्रकाशित रचनाहरुका आधारमा हेर्दा पौडेल औपचारिक रुपमा सहित्यमा प्रवेश गरेको समय देखि तत्पश्चात् हालसम्म निरन्तर क्रियाशील रहेको देखिन्छ । तसर्थ उनले हालसम्म लगभग चारदशक लामो साहित्यिक यात्रा अवधिसम्म विस्तारित साहित्यिक सिर्जनात्मक कार्यलाई निम्न लिखित दुई चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

क) पहिलो चरण (प्रारम्भदेखि २०४१ साल)

ख) दोस्रो चरण (२०४२ देखि हालसम्म)

**क) पहिलो चरण (प्रारम्भदेखि २०४१ सम्म)**

नरेन्द्रराज पौडेलको साहित्यिक यात्रको प्रारम्भिक चरणका रूपमा चिनिने यस चरणलाई पौडेलको साहित्यिक यात्राको आभ्यासिक चरणका रूपमा लिन सकिन्छ । यस चरण्को थालनी कविता विधाबाट भएको पाइन्छ । २०२२ सालमा **दशैं आयो** कविता लेखेर नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेको जनकारी पाइन्छ । उनको प्रकाशित पहिलो कविता भने **भेरीको छालबाट** (२०३४) मानिन्छ । -दाहालरु २०६६)

फुटकर कविताबाट साहित्यिक यात्राको आरम्भ गर्ने पौडेलले कविता पछि निवन्ध विधामा कलम चलाई नेपाली साहित्यको निवन्ध विधामा हास्य र व्यङ्ग्यले युक्त उत्कृष्ट निवन्धहरु लेखेको जानकारी पाइन्छ । लेखनका दृष्टिले २०२५ सालमा **कमीज सुरुवाल लगाएको नयाँ सडक** नामक निवन्ध देखापर्दछ भने प्रकाशनका दृष्टिले उनको **प्रज्ञा** पत्रिकामा २०२९ सालमा प्रकाशित भएको **म एक युवक वीसौं शताब्दीको** नामक निबन्ध प्रथम निवन्धका रूपमा देखापर्दछ । यस चरणमा उनको एउटा हास्यव्यङ्ग्य निवन्धसंग्रह **घर भित्रको गाइजात्रा** (२०४१) र एउटा कवितासङ्ग्रह **छरिएका टुक्राहरु** (२०३९) प्रकाशित भएको पाइन्छ । (ऐजन)

कविता, निवन्ध हुँदै पौडेलको कलम यस चरणमा कथा विधामा समेत दौडिएको देखिन्छ । यस चरणमा उनका **केही दिन केही क्षण** २०२८ को **मधुपर्क**मा, **आकासको लाली** (२०३२) को **विदेहमा** र **भत्किएका मोडहरु** २०३५ को विदेह पत्रिकामा प्रकाशित भए तापनि कुनै कथासङ्ग्रह भने प्रकाशित भएको पाइदैन (ऐजन)

साहित्यिक यात्राको पहिलो चरणमा नै उत्साजनक उपलब्धि हासिल गरी कविता, हास्यव्यङ्ग्य निवन्ध र कथालेखन तर्फ लागेका पौडेलले ती विधाहरुमा निरन्तरता दिई साहित्यिक यात्रालाई अगाडि बढाउँदै लगेको देखिन्छ । उनका यस चरण्का कविताहरुमा तत्कालिन समयमा देखापरेका निराशा, कुण्ठा, गरिबी, भ्रष्टाचारलाई प्रतिविम्वित गरेको देखिन्छ । निवन्ध तथा कथामा नेपालको प्रशासनिक क्षेत्रमा पाइने विकृति, विसंगति, यथार्थको साथै नेपाली जनजीवन गरिबी, जालभ्mेल, षड्यन्त्र, प्रशासनिक, दाउपेच, नेताका आनीबानी र निर्णय प्रक्रियालाई नजिकैबाट हेरी ती कुराहरुप्रति व्यङ्ग्यविद्रोह भाव व्यक्त गरिएका छन् ।

समग्रमा यस चरणमा पौडेलले कथा विधामाभन्दा कविता र निवन्ध विधामा सफलता प्राप्त गरेका छन् । उनले यस चरणमा भाषिक शुद्धता, शिल्प पष्किार, कृतिगत सचेतता जस्ता कुराहरुलाई समेत ध्यान दिएर साहित्यिक लेखरचना लेखे तापनि उनले यसै चरणमा आफ्नो साहित्यिक व्यक्तित्वलाई चुली प्रदान गर्न भने सकेका छैनन् र उनको यस चरणले आउने दोस्रो चरणलाई भने अवश्य पनि आधारशीलको कार्य गरेको यथार्थलाई नकार्न सकिँदैन ।

**ख) दोस्रो चरण** ( **२०४२ देखि हालसम्म**)

पौडेलको साहित्यिक यात्राको दोस्रो चरणलाई विस्तारित चरणका रूपमा समेत लिन सकिन्छ । साहित्यिक यात्राको प्रथम चरणमै कविता, कथा र निवन्ध जस्ता विधाहरुमा कलम चलाउने पौडेलले यो चरणमा कथा, कविता, निवन्ध लगायत समालोचना र नियात्रा जस्ता अन्य विधाहरुमा समेत कलम चलाउन पुग्दछन् । पौडेलले यस चरणमा पहिलो चरणमा देखापरेका साहित्यिक विधाहरुमा परिमार्जन गर्ने कार्य गरेका छन् भने अर्कातिर स्रष्टा मात्र नभएर कुशल द्रष्टा समेत हुने जमर्को गरेका छन् ।

२०३४ सालको मधुपर्कमा **नेपाली साहित्यमा हस्यव्यङ्ग्य** शीर्षकको समालोचना लेखेर अगाडि बढेका भए तापनि २०४२ सालमा **सप्त पल्लव** समालोचनात्मक लेखहरुको सगालो प्रकाशित भएको देखिन्छ । साहित्यिक सिर्जनाको प्रथम चरण देखि नै कथा विधामा कलम चलाउन थालेका पौडेलको कथाकारिता यस चरणमा आएर निकै मौलाएको देखिन्छ । उनले आफ्नो कथाकारितालाई क्रमिक रूपमा विकसित र परिमार्जन गर्दै **मेटिएका रेखाहरु** (२०५२), **फट्टिकको खम्बा** (२०५३), **पर्खाल बाहिर** (२०५८), **स्वप्नयात्रा** (२०६२) जस्ता चारवटा उत्कृष्ट कथासङ्ग्रह प्रकाशित गरेका छन् । २०३६ देखि हालसम्मको कथाकारितालाई हेर्दा उनका कथहरुमा समाजको यथार्थ चित्रण, स्त्रीहरुको मातृवास्सल्य, सामाजिक कुसंस्कार र परम्पराप्रतिको व्यङ्ग्य, घुसखोरी र कार्यालयका कामकाजमा देखिने ढिलासुस्ती जस्ता कुराहरुको चित्रण पाइन्छ ।

साहित्यिक यात्राको दोस्रो चरणमै पौडेलले निवन्ध विधामा उत्कृष्टता प्राप्त गरेको जनकारी पाइन्छ । उनले यस चरणमा प्रथम चरणमा देखापरेका विशेषताहलाई नै सशक्त रुपमा प्रस्तुत गरेर विविध विषयका निवन्धहरु लेखेर आफ्नो छुट्टै पहिचान कायम गरेका छन् भने अर्कातिर **विहेको निम्तो** (२०४४), **मङ्की स्टेट याने**

**वानरराज्य** (२०५१), **प्रमुख अतिथि हुनुको आतङ्क** (२०६४) र **छुटेको छाता** (२०६६) जस्ता हास्य र व्यङ्ग्यले युक्त भएका निवन्धसंग्रहहरु प्रकाशित गरेका छन् । विशेषतः २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको प्राप्ति पश्चात् खुल्ला रूपमा नै पौडेलले व्यङ्ग्य विद्रोह र हास्यले भरिएका उत्कृष्ट निबन्धहरु लेखेका छन् ।

यस चरणमा निवन्धका अतिरिक्त **छडुङ्गको जंगलमा हराउँदा** (२०४७) र **एलोसी माथिको साँझ** (२०६०) नामक नियात्रासंग्रह समेत प्रकाशित भएका छन् । आफ्नो नियात्रा संग्रहमा उनले आफूले भ्रमणका क्रममा देखेका स्वदेशी तथा विदेशी ठाउँको यथार्थ चित्रण गरी पाठकलाई प्रशस्त मनोरञ्जन प्रदान गरेका छन् । उनले आफ्ना नियात्रापरक लेखहरुमा नेपाल र नेपालीहरुको विपन्न अवस्थाको चित्रण गर्दै आधापेट खाएर दिन विताउने र लाज ढाक्नका लागि एकधरो लगाउन नपुग्ने नेपालीहरुको दयनीय अवस्थाको चित्रण गरेका छन् ।

यसरी नरेन्द्रराज पौडेलको साहित्यिक यात्राको पहिलो चरण भन्दा दोस्रो चरण सख्यात्मक र गुणात्मक दुबै दृष्टिले विस्तारित भई मौलाउँदै अगाडि बढेको देखिन्छ । खास गरी २०४२ साल देखि यताको समयावधिमा देखापरेका समालोचनासंग्रह, कथासंग्रह, नियात्रासङ्ग्रह, हास्यव्यङ्ग्य निबन्धसंग्रहबाट उनको आफ्नो छुट्टै स्थान स्थापित हुन पुगेको देखिन्छ भने नेपाली साहित्यको फाँटमा पछिल्लो पुस्ताका एक सफल कथाकार, कवि, हास्यव्यङ्ग्य निवन्धकार, समालोचक, नियात्राकार बन्न पुगेका छन् ।

## ३.२. नरेन्द्रराज पौडेलका कथागत प्रवृत्तिहरु

नरेन्द्रराज पौडेलले आफ्नो कथा यात्राको प्रारम्भ सपना टुसाएको ढुङ्गा माथि ( २०२७) कथा लेखेर गरेका हुन् । चारदशक लामो अवधि पार गर्दापनि उनी निरन्तर रूपमा कलम चलाउँदै आएको पाइन्छ । पौडेल कथा लेखनमा सक्रिय छन् र उनको कथायात्रा गतिवान् छ । यस्तो गतिवान् यात्रामा रहेका कथाकारको कथाकारिताको सम्पूर्ण लेखाजोखा अहिले गर्ने बेला भएको छैन । (कोइराला; २०६३) उनका चार वटा प्रकाशित कथासङ्ग्रह र विभिन्न साहित्यिक पत्रिकामा प्रकाशित कथाहरुको आधारमा उनको कथागत प्रवृत्तिलाई केलाउने प्रयत्न गरिएको छ-

### ३.२.१. कथ्यगत विविधता र नवीनता

निजामति सेवामा संलग्न कथाकार पौडेल नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको सबै ठाउँमा जानु परेको र त्यहाँको सामाजिक जीवनसँग नजिकिएको देखिन्छ । एउटा सूक्ष्म दृष्टि र संवेदनशील मन भएको कथाकारका लागि यो ठूलो अवसर हो । यसबाट कथाकारले समाजको निरीक्षण राम्ररी गर्न पाएको देखिन्छ र त्यसको प्रत्यक्ष प्रभाव कथामा परेको देखिन्छ । एउटा कर्मचारीले देखेभोगेका, अनुभव गरेका, प्रभावित भएका कुराहरु नै कथामा कथ्य वा विषयवस्तु भएर आएका छन् । यसबाट कथ्यमा विविधता र नवीनता आएको छ । कथ्य तथ्यपरक, आकर्षण र प्रभावकारी हुन पुगेको छ । कथ्यगत विविधता र नवीनताले गर्दानै कथाहरु आकर्षक र पठनीय बनेका छन् पाठक कथा पढेर एकरसताले छटपटाउँदैनन् बरु बहुरस्ताको आस्वादले प्रफुल्लित र आनन्दित हुन्छन् । यहाँ कथ्यगत नवीनता र विविधतासँग सम्बन्धित केही मूल प्रकृतिलाई निम्नानुसार देखाउन सकिन्छ ।

#### ३.२.१.१. यौनमूलकता :

यौनलाई मूलकथ्य बनाएर पौडेलले थुप्रै कथा लेखेको पाइन्छ । उनको **तारिख, लोग्नेको स्वाद, पर्खाल बाहिर, देहवृक्ष, गृहप्रवेश** आदि कथाहरुले यौवन वा रतिराग र तन्जन्य समस्यालाई मूल कथ्य बनाएका छन् । यी कथा मध्ये धेरै कथाले स्त्री पुरुषका व्यभिचारलाई देखाएका छन् । यसरी नेपाली समाजमा नारीहरुको पनि व्यभिचार बढ्दैछ । यसबाट समाज दिनानुदिन सामाजिक मर्यादा, मूल्य र नैतिक दृष्टिले पतनको गतिमा भासिदै छ भनेर कथाले संकेत गरेको देखिन्छ । त्यस्तै समाजका विभिन्न सामाजिक र प्रशासनिक भूमिका निर्वाह गर्ने र बाहिर बाट हेर्दा सज्जन,  सहयोगी, कर्तव्यपरायण देखिने पुरुषहरुको मन भित्रको फोहोरी र अपराधी कुप्रवृत्तिको साथै कुरुचिलाई पनि कथाले उदाङ्गो पारेका छन् । यहाँका पात्रहरु सामाजिक मूल्य, मान्यता र मर्यादासँग डराउँदैनन् । यिनीहरु धीर, संयमी र विवेकशील छैनन् । पुरुष र स्त्री दुबैथरी पात्रको व्यभिचारी चरित्रबाट के झल्कन्छ भने यौनका दृष्टिले यिनीहरु पशुवत् छन् । यही पशु प्रवृतिले नेपाली समाजलाई छाडा संस्कृतितिर, आदिम जङ्गली प्रवृतितिर लैजाँदैछ ।

### ३.२.१.२. मनोविश्लेषणात्मकता

पौडेलले मनोविश्लेषणलाई विषय बनाएर पनि कथा लेखेका छन् । उनको **चौथी, ती दुईटी आइमाई, टिप्पणी** जस्ता कथामा राम्रो तरिकाले मनोविश्लेषणका प्रस्तुति भएको पाइन्छ । कथामा मनोविज्ञानका सिद्धान्तको व्याख्या नभएर पात्रले भोगेका समस्या र त्यसले पात्रका मनमा पारेको असरलाई देखाएकाले चरित्रहरु स्वभाविक जीवन्त र जीवनारुप बनेका छन् ।

### ३.२.१.३. आर्थिक विपन्नता

पौडेलले आर्थिक विपन्नतालाई विषय बनाएर नवीन कथाहरु लेखेका छन् । उनका **पर्खाल, हाट, गुम्सिएकोआवाज,** जस्ता कथाहरुमा आर्थिक विपन्नता वा गरिबीका कारणले मान्छेले भोग्नुपरेको सङ्कटलाई देखाइएको छ भने यस गरिबीमा बाँच्न बाध्य दीनहीन व्यक्ति र गरिबीको कारणले चोर डाका हुन पुगेका अपराधीहरुको चित्रण कथामा गरेका छन् ।

### ३.२.१.४. प्रशासनिक भ्रष्टचारिता, राजनैतिक विकृति

पौडेलले नेपालको समसामयिक राजनीति र प्रशासनिक क्षेत्रमा देखापरेका विकृति विसंगति र विडम्बनालाई कथा बनाएर समसामयिक नेपाली समाजको महत्वपूर्ण अर्को पाटोलाई देखाएका छन् । घुसखाने तर नोकरीको डर मान्ने हीनताग्रन्थी भएको निम्न बेतनभोगी कर्मचारिको भ्रष्टता, पत्नीका धम्कीपूर्ण माग पूरा गर्न घुस खान बाध्य लोग्नेको विवेकहीन र नीरीहता, सताच्यूत भएपछि पर्याप्त घुस खान नसकेको र पछुताइ रहेको स्वार्थी जनप्रतिनिधि, प्रजातान्त्रिक चुनाव पद्धतिमा देखापरेका विकृतिका अघिल्तिर निरीह बनेका कर्मचरीको विवश्ता, प्रजातान्त्रिक शासनव्यवस्थामा विकृत संस्कृतका रुपमा विकसित भइरहेको हत्या, हिंसा र आतङ्कबाट त्रस्त हुन पुगेको निरीह जनतालाई पौडेलका कथाले साँच्चै राम्ररी देखाएका छन् ।

### ३.२.२. यथार्थवादी ढाँचा

जीवनलाई यथावत् रूपमा चित्रण गर्ने ढाँचालाई यथार्थवाद भनिन्छ । स्वाभाविकतालाई नै सुन्दरता वा कला ठान्नु यसको खास विशेषता हो । यथार्थवादी लक्षणहरु पौडेलका कथामा पाइन्छन् । त्यसैले पौडेललाई यथार्थवादी ढाँचा अँगाल्ने कथाकारका रूपमा लिइन्छ किनभने उनले धर्म, नैतिकता, आदर्श आदि रहित

मान्छेको चित्रण गरेका छन् । यथार्थवादी ढाँचाले आफ्नै ढाँचा सुहाउँदो कथानक, पात्र, परिवेश, भाव, भाषाशैली प्रस्तुत गरेका छन् । पौडेलका कथामा प्रयुक्त यथार्थवादी ढाँचाको प्रस्तुति निम्नानुसार रहेको पाइन्छ-

### ३.२.२.१. संरचनागत सरलता

पौडेलका **मारिया, विरामी फूल र ह्याङ्जे नदीको किनार** विदेशी समाजका र बाँकी प्राय सबै कथाहरुमा नेपाली समाजको यथार्थ प्रस्तुति रहेका छन् । यी कथाहरुले नेपाली समाजको भव्य, महान्, आदर्श, उच्च पक्षको चित्रण नगरेर सामान्य, वास्तविक, हीन वा क्षुद्र पक्षको चित्रण गरेका छन् । कथानकलाई रैखिक ढाँचामा क्रमबद्ध रुपमा अगाडि बढाइएको छ। सुरुमा समस्याको परिचय अनि त्यसको विकास र पराकाष्ठ र त्यसपछि संघर्ष र समाप्तिलाई व्यवहारमय र वेगवान् वर्णन क्षमताले सुगठित, सघन र संवेद्य बनाइदिएको छ । यसरी उनले आफ्नो समाज निरीक्षण र व्यक्तिको मनको अध्ययन र अनुभवलाई सरल संरचनाबाट मूर्त पारेका छन् ।

### ३.२.२.२. चारित्रिकसमानता

पौडेलका कथाका चरित्रहरु महान् र विशिष्ट नभएर सामान्य छन् । चरित्र उच्च वर्गका कुलीन, उच्च आर्दश भएका, कर्तव्यका लागि मरिमेट्ने आदर्शवादी सदाचारी छैनन् । चरित्रहरु स्वाभाविक सजीव र जीवनानुरुप छन् । कतिपय कथाहरु चरित्रप्रधान र केही कथाहरु व्यक्तिका रेखाचित्र जस्ता पनि देखिन्छन् ।

### ३.२.२.३. परिवेशगत सवल आधार

पौडेलले नेपालको समसामयिक राष्ट्रिय, सामाजिक, ग्रामीण, सहरिया परिवेश र मानसिक परिवेशलाई आधार बनाएर कथारचना गरेको देखिन्छ । मूलतः पौडेलले सहरिया परिवेशलाई आधार बनाएर थुप्रै कथा लेखेका छन् । स्थानगत दृष्टिले हेर्दा सहरिया गाउँले परिवेश र समयगत दृष्टिले हेर्दा समसामयिक परिवेशद्वारा कथाको रचना गरिएको देखिन्छ । कथाहरु परिवेशगत सबल आधर र स्वभाविकताले गर्दा पत्यारिला, प्रभावकारी र सुन्दर बनेका छन् । कथामा स्थानिय परिवेश बढी मुखरित भएको हुँदा कथाकारको मूलभूत पहिचान बनेको देखिन्छ ।

### ३.२.२.४. दुःखात्मकता

पौडेलका कथाहरुमा प्राय विस्मात, खेद, खिन्नता, दुःख, निराशा, करुणा आदि भावकै प्रधानता छ । हास्य, हर्ष, खुशी, उमङ्ग साहस जस्ता भाव कुनै कथामा आएका छैनन् किनभने जीवनको सुन्दर पक्षको भन्दा असुन्दर पक्षको चित्रणमा पौडेलको रुचि भएकाले यस्तो भएको हो । खासगरी पौडेलले दुःख, पीडा वेदना, अभाव, दैत्य, खिन्नता वितृष्णा, कुष्ठा, हीनता आदि जस्ता जीवनका असुन्दरतामा बाँचेको व्यक्तिको जीवन भोगाइलाई प्रस्तुत गरेकाले भावको सृजना गर्न सफल छन् ।

### ३.२.२.५. भाषाशैलीगत विशिष्टता र मौलिकता

नेपाली भाषाका ज्ञाता पौडेलको कथाका भाषा खारिएको, माझिएको र परिष्कार गरिएको छ भने अर्कातिर बोलीचालकिो स्वाभाविक, जीवन्त, जनमुखी पनि रहेको छ । पौडेलको काव्यभाषा र हास्यव्यङ्ग्यात्मक भाषाको दोहोरो प्रभाव राम्ररी देख्न सकिन्छ । उनका कथामा धेरै ठाउँमा आलङ्कारिक पदक्रम भएका आलङ्कारिक वाक्यहरुको प्रयोग पाइन्छ । यसले कथालाई संवेद्य, मूर्त र मर्मस्पर्शी बनाएका छन् । पौडेलका भाषमा खासगरी स्थानीय भाषिकाको प्रयोग भएको देखिन्छ । स्थानीय भाषाको स्वरले गर्दा भाषामा स्वाभाविक कला र जीवन्तता आएको देख्न सकिन्छ ।

वर्णनात्मक, व्यङ्ग्यात्मक चित्रात्मक, आदि भाषा शैलीको प्रयोगले मौतिक र सार्थक देखिन्छ । सरल, स्वभाविक, कसिलो, चखिलो, स्पष्ट प्राञ्जल आदि गुणयुक्त शैलीलेगर्दा पोडेलको अभिव्यक्ति पक्ष विशेष खालको उत्कृष्ट बन्न पुगेको छ । (कोइराला; २०६३)

अतः पौडेलका कथाहरुमा कथागत नवीनता र विविधता प्रशस्त मात्रामा देखिन्छ । उनले आफ्ना कथाहरुमा यौनमूलकता, मनोविश्लेषतात्मकता, आर्थिक विपन्नता, प्रशासनिक भ्रष्टचारिता र राजनैतिक विकृति जन्यकुराहरुलई उत्कृष्ट रुपमा विश्लेषण गरेको पाइन्छ । पौडेल यथार्थवादी ढाँचाका कथा लेख्ने भएकाले उनको कथाको संरचना सरल छ । पात्र वा चरित्रहरु सामान्य छन् । स्वभाविकता, सजीवता र जीवनानुरुपता जस्ता चारित्रिक चरित्रले कथालाई स्वाभाविक र कलात्मक बनाएको छ । पौडेलका प्रायः धेरै कथाहरुरमा दुःख, पीडा, वेदना, अभाव, दैत्य, खिन्नता, कुष्ठा, हीनता जस्ता भावहरु नै प्रमुख भाव बनेर आएकाले कथाकार भावानुकूल परिवेश सिर्जना गर्न सक्षम देखिन्छ । उनको शैलीगत सार्थकता र

मौलिकताले गर्दा अभिव्यक्ति क्षमता विशेष किसिमको देखिन्छ । यिनै कथागत प्रवृतिले गर्दा पौडेल एक सफल कथाकारका रुपमा देखापरेका छन् ।

# परिच्छेद - चार

## स्वप्नयात्रा कथासङ्ग्रहको कथाहरुका विश्लेषण

नरेन्द्रराज पौडेलको **स्वप्नयात्रा** (२०६२) कथा लेखनको दोस्रो चरणको चौथो कथा सङ्ग्रह हो । यसमा जम्मा १८ वटा कथाहरु समावेश गरिएका छन् । कथाहरु आधुनिक जीवनका विविध पक्ष र मोडलाई दर्शाउने खालका विषयमा आधारित छन् । ती कथाहरुलाई कथावस्तु, पात्र, परिवेश, द्वन्द्व, कथावस्तुको अवस्था, उद्देश्य, भाषाशैली, दृष्टिविन्दुका आधारमा विश्लेषण गरिएको छ ।

### ४.१. कथावस्तु

#### ४.१.१. गृहप्रवेश

**गृहप्रवेश** एक नेपाली यौनकर्मी युवतीको कथा हो । यस कथाले अशिक्षित तथाअल्छि नेपाली युवतीहरुको कथाव्यथालाई प्रस्तुत गरेको छ । यस कथामा नारीयौनिकता भन्दा पनि वासनात्मक संवेग धेरै तीब्र छ । सुन्तलीनामक पात्रको मनमा उमेर पुगेपछि अकारण रोमान्टिक कल्पनाको जन्म हुन्छ । ऊ अशिक्षामा छे, अज्ञान्तामा छे, त्यसैले सहर पसेर यौन कर्ममा संलग्न हुन्छे । त्यससँग जोडिने अन्य कार्यमा पनि ऊ प्रवेश गर्छे, जस्तैः लागु औषधकोप्रयोग चोरीठगी इत्यादि क्रमशः आफ्ना अभिावकदेखि टाढा-टाढा हुँदै उसको मस्तिष्क आपराधिक मनोवृत्तिले भरिन्छ  र ऊ जेल पर्छे, छुट्छे ।  पुनः दुर्व्यसनमा लाग्छे र पक्राउ पर्छे । अन्त्यमा उसका लागि जेल नै गृहप्रवेश भएको छ ।

#### ४.१.२. कुहिरो र कागहरु

**कुहिरो र कागहरु** एउटा सरकारी कर्मचारी र उसको अस्थायी बसोबास कालमा एउटी नारीसँग भएको रोमाञ्चक सम्बन्धको मनोवैज्ञानिक चर्चा गरिएको  कथा हो । दुर्गम जिल्लातिर हाकिम भएर खटिएको बेला त्यहीँकी एउटी ग्रामीण महिलासँग हाकिमको मन जोडिन्छ । त्यो स्थानीय आइमाई एकदमै दरी, बलियी, विवाहित नारी हो । उसको लोग्ने अपाङ्ग छ घरमा स-साना छोराछोरी छन् । हाकिमको आवासमा दूध, दही, तरकारी विक्री गर्न ल्याउँदाल्याउँदै त्यो नारी हाकिमप्रति रत्तिन थाल्छे । हाकिम पनि अपाङ्गकी पत्नीतिर लहसिन थाल्छ । हाकिम र नारी थाहा नपाई भावनात्मक र शारीरिक दुबै रूपले गाँसिन पुग्छन् । नारीलाई बलिष्ठ आधार चाहिएको छ । ऊ आफैँ जोत्ने, खन्ने गर्छे, रुख चढ्ने,

घाँस काट्ने, खसी काट्ने, मासु बेच्ने गर्छे । हाकिमको आवासभित्र र कोठे बारीमा पनि त्यतिकै काम गर्छे । विस्तारै ऊ हाकिमको सहारा पट्टि ढल्किन्छे, मन अर्पिन्छे, शरीर पनि अर्पिन्छे । यसरी ऊ साहुको जमिन कमाएर हाकिमको सहाराले लोग्ने पाल्न खोज्छे र सन्तान हुर्काउन खोज्छे तर एक दिन उसले साहुको घरबारी छोड्नुपर्ने हुन्छ हाकिमको पनि अन्यत्रै सरुवा हुन्छ । व्यवहारिक जीवनको प्रारम्भमै ती नारी कुहिराको काग झै भएकी छे ।

### ४.१.३. मारिया

**मारिया** विदेशी पृष्ठभूमिमा रचना गरिएको फिलिपिन्सकी युवतीको कथा हो । यसमा लेखक नेपालबाट सिङ्गापुर गएको बेला उनको एउटा भव्य होटेलमा बास हुन्छ । त्यहीँ गायिका मारियासँग उनको भेट हुन्छ । विस्तारै ती दुईबीच भावनात्मक सम्बन्ध जोडिन्छ । लेखकले मारियाले पाएको अतीतको दुःख र समसामयिक विश्वको आँगनमा पोखिएको विघटित जीवनशैलीबारे थाहा पाउँछन् । कति दुःखी, रोगी, अपाङ्ग जीवन बचाउन संसारभरि छरिएर आज तिनीहरुले विभिन्न दुःख भोग्नुपरेको छ । मारिया होटेलमा नाच्नेगाउने गर्छे । ऊ नितान्त एक्ली, दुःखी र बेसहारा छे तर हृदयमा नै लुकाएर ओठले हाँसिरहन्छे । मारियाले आफ्ना सम्पूर्ण दुःखका कथा लेखकलाई सुनाई र कसोकसो लेखकबाट पनि सहाराको खोजी गर्न थालेकी थिई । त्यहि बखत लेखक आफ्नो बसाई सिध्याएर नेपाल पर्कन्छन् । मारिया भने आफूलाई पनि नेपाल डाक्ने अनुरोध गर्दै उही पहिलेकै पेशाम तल्लीन रहन्छिन् ।

### ४.१.४. रङ्गीन टिभी

**रङ्गीन टिभी** कथाले मनोरञ्जनको साधनले समाजमा ल्याएको विकृतिलाई तथा देशमा प्रजातन्त्र पछिको विकासका लहराहरुलाई नियाल्दा संसार विस्तारै यन्त्र युगतिर ढल्किरहेको मानिसको जीवनशैली र चिन्तन बदलिएको यथार्थलाई  प्रस्तुत गरेको छ । यस कथाको प्रमुख पात्र रङ्गनाथ काका पहाडको एउटा गाउँको सम्पन्न र धनाढ्य व्यक्ति हो । उसको जग्गाजमिन, घरखेत, ठूलो परिवार र आयस्ताको लेखाजोखा छैन । सबै गाउँले कृषिमा आधारित छन् । विस्तारै सहर झैँ गाउँ पनि विकसित र परिवर्तन हुन्छ । पहिले फुनबाजा थियो, पछि रेडियो बज्यो, क्यासेट बज्यो, टिभी आए, युवाहरु गाउँ छोडेर बाहिरिन थाले, कृषिबाट पाखा हुनथाले, रोड बन्यो, गाडी चल्छन्, मान्छे खुसी हुन्छन् । मानिसको लगाउने , खाने, सोच्ने, हिड्ने सारा जीवनशैली क्रमिक रूपले बदलिँदै जान्छन् । समाजको

सम्पूर्ण संरचना नै बदलिन थाल्छ । रङ्गनाथ काको घरमा पनि त्यसको असर परेको छ । काकी विरामी छन् । रङ्गनाथ काका र एक्ली बैंसालु बुहारी अबेलासम्म एक्लै टिभी हेर्छन् अश्लील दृश्य हेर्छन् , मनमनले यी एकअर्कातिर आकर्षित हुन्छन् । काकीको मृत्यू हुन्छ छोराले अर्की विवाह गर्छ भने रङ्गनाथ काका र ती बुहारीको चर्तिकलाले गर्दा समाजमा उनको सिर निहुरिन्छ ।

### ४.१.५. चिन्तामग्न

**चिन्तामग्न** कथामा एउटा पठित तर सामान्य व्यक्तिको मनमा उठेका विश्रृङ्खलित सोचहरुको लहरहरु प्रस्तुत गरिएको छ । मानिसले आफूले दुस्कर्म गरेपछि अरुमाथिहुने घटनाक्रम आफैमाथि हुन सक्ने सम्भावना सोचेर हटाउनु पर्ने यदि ती कुराहरुलाई चिन्ताकै रुपमा लिने हो भने चिन्ताले चितामा पुऱ्याउन सक्ने देखाइएको छ । एकाकी जीवन व्यतीत गरिरहेको एक पुरुष पात्र आजको दिन चिन्ता नगर्ने विचारले बाहिर निस्कन्छ तर बाहिर निस्केपछि विभिन्न कुरालाई खेल्याउँदै अनेक प्रकारका विश्रृङ्खलित विचारहरु मनमा तरङ्ग भएर मडारिन्छन् । ऊ एउटा उच्च पदस्थ कर्मचारी हो । अनेक विश्रृङ्खलित सोचमा डुब्दाडुब्दै उसलाई खरो हुन्छ र पूनः चिन्तामग्न हुन पुग्दछ ।

### ४.१.६. विसर्जन

**विसर्जन** एउटा डरलाग्दो सांस्कृतिक विचलन रहेको धर्म, संस्कृति, राष्ट्रियता र भूगोल भेटिएको विहेको मान्यता बदलिएको, अन्तर्राष्ट्रिय परिप्रेक्ष्यको कथा हो । भूमण्डलीकरणको व्यापक संसार तिर झटारिएर पसेको एक नेपाली युवक अमेरिकामा पुगेर उतै विलीन हुन्छ र एक दिन नेपालबाट आफ्नी बहिनी र आमा लगेर क्रिश्चियन शैलीमा विहे गरिदिन्छ । विचरी हिन्दू बहिनी अन्योलको भुमरीमा पर्छे भने उसकी आमा बहुलाउने अवस्थामा पुग्छे । यसरी ती बहिनीलाई एउटै कोखबाट जन्मिएको एउटै लाम्टो चुसेको दाजुले आफ्नो धर्म, संस्कार र अस्मिताको एकै पटक विसर्जन गरिदिए झैं लाग्छ ।

### ४.१.७. गोली

**गोली** एउटा मनोवैज्ञानिक कथा हो । मास्टर रामनाथ सिधा सज्जन र शान्त व्यक्ति थिए । आफ्नो घरको पिँढीमा एक दिन बन्दुकको गोली फेला पऱ्यो । त्यसलाई लुकाउन, जमिनमा छोप्न, ठानामा बुझाउन, सरकारलाई जाहेर गर्न र त्यस त्रासबाट मुक्त हुन उसले अनेक प्रयत्न गऱ्यो तर रामनाथ पीरै पीरले समाप्त भयो । उसलाई अज्ञात भयले निल्यो ।

अड्डा अदालत, पुलिसथाना आदिको भय मनमा बोकेर घर फिर्दै गर्दा ऊ खोलामा पुगेपछि भाउन्न भयो; त्यहीँ लड्यो; खोलाले निकै बगायो । भरे होसमा आएर अरुले हेर्दा उसको कोटसँगै गोली पनि बगेको थियो ।

### ४.१.८. अस्मिताको भारी

**अस्मिताको भारी** कथामा एउटी नेपाली युवतीले भोगेको दृश्य वा यातनाको चित्रण रहेको छ । बाहिरी जिल्लाको गाउँबाट बसमा चढेर काठमाडौँको यात्रा गर्दा त्रिशुलीकिनारमा बस पल्टियो । अँध्यारो रात थियो । कति यात्रु बसमूनि परे, कनि खोलमा डुबे, कति अपाङ्ग भए, कति बेहोस । त्यसै बेला उद्धारकर्मीहरु आएर लुटपाट गर्न थाले, सरसामान खोसे, अधमराहरुलाई नदीमा खसाले र अर्धबेहोस अवस्थामा रहेकी रगताम्मे केटीलाई बलात्कार गर्न थाले । त्यसैगरी यसैमा परेर अर्धचेत अवस्थाकी ती युवती माथि ती यौनपिपासु खनिन्छन् । आफ्नो अस्मिता जोगउने प्रयत्नमा ती युवती अपराधीहरुलाई बल्लतल्ल अनुनय विनय गर्दै फुत्किन सफल हुन्छिन तरपनि उनले आफ्नो अस्मितालाई जोगाउन सक्दिनन् ।

### ४.१.९.व्ल्याक होल

**व्ल्याक होल** एक सेवानिवृत्त कर्मचारीको जीवनको झल्को भएको कथा हो । यसमा एक कर्मचारीको अतीत सुन्दर थियो, भव्य थियो, उसबेला धाक थियो, रवाफ थियो । आज ऊ सेवानिवृत्त भएपछि उसको जीवन उपियाँले छोडेको बिरालोको जस्तो भएर बदलियो । उसले एक त ढिला बिहे गरेको थियो । उसकी स्वास्नी भर्खरकी, पढेलेखेकी, सौन्दर्य र शक्ति दुबै भएकी थिई । बूढो जागिरबाट निबृत्त भएपछि उसलाई डायबिटिजले समेत पक्रेपछि ऊ क्षीण बन्दै गयो । स्वास्नीले बोर्डिङ्ग स्कुल खोल्ने जस्ता चमत्कार गर्न लागि । लोग्नेको यौनदुर्बलता बढ्दै गयो । उसको जीवनमा सुनसान, एक्लोपन, दिक्दारी बढ्दै गयो ऊ प्रत्येक दिन विहान डक्टरको सल्लाह अनुसार पैदलभ्रमण पश्चात् घर फर्किदा कुनै अँध्यारो गुफा अर्थात् व्ल्याक होलभित्र पसेको अनुभव गरिरहन्थ्यो ।

### ४.१.१० मास्टरबाबु

**मास्टर र बाबु** कथामा अहिलेको बदलिँदो परिस्थितिलाई देखाएकोछ । यस कथामा पार्वतीलाई स्थानीय विद्यालयको शिक्षक अर्थात मास्टरले दृष्टि लगाउँछ । त्यो कुरापार्वतीले पतिलाई  सुनाउँछे तर दिनानाथले केही गर्दैन । दिनानाथ लुरे र सज्जन छ । पार्वतीले

मास्टरलाई आफ्नै घरमा डेरादिए पछि विस्तारै सल्किन्छे, पल्किन्छे । विस्तारै ऊ मास्टरसँग लागेर जनवादी क्रान्तिमा रातारात कुद्न थालेकी थिई तर लोग्नेले त्यो थाहा पाउँदैन । लोग्नेले त्यो थाहा पाउनेछ भन्ने बुझेर मास्टर चन्द्रप्रसादलाई विभिन्न आरोपलगाएर गाउँ निकाला गर्ने निष्कर्ष सुनाइयो । तर उल्टै अन्त्यमा विचरा दीनानाथ जोगी भएर व्यहवार छोडी निस्किए ।

### ४.१. ११ स्वप्नयात्रा

**स्वप्नयात्रा** कथामा स्वप्न र भ्रान्तिलाई देखाइएकोछ । यसमा एउटा उच्च पदस्थ कर्मचरीले सपना देख्छ । एक्कै रातमा देखिएका तीन टुक्रा दुःस्वप्नले उसलाई भरङ्ग पार्छ । पहिलो सपनामा ऊ भीडमा नाङ्गै हुन्छ, दोस्रो सपनामा ऊ कुनै दैत्यद्वारा दुई गिँडमा टुक्रिन्छ र तेस्रो सपनामा अख्तियारले भ्रष्टचारीहरु पक्रिने क्रममा ऊ पनि पर्ने भएकाले झाडीजङ्गल हुँदै कतै भाग्न लागेको अमेरिकातिर गएर कुकुर हेर्ने सपना देख्छ ।

### ४.१. १२. सम्भ्रान्त

**सम्भ्रान्त** पूर्ण कथा नभएर कथाको पृष्ठभूमि जस्तो देखिन्छ । कथको शीर्षक अनुसारकै यहाँ एउटा पात्र छ, सम्भ्रान्त, धनाढ्य, सामन्त संस्कारको व्यक्ति । ऊ एउटा अत्याचारको प्रतीक थियो । समयको परिवर्तन सँगै आज उसको त्यो रवाफिले व्यवहार रोगले गलेको छ । उसका सम्भ्रान्त व्यक्तित्व कतै हराएको छ तरपनि उसको अतीत वैभवशाली थियो अझै पनि छ ।

### ४.१.१३.स्वच्छ प्रशासनका लागि

**स्वच्छ प्रशासनका लागि** एउटा प्रशासनिक जगत्सँग जोडिएको कथा हो । युगौँदेखि भ्रष्ट चरित्रले, घुसखोरीले भित्रसम्म जरा गाडेको नेपालको प्रशासनयन्त्र भ्रष्टाचारले व्याप्त सबै तहका कर्मचारीले राष्ट्र डुबाइरहेका छन् । यस्तो स्थितिमा पनि कोही राम्रो र नयाँ काम गर्न सक्छु कि भनी प्रतिज्ञा बोकेर आएकालाई पनि भ्रष्टहरुले निस्तेज गरिदिन्छन् । स्वच्छ प्रशासन चलउने प्रण गरेर आएको एउटा नयाँ उच्चपदस्थ प्रशासनिक कर्मचारी भागेर अन्तै सरुवा लिने स्थितिमा पुग्यो । त्यसठाउँको भ्रष्टकर्मचारी र उदण्ड व्यक्तिहरुले स्वच्छ प्रशासन चलाउन सहयोग गरेनन् र त्यहाँ कसैको नैतिक बल पलाउन पनि सकेन ।

### ४.१.१४. विरामी फूल

**विरामी फूल** जापानको पृष्ठभूमिमा रचना गरिएको एउटी जापानी महिलाको कथा हो । लेखक जापान भ्रमणमा रहेको बेला ती महिलासँग भेट हुन्छ तर युवतीको निराशा र उसको अन्धकार जीवनलाई देखेर लेखकलाई लाग्यो- यति ठूलाठूला महानगरका भीड र जनसमूहका माझ पनि किन यी नारी एक्लैजस्ती भएर निराश बनेकी? सम्पन्नताको र आर्थिक वैभवको महानगरीमा पनि यिनले किन आफूलाई अकिञ्चन र असहायजस्ती बनाएकी ? सुन्दर र सम्पन्न जीवनलाई किन कुरुप र निर्धो बनाएकी ? वास्तवमा महानगरीका मुटुमा मानवीय संवेदना रित्तिएर जीवन यन्त्रवत् शुष्क बनेको देखिन्थ्यो । उनी पारिवारिक विघटनमा परेकी थिइन् । लेखकको प्रोत्साहनबाट आफूमा आत्मविश्वास बढाएर सुन्दर जीवन विताउने विचारमा थिइन तर लेखक आफ्नो तालिम यात्रा सकेर नेपाल फर्कने समयमा पूनः उनी पहिलेकै अवस्थामा विरामी फूल जस्तै भएकी थिइन् ।

### ४.१.१५. ह्याङ्जे नदीको किनारमा

**ह्याङ्जे नदीको किनारमा** दक्षिणी कोरियाको पृष्ठभूमिमा रचिएको सुन्दर कथा हो । यसमा नारीहरु विशाल संसारमा फ्याँकिएर, पोखिएर, झटारिएर आ-आफ्नो दुःखत अतीतलाई मेट्न नसकी सङ्घर्ष गरिरहेको छ र यसमा लेखकको भेट एउटी फिलिपिनो युवतीसँग हुन्छ । त्यस भेटमा उक्त युवती ले लेखकलाई फिलिपिन्समा अमेरिकीको प्रवेशपछि बदलिएको जीवनशैली, विखण्डित भएको परम्परित संस्कृति आदि कुराकानी बताउँछिन् । लेखकलाई बारम्बार त्यो युवतीको अनुहार देख्दा इन्द्रावतीको किनारमा रमाइलो गरेर गीत घन्काउने आफ्नै गाउँकी माइली वाइबा दिदीको सम्झाना भइरहन्छ । अन्त्यमा तालिम सकिएपछि लेखक र ती युवतीको विछोड भयो ।

### ४.१.१६. स्वस्थ केटी

**स्वस्थ केटी** पितृसत्तात्मक समाजमामहिला उपर हुन जाने अत्याचारको कथा हो यसमा एउटी स्वस्थ केटी भाले बेच्ताबेच्तै बेलुकीको रसरङ्ग कार्यक्रममा समेत समावेश हुन लागी । अनि विस्तारै त्यो अशिक्षित केटी राजनीतिमा लागी र बेलीमाया अर्कै भई । पाइन्ट र टिसर्टमा टिमिक्क परी । उसको विहे भयो । छोराछोरी भए । बूढो अरब गयो । प्रजातन्त्र आयो । विकासले भेला हुन लागे । आइमाइ स्वतन्त्र यौनको स्वाद लिँदै निस्कदै गर्न लागे । त्यसको धेरै वर्षपछि लेखक त्यहीँ पुगे । फेरि बेलीमायासँग भेट भयो । त्यस बेला

उसकीछोरी जनमिलिसियामा लागेर कमाण्डर भइसकेकी थिई । गाउँघर भयावह स्थितिमा थियो । प्रसाशकलाई बाँच्न कठिन थियो । अशिक्षा, अज्ञानता र डरलाग्दो राजनीतिक समस्याले गाउँघर आक्रान्त थियो । त्यसैले वेलीमायाले जनमिलिसियाले प्रशासकलाई के गर्ने हो भन्ने डरले लेखकलाई त्यहाँबाट भगाई ।

### ४.१.१७. सुरसुधा

**सुरसुधा** अनेक समस्याले अनेक निर्दोषहरुको मृत्यु हुँदै गरेको कथा हो । यसमा उत्कृष्ट दर्जाको प्रेम कथा अभिव्यक्त भएको छ । सुरेश र सुधा गरिब केटो र धनाढय लाटी केटीका बीच अव्यक्त प्रेम हुर्केर अन्त्यमा उनीहरु भाग्छन् तर चतराछेउ एउटा थोत्रो घरमा बास बसेको बेला राति दुई पक्षका बीच झडप हुन्छ, दुईतिर गोली हानाहान हुन्छ विहान उनीहरुको लास मात्र बाँकी रहन्छ ।

### ४.१.१८. कालो चस्मा

**कालो चस्मा** धरौटीमा छुटेको भ्रष्ट कर्मचारीको बारेमा लेखिएको कथा हो । यस कथाको मूल पात्र पहिले शक्ति र सत्तामा हुँदा उसको सामुन्ने पुलिसहरुले बुट बजार्थे, सबैले सलाम ठोक्थे । आज ऊ एउटा भोजमा निम्ता आएपछि जाऊँ कि नजाऊँको दोधारमा पर्छ । जान्छ तर उसलाई कसैले हेर्दैन, हेरे एउटा अपराधीलाई जसरी । उसलाई पीडा हुन्छ । आफैँप्रति घृणा, अपहेलना र निन्दा लाग्छ । अनेक कुरा सुन्नुपर्छ । अन्त्यमा सबैहिँडे पछि पनि ऊ एक्लै खाइरहेको थियो । मातेर बेहोस थियो । उसलाई सम्झाउने त्यहाँ कोही थिएन ।

## ४.२. पात्रविधान

पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिभित्र व्यवस्थित गरिएको व्यक्ति हो । यस्तो व्यक्ति वा पात्रको वस्तुगत वर्गीकरणका निम्ति काव्यशास्त्र र भाषा विज्ञानको समन्वयबाट केही आधारहरु निर्धारित गर्न सकिन्छ । उक्त आधार बमोजिम कुनै पनि आख्यानात्मक कृतिबाट चरित्र सम्बन्धी शैली तथ्यांकहरु जुटाएर पात्रको वैज्ञानिक वर्गिकरण गर्न सकिन्छ । (**शर्मा**; २०५९) यहि आधारमा **स्वप्नयात्रा** कथासङ्ग्रह भित्रका कथाहरुमा प्रयुक्त पात्रहरुलाई वर्गीकरण गरिएको छ ।

### ४.२.१. गृहप्रवेश

पात्र वर्गीकरणका सन्दर्भमा गृह प्रवेश ..........कथा

| क.सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | सुन्तली | - | · | · | - | - | - | · | · | - | - | · | - | · |
| २ | पुलिसहरु | · | - | - | · | - | · | - | · | - | · | - | - | · |
| ३ | फुपू | - | · | - | · | - | · | - | · | - | · | - | - | · |
| ४ | फूपाजू | · | - | - | · | - | · | - | · | - | · | - | - | · |
| ५ | चौकीदार दिदी | - | · | - | - | · | · | - | · | - | · | - | · | |
| ६ | जेलर | · | - | - | - | · | · | - | · | - | · | - | · | |
| ७ | जेलभित्रका दिदी | - | · | - | - | · | · | - | · | - | - | · | · | |
| ८ | हाकिम | · | - | - | - | · | · | - | - | · | · | - | · | |
| ९ | हाकिमको स्वास्नी | - | · | - | - | · | · | - | - | · | · | - | · | |

कथामा सहरी परिवेशको पात्रहरु उल्लेख भएका छन् । पात्रहरुलाई कार्यको आधारमा हेर्दा गृहप्रवेश कथामा प्रयुक्त स्त्री पात्र सुन्तली प्रमुख पात्र हो । उसले कथामा नकारात्मक भूमिका निर्वाह गरेकीले प्रतिकूल पात्र हो । परिस्थिति अनुरुप स्वभावमा परिवर्तन गर्ने गतिशील पात्र हो । युगको प्रतिनिधित्व गर्न नसक्ने व्यक्ति पात्र र कथानकमा प्रत्यक्ष देख्न सकिने मञ्चीय पात्र हो । पुलिसहरु, फुपू, फुपाजु कथाको सहायक पात्र हुन् । कथानकमा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र हुन् । परिस्थिति अनुसार स्वभावमा परिवर्तन गर्ने गतिशील पात्र हुन् । युगको प्रतिनिधित्व गर्न सक्ने वर्गीय पात्र हुन् भन्ने कथामा उपस्थितिले मञ्चीय पात्र हुन् । चौकीदार दिदी, जेलर, जेल भित्रका दिदी, हाकिम र हाकिमको स्वास्नीले गौण रूपमा भूमिका निर्वाह गरेका छन् । समग्रमा अनुकूल, गतिशील, स्थिर, वर्गीय र नेपथ्य पात्रहरु हुन् ।

## ४.२.२ कुहिरो र कागहरु

पत्र वर्गीकरणका सन्दर्भमा कुहिरो र कागहरु ..........कथा

| क्र.स. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १. | चमेली | - | · | · | - | - | · | - | · | - | - | · | - | · |
| २ | हाकिम (म पात्र) | · | - | · | - | - | · | - | · | - | · | - | - | · |
| ३ | रामे | · | - | - | · | - | · | - | - | · | · | - | - | · |
| ४ | वनपालेहरु | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| ५ | रेन्जरहरु | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| ६ | फरेस्टरहरु | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| ७ | सइस | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| ८ | चमेलीको लोग्ने | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| ९ | चमेली को छोरा | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| १० | चमेलीको छोरी | - | · | - | - | · | · | - | - | · | · | - | · | - |

कथामा प्रयुक्त पात्रहरुलाई हेर्दा हाकिम (म पात्र) र चमेली सुरुदेखि अन्त्यसम्म देखिएका प्रमुख पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, परिस्थिति अनुरूप स्वभावमा परिवर्तन गर्ने गतिशिल पात्र, पर्दामा झैँ प्रत्यक्ष देख्न सकिने मञ्चीय पात्र, हाकिम युगको प्रतिनिधित्व गर्न सक्ने वर्गगत पात्र र चमेली युगको प्रतिनिधित्व गर्न नसकने व्यक्ति पात्र हुन् । रामे कथामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सहायक पुरुष पात्र हो । सकारात्मक कार्य गर्ने अनुकूल पात्र, परिस्थिति अनुरूप परिवर्तन देखाउने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र र प्रत्यक्ष उपस्थिति रहेकोले मञ्चीय पात्र हो । वनपालेहरु, रेन्जरहरु, फरेस्टरहरु, सइस, चमेलीको लोग्ने, चमेलीको छोरा, चमेलीको छोरी आदि कथालाई प्रभावकारी बनाउन उपस्थित पात्रहरु हुन् । यिनीहरुले गौण भूमिका निर्वाह गरेको हुनाले अनुकूल, स्थिर, वर्गीय र नेपथ्य पात्रहरु हुन् ।

## ४.२.३. मारिया

पत्र वर्गीकरणका सन्दर्भमा भरिया ............कथा

| क.स. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | म पात्र (लेखक) | · | - | · | - | - | · | - | · | - | · | - | - | · |
| २ | मारिया | - | · | · | - | - | · | - | · | - | · | - | - | · |
| ३ | भरतीय युवती | - | · | - | · | - | · | - | - | · | · | - | - | · |
| ४ | पाले | · | - | - | · | - | · | - | - | · | · | - | - | · |

कथामा म पात्र (लेखक) आदिदेखि अन्त्यसम्म केन्द्रीय पुरुष पात्रको रुपमा र मारिया स्त्री पात्रको रुपमा रहेका छन् । यी दुबै कथानकमा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, आफ्नो स्वभावमा समय अनुसार परिवर्तन गर्ने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र र प्रत्यक्ष उपस्थित हुने मञ्चीय पात्र हुन् । भारतीय युवती र पाले सहायक रुपमा रहेका पात्र हुन् । दुबै सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, आफ्नो स्वभाव समय अनुसार परिवर्तन गर्न नसक्ने स्थिर पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र र कथामा प्रत्यक्ष उपस्थित हुने मञ्चीय पात्र हुन् ।

## ४.२.४. रङ्गीन टिभी

पात्र वर्गीकरणका सन्दर्भमा रङ्गीन टिभी ..........कथा

| क.स. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | रङ्गनाथ काका | · | - | · | - | - | - | · | · | - | - | · | - | · |
| २ | बुहारी | ( | · | · | - | - | - | · | · | - | - | · | - | · |
| ३ | गृहिणी | ( | · | - | · | - | · | - | - | · | · | - | - | · |
| ४ | पालेकेटो | · | - | - | · | - | · | - | · | · | · | - | - | · |
| ५ | वनपाले | · | - | · | · | - | · | - | - | · | · | - | - | · |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | छोरो | . | - | - | - | . | - | . | - | . | - | . | . | - |
| ७ | त्रिलोचन बाजे | . | - | - | - | . | - | . | - | . | . | - | . | - |
| ८ | ढुङ्गाल्नी बज्यै | - | . | - | - | . | . | - | - | . | . | - | . | - |

कथाकारले उक्त कथामा पात्रहरु गाउँले समाजबाट टिपेका छन् । रङ्गनाथ काका कथाको केन्द्रीय पुरुष पात्र र बुहारी प्रमुख स्त्री पात्र हो । कथामा दुबै नकारात्मक भूमिका निर्वाह गर्ने प्रतिकूल पात्र, परिस्थिति अनुसार स्वभाव पविर्तन गर्ने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्न नसक्ने व्यक्ति पात्र र पर्दामा झैँ देखापर्ने मञ्चीय पात्र हुन् । गृहिणी, पाले केटो र वनपाले सहायक पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र, पर्दामा झैँ देखिने मञ्चीय पात्र, परिस्थिति अनुसार स्वभावमा परिवर्तन नगर्ने स्थिर पात्र हुन तर पाले केटो स्वभावमा परिवर्तन गर्ने गतिशील पात्र हो । छोरो, त्रिलोचन बाजे, दङ्गाल्नी बज्यै कथामा गौण, अनुकूल, स्थीर, वर्गीय र नेपथ्य पात्रहरु हुन् ।

### ४.२.५. चिन्तामग्न

पात्र वर्गीकरणका सन्दर्भमा चिन्तामग्न .............कथा

| क.स. | पात्र | लिङ्ग | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ. | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | ऊ | . | - | . | - | - | . | - | . | - | . | - | - | . |
| २ | पुलिस | . | - | - | . | - | . | - | - | . | . | - | - | . |
| ३ | साहुनी | ( | . | - | . | - | . | - | . | - | . | - | - | . |
| ४ | मसुपसल्नी | ( | . | - | . | - | . | - | . | - | . | - | - | . |
| ५ | भान्सेकेटो | . | - | - | . | - | . | - | - | . | . | - | - | . |
| ६ | युवती | ( | . | - | - | . | . | - | . | - | . | - | . | - |

कथामा प्रयुक्त पात्रहरुलाई हेर्दा ऊ केन्द्रीय पुरुषपात्र हो । ऊ कथानकमा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, समय अनुसार परिवर्तन हुन सक्ने गतिशिल पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र र पर्दामा झैँ देखिने मञ्चीय पात्र हो । पुलीस साहुनी, मासुपसल्नी, भान्सेकेटो कथामा सहायक पात्र हुन् । यी सबै कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, समय अनुसार परिवर्तन हुन सक्ने गतिशील पात्र, युगको

प्रतिनिधित्व गर्नसक्ने वर्गीय पात्र र प्रत्यक्ष उपस्थित रहने मञ्चीय पात्रहरु हुन् । युवती भने गौण, अनुकूल, गतीशील, वर्गीय र नेपथ्य पात्र हो ।

### ४.२.६ विसर्जन

पात्र वर्गीकरणका सन्दर्भमा विसर्जन ……………कथा

| क.स. | पत्र | लिङ्ग | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ. | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | म पात्र | ( | · | · | - | - | · | - | - | · | · | - | - | · |
| २ | दाइ | · | - | · | - | - | - | · | - | · | - | · | - | · |
| ३ | आमा | ( | · | - | · | - | · | - | - | · | · | - | - | · |
| ४ | भाउजु | ( | · | - | · | - | - | · | - | · | - | · | - | · |
| ५ | बूढो अमेरिकन | · | - | - | · | - | - | · | - | · | - | · | - | · |
| ६ | युवक | · | - | - | - | · | · | - | · | - | · | - | · | - |

कथामा प्रयुक्त पात्र हेर्दा म पात्र र दाइ प्रमुख केन्द्रीय पात्र हुन् । दुबै समय अनुसार परिवर्तन हुन नसकेका स्थीर पात्र, पर्दामा झैँ देखिने मञ्चीय तथा युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो भने दाइ प्रतिकूल र व्यक्ति पात्र हो । आमा, भाउजु र बूढो अमेरिकन सहायक पात्र हुन् । समय अनुसार स्वभाव परिवर्तन गर्न सकेका छैनन् । पर्दामा झैँ देखिने मञ्चीय पात्र हुन् । आमा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र एवम् युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् भने भाउजु र बूढो अमेरिकन नकारात्मक भूमिका निर्वाह गर्ने व्यक्तिवादी पात्र हुन् । युवक कथामा गौण, अनुकूल, गतिशील, वर्गीय, नेपथ्य पात्रको रुपमा रहेको छ ।

### ४.२.७. गोली

पात्र वर्गीकरणका सन्दर्भमा गोली ……………..कथा ।

| क.स. | पात्र | लिङ्ग | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | रामनाथ | · | ( | · | - | - | · | - | · | - | · | - | - | · |
| २ | धर्मपत्नी | - | · | - | · | - | · | - | · | - | · | - | - | · |
| ३ | डी.एस.पी, सी.डी, | · | ( | - | - | · | · | - | - | · | · | - | · | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ओ,प्र.जि.अ. | | | | | | | | | | | | | |
| ४ | बटुवा, खेताला, गोठाला | · | ( | - | - | · | · | - | - | · | · | - | · | - |

कथामा सीमित पात्रको प्रयोग गरिएको छ । रामनाथ कथाको प्रमुख पुरुष पात्र हो । रामनाथ कथावस्तुमा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र एवम् समयक्रम अनुसार स्वभावमा पविर्तन गर्ने गतिशील पात्र हो । सचेत वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र एवम् पर्दामा झैँ देख्न सकिने मञ्चीय पात्र पनि हो । धर्मपत्नी कथामा सहायक स्त्री पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, समयक्रम अनुसार परिवर्तन हुने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र र पर्दामा झैँ देखिने मञ्चीय पात्रको रुपमा रहेको पाइन्छ । डी.एस.पी., सी.डी.ओ, प्र.जि.अ, बटुवा खेताला, गोठाला कथालाई थप प्रभावकारी बनाउन उपस्थित गौण, अनुकूल, स्थीर, वर्गीय र नेपथ्य पात्रहरु हुन् ।

### ४.२.८. 'अस्मिताको भारी'

पात्र वर्गीकरणका सन्दर्भमा अस्मिताको भारी ..............कथा

| क.स. | पात्र | लिङ्ग | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ. | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | नेपथ्य | मञ्चीय |
| १ | म पात्र | ( | · | · | - | - | · | - | · | - | · | - | - | · |
| २ | बा | · | - | - | · | - | · | - | · | - | · | - | - | · |
| ३ | सानीआमा | - | · | | · | - | - | · | · | - | - | · | - | · |
| ४ | टोली नाइके | · | - | - | · | - | - | · | · | - | - | · | - | · |
| ५ | ठिटाहरु | · | - | - | - | · | - | · | · | - | - | · | · | - |
| ६ | यात्रुहरु | · | - | - | - | · | · | - | - | · | · | - | · | - |
| ७ | दाजु | · | - | - | - | · | - | · | - | · | - | · | · | - |
| ८ | भाउजू | - | · | - | - | · | - | · | - | · | - | · | · | - |

कथामा प्रयुक्त उक्त पात्रहरुलाई कार्यको आधारमा हेर्दा म कथाको आदिदेखि अन्त्यसम्म उपस्थित केन्द्रीय स्त्री पात्र हो । कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, परिस्थिति अनुरुप स्वभावमा परिवर्तन गर्ने गतिशील मध्यम वर्गीय पात्र हो । कथामा

प्रत्यक्ष देखापर्ने मञ्चीय पात्र हो । बा कथामा उपस्थित सहायक पुरुष पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह गरेकोले अनुकूल पात्र हुन् । मध्यमवर्गको प्रतिनिधित्व गर्ने गतिशील पात्र हुन भने पर्दामा झैँ देख्न सकिने मञ्चीय पात्र हुन् । सानी आमा कथामा उपस्थित सहायक स्त्री पात्र हो । युगको प्रतिनिधित्व गर्न नसक्ने व्यक्ति गतिशील पात्र एवम् मञ्चीय पात्र हुन । कथामा नकारात्मक भूमिका निर्वाह गरेकाले प्रतिकूल पात्र युगको प्रतिनिधित्व गर्न नसक्ने गतिशील पात्र एवं मञ्चीय पात्र हुन । टोलीनाइके कथामा उपस्थित नकारात्मक भूमिका निर्वाह गर्ने प्रतिकूल सहायक पुरुष पात्र हो । युगको प्रतिनिधित्व गर्न नसक्ने व्यक्ति पात्र र पर्दामा झैँ देख्न सकिने मञ्चीय पात्रको रूपमा पनि रहेको छ । ठिटाहरु, यात्रुहरु, दाजुभाउजु कथालाई थप प्रभावकारी बनाउन उपस्थित गौण, प्रतिकूल अनुकूल, गतिशील, स्थिर, व्यक्तिगत, नेपथ्य पात्रहरु हुन् ।

### ४.२.९ ब्ल्याक होल

पात्र बर्गीकरणका सन्दर्भमा ब्ल्याक होल ................ कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्र. | स. | गौ. | अनु. | प्रति. | गति. | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | उनी | + | − | + | − | − | + | − | + | − | + | − | + | − |
| २ | श्रीमती | − | + | − | + | − | + | − | + | − | + | − | + | − |
| ३ | ठिटो | + | − | − | + | − | + | − | + | − | + | − | + | − |
| ४ | सुब्बा | + | − | − | − | + | + | − | − | + | + | − | − | + |
| ५ | छोराछोरी | + | − | − | − | + | + | − | − | + | + | − | − | + |

कथामा सीमित पात्रको प्रयोग गरिएको छ । कथामा उनी कथाको प्रमुख पुरुष पात्र हो । कथावस्तुमा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र हो । समयक्रम अनुसार स्वभावमा परिवर्तन गर्ने गतिशील पात्र हो । युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । कथामा प्रत्यक्ष देख्न सकिने मञ्चीय पात्र हो । श्रीमती र ठिटो कथाका सहायक पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल र परिस्थिति अनुसार स्वभावमा परिवर्तन

गर्न सक्ने गतिशील पात्र हुन् । युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र र कथामा प्रत्यक्ष देख्न सकिने मञ्चीय पात्र हो । सुब्बा र छोराछोरी कथालाई प्रभावकारी बनाउन उपस्थित गौण, अनुकूल, स्थीर, वर्गीय एवं नेपथ्य पात्र हुन् ।

### ४.२.१० मास्टर बाबु

पात्र बर्गीकरणका सन्दर्भमा मास्टर बाबु ............. कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | पार्वती | − | + | + | − | − | − | + | + | − | − | + | + | − |
| २ | चन्द्रप्रसाद | + | − | − | + | − | − | + | + | − | + | − | + | − |
| ३ | दीनानाथ | + | − | − | + | − | + | − | + | − | + | − | + | − |
| ४ | फुपुवज्यै | − | + | − | − | + | + | − | − | + | + | − | − | + |
| ५ | जनमिलिसिया | + | − | − | − | + | + | − | − | + | + | − | − | + |
| ६ | भक्तजनहरु | + | − | − | | + | + | − | − | + | + | − | − | + |

कथामा प्रयुक्त पात्रहरुलाई कार्यका आधारमा हेर्दा पार्वती स्त्री पात्र हो भने चन्द्रप्रसाद र दीनानाथ सहायक पुरुष पात्र हुन् । कथामा पार्वतीले नकारात्मक भूमिका निर्वाह गरेकी हुँदा प्रतिकूल पात्र, समय अनुसार स्वभावमा परिवर्तन गरेकी हुँदा गतिशील पात्र, युगका प्रतिनिधित्व गर्न नसकेको हुँदा व्यक्ति पात्र र पर्दामा झैँ देखिने मञ्चीय पात्र हो । कथामा चन्द्रप्रसादले नकारात्मक भूमिका निर्वाह गर्ने प्रतिकूल पात्रको रूपमा र दीनानाथ सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्रको रूपमा रहेकी छन् । दुवै पात्र समय अनुसार परिवर्तनशील हुँदा गतिशील पात्र हुन् । युगको प्रतिनिधित्व गर्दै पर्दामा झै देखिएकाले मञ्चीय पात्र हुन् । फुपुबज्यै, जनमिलिसिया र भक्तजनहरु कथालाई प्रभावकारी बनाउन उपस्थित गौण, अनुकूल, स्थिर, वर्गीय, एवं नेपथ्य पात्र हुन् ।

### ४.२.११ स्वप्नयात्रा

पत्र वर्गीकरणका सन्दर्भमा स्वप्नयात्रा .......... कथा

| **क्र. सं.** | **पात्र** | **लिङ्ग** | | **कार्य** | | | **प्रवृति** | | **स्वभाव** | | **जीवन चेतना** | | **आसन्नता** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | उनी | + | − | + | − | - | − | + | + | − | − | + | + | − |
| २ | धर्मपत्नी | + | + | − | − | + | + | − | − | + | + | − | − | + |
| ३ | छोराबुहारी | − | + | − | − | + | + | − | − | + | + | − | − | + |
| ४ | छोरीज्वाइ | + | + | − | − | + | + | − | − | + | + | − | − | + |

कथामा सीमित रूपमाप्रयोग भएको पात्र उनी कथाको आदिदेखि अन्त्यसम्म उपस्थित रहेको छ । उनी समाजमा नकारात्मक भूमिका निर्वाह गर्ने प्रतिकूल पात्र तथा समय अनुसार स्वभावमा परिवर्तन गर्न सक्ने गतिशील पात्र हो । युगको प्रतिनिधित्व गर्न नसक्ने मञ्चीय पात्र पनि हो । धर्मपत्नी, छोराबुहारी, छोरीज्वाई, कथालाई प्रभावकारी बनाउने उपस्थित गौण, अनुकूल, स्थिर, वर्गीय तथा नेपथ्य पात्र हुन् ।

### ४.२.१२ सम्भ्रान्त

पात्र वर्गीकरणका सन्दर्भमा सम्भ्रान्त ........ कथा

| **क्र. सं.** | **पात्र** | **लिङ्ग** | | **कार्य** | | | **प्रवृति** | | **स्वभाव** | | **जीवन चेतना** | | **आसन्नता** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | म पात्र | + | − | + | − | − | + | − | + | − | + | − | + | - |
| २ | केटो | + | − | − | + | − | + | − | + | − | + | − | + | - |
| ३ | उनी | + | − | − | + | − | + | − | + | − | + | − | + | - |

कथामा प्रयोग भएको म पात्र आदिदेखि अन्त्यसम्म देखिएको प्रमुख पुरुष पात्र हुन् भने केटो र उनी सहायक पुरुष पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह गरेकोले

उनकूल एवम् समयानुसार स्वभाव परिवर्तन भएकाले गतिशील पात्र हुन् । युगको प्रतिनिधित्व गरेकाले वर्गीय पात्र एवम् पर्दामा झै देखिएकाले मञ्चीय पात्र पनि हुन् ।

### ४.२.१३ स्वच्छ प्रशासनको लागि

पात्र वर्गीकरणका सन्दर्भमा स्वच्छ प्रशासन ......... कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | हाकिम | + | – | + | – | – | + | – | + | – | + | – | + | – |
| २ | शङ्कर सिटौला | + | – | – | + | – | – | + | + | – | + | – | + | – |
| ३ | शेखरलाल कर्ण | + | – | – | + | – | – | + | + | – | + | – | + | – |
| ४ | कुलानन्द झा | + | – | – | + | – | – | + | + | – | + | – | . | – |
| ५ | ड्राइभर | + | – | – | + | | – | + | + | – | + | – | . | – |
| ६ | शुभकली | – | + | – | + | | – | + | + | – | + | – | + | ( |
| ७ | वकिल र झगडिया | + | – | – | – | + | – | + | + | – | + | – | - | + |
| ८ | लेखनदास | + | – | – | – | + | – | + | + | – | + | – | - | + |
| ९ | जासुस | + | – | – | – | + | + | – | + | – | + | – | - | + |

कथामा हाकिम प्रमुख पुरुपा पात्र हो । कथामा सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, परिस्थिति अनुरुप स्वभावमा परिवर्तन गर्ने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्ने वर्ग पात्र र कथामा प्रत्यक्ष देखापर्ने मञ्चीय पात्र हो । शङ्कर सिटौला, शेखरलाल कर्ण, कुलानन्द झा, ड्राइभर, शुभकली कथानकका सहायक पात्र हुन् । परिस्थिति अनुरुप स्वभावमा परिवर्तन गर्ने गतिशील पात्र एवम् युगको प्रतिनिधित्व गरेकाले वर्ग पात्र तथा प्रत्यक्ष देखापर्ने मञ्चीय पात्र हुन् । वकिल, झगडिया, लेखनदास, जासुस, कथालाई प्रभावकारी बनाउन उपस्थिति गौण, प्रतिकूल, गतिशील, वर्गीय एवम् नेपथ्य पात्रहरु हुन् ।

### ४.२.१४ बिरामी फूल

पात्र वर्गीकरणको सन्दर्भमा विरामी फूल ........ कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | म पात्र | + | – | + | – | – | + | – | + | – | + | – | + | – |
| २ | युवती | - | + | + | - | + | – | + | + | – | + | – | + | – |
| ३ | बाबा | + | – | – | + | – | + | – | + | – | + | – | + | – |
| ४ | आमा | – | + | – | + | – | + | – | + | – | + | – | + | – |
| ५ | गाइडहरु | – | + | – | – | + | + | – | – | + | + | - | - | + |

कथामा प्रयुक्त म पात्र आदिदेखि अन्त्यसम्म देखिएको प्रमुख पुरुष पात्र र युवती प्रमुख स्त्री पात्र हुन् । म पात्रले सकारात्मक भूमिका निर्वाह गरेकोले अनुकूल पात्र, समय अनुरुप स्वभावमा परिवर्तन भएकोले गतिशील पात्र र नेपालीको प्रतिनिधित्व गरेकाले वर्गीय पात्र एवम् पर्दामा झैँ देखिने भएकाले मञ्चीय पात्र हो । युवतीले नकारात्मक भूमिका निर्वाह गरेकाले प्रतिकूल पात्र, स्वभाव परिवर्तन भएकाले गतिशील पात्र, वर्गीय एवम् मञ्चीय पात्र हुन् । बाबा, आमा कथामा सहायक रुपमा उपस्थित भएका छन् । दुबैले सकारात्मक भूमिका निर्वाह गरेकाले अनुकूल पात्र, स्वभाव परिवर्तन भएकाले गतिशील वर्गीय एवम् मञ्चीय पात्र हुन् । गाइडहरु भने गौण, अनुकूल, गतिशील, वर्गीय एवम् नेपथ्य पात्र हुन् ।

### ४.२.१५ ह्याङ्जे नदीको किनारमा

पात्र वर्गीकरण सन्दर्भमा स्वस्थ केटी .......... कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | म पात्र | + | – | + | – | – | + | – | + | – | + | – | + | – |
| २ | डान्सिल | – | + | + | – | – | + | – | + | – | + | – | + | – |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सविना | – | + | – | – | + | + | – | – | + | + | – | – | + |
| ४ | माइली दिदी | – | + | – | – | + | + | – | – | + | + | – | – | + |

कथामा प्रयोग भएको सीमित पात्रमा म पात्र आदिदेखि अन्त्यसम्म रहने प्रमुख पुरुष पात्र र डान्सिल प्रमुख स्त्री पात्र हुन् । दुबै पात्र सकारात्मक भूमिका निर्वाह गर्ने अनुकूल पात्र, समय परिस्थिति अनुसार स्वभाव परिवर्तन गर्न सक्ने गतिशील पात्र र युगको प्रतिनिधित्व गरी पर्दामा झैँ देख्न सकिने मञ्चीय पात्र हुन् । सविना र माइली दिदी कथालाई प्रभावकारी बनाउन उपस्थित गौण, अनुकूल, स्थिर, वर्गीय एवम् नेपथ्य पात्रहरु हुन् ।

### **४.२.१६ स्वस्थ केटी**

पात्र वर्गीकरणका सन्दर्भमा स्वस्थ केटी .......... कथा

| क्र.सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | बेली माया | - | + | + | – | – | + | – | + | – | + | – | + | – |
| २ | म पात्र | + | – | + | - | – | + | – | + | – | + | – | + | – |
| ३ | चमेली | - | + | – | + | – | + | – | + | – | + | – | + | - |
| ४ | कार्यालय प्रमुखहरु | + | – | – | - | + | + | – | – | + | + | – | – | + |
| ५ | सुरक्षा कर्मीहरु | + | – | – | - | + | + | – | – | + | + | – | – | + |
| ६ | पिएन, सइस | + | | – | - | + | + | – | – | + | + | – | – | + |
| ७ | हवल्दार, सिपाही | + | – | – | – | + | + | – | – | + | + | – | – | + |
| ८ | सी.डी.ओ.,डी.एस.पी | + | | – | – | + | + | – | – | + | + | – | – | + |
| ९ | बढा शङ्कर सिं बाबु साहेव | + | – | – | – | + | - | + | – | + | + | – | – | + |

कथाकारले उक्तकथामा पात्रहरु द्वन्द्वकालबाट टिपेका छन् । बेलीमाया यस कथाको प्रमुख महिलापात्र र म पात्र प्रमुख पुरुष पात्र हुन् । कथामा सकारात्मक भूमिका निर्वाह

गरेकाले अनुकूल पात्र, समयक्रम अनुसार परिवर्तन भएकाले गतिशील पात्र, युगको प्रतिनिधित्व गरेकाले वर्गीय पात्र तथा पर्दामा झैँ देखिएकाले मञ्चीय पात्र हुन् । चमेली यस कथामा  सहायक स्त्री पात्र हो । नकारात्मक भूमिका निर्वाह गर्ने प्रतिकुल पात्र, समय अनुरुप स्वभाव परिवर्तन गर्ने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्ने वर्गीय पात्र तथा पर्दामा झैँ देखिने मञ्चीय पात्र हो । कार्यालय प्रमुखहरु, सुरक्षाकर्मीहरु, पिउन र सइस हवल्दार, सिपाही, सी.डी.ओ., डी.एस.पी.हरु, बूढा, शङ्कर सिं बाबु साहेव कथालाई प्रभावकारी बनाउन उपस्थिति गौण, अनुकूल प्रतिकूल स्थिर, वर्गीय, एवम् नेपथ्य पात्रहरु हुन् ।

### ४.२.१७ सुरसुधा

पात्र वर्गीकरणका सन्दर्भमा सुरसुधा ......... कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | सुरेश | + | − | + | − | − | + | − | + | − | − | + | + | − |
| २ | सुधा | − | + | + | − | − | + | − | + | − | − | + | + | − |
| ३ | आमा र बहिनी | − | + | − | + | − | + | − | + | − | + | − | + | − |
| ४ | धनलाल साहु | + | − | − | − | + | + | − | − | + | + | − | − | + |
| ५ | लठेब्रो लाठे | + | − | − | − | + | + | − | − | + | + | − | − | + |
| ६ | बजू | − | + | − | − | + | + | − | − | + | + | − | − | + |
| ७ | पुलिस | + | − | − | − | + | + | − | − | + | + | − | − | + |
| ८ | विद्रोही | + | − | − | − | + | − | + | − | + | + | − | − | + |

कथामा प्रयुक्त पात्रलाई कार्यका आधारमा हेर्दा सुरेश प्रमुख पुरुष पात्र र सुधा प्रमुख स्त्री पात्र हुन् । समाजप्रति सकारात्मक विचार भएको समय अनुसार परिवर्तन हुन सक्ने गतिशील तर व्यक्तिगत सोचाइ रहेको पर्दामा झैँ देख्न सकिने मञ्चीय पात्र हुन् । आमा र बहिनी कथामा सहायक स्त्री पात्रको रुपमा रहेका छन् । सकारात्मक सोचाई , परिवर्तनशील स्वभावले गर्दा गतिशील, युगको प्रतिनिधित्व गर्न सक्ने मन्चीय पात्रको रुपमा देखिएका

छन् । धनलाल साहु, लठेब्रो, लाठे, बँजू, पुलिस र विद्रोही कथालाई प्रभावकारी बनाउन देखिएका गौण, अनुकूल, स्थिर, वर्गीय तथा नेपथ्य पात्रहरु हुन् ।

### ४.२.१८ कालो चस्मा

पात्र वर्गीकरणको सन्दर्भमा कालो चस्मा ……… कथा

| क्र. सं. | पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | स्त्री | प्र | स | गौ | अनु | प्रति | गति | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य |
| १ | उनी | + | – | + | – | – | | + | + | – | – | + | + | + |
| २ | पिउन | + | | | + | – | + | – | + | – | + | | + | – |
| ३ | प्रहरी | + | | – | | + | + | – | + | + | + | – | | + |
| ४ | चौकीदार | + | – | – | – | + | + | – | – | + | + | – | – | + |
| ५ | अधिकृतहरु | + | – | – | – | + | + | – | – | + | + | – | – | + |
| ६ | भद्र महिला | – | + | – | – | + | + | – | – | + | + | – | – | + |

उनी यस कथाको आदिदेखि अन्त्यसम्म रहेको प्रमुख पुरुष पात्र हो । समाज प्रति नकारात्मक विचार भएको प्रतिकूलपात्र, समय अनुसार स्वभाव गरिवर्तन गर्ने गतिशील पात्र, युगको प्रतिनिधित्व गर्न नसक्ने व्यक्ति एवम् पर्दामा झैँ देखिने मञ्चीय पात्र हो । पिउन यस कथाको सहायक पुरुष पात्र हो । समाज अनुरुप सकारात्मक सोचाइ भएको अनुकूल पात्र, समय अनुरुप परिवर्तन हुन सक्ने गतिशील पात्र, युगको प्रनिनिधित्व गर्न सक्ने वर्गीय पात्र तथा पर्दामा झैँ देखिने मञ्चीय पात्र हो । प्रहरी, चौकीदार, अधिकृतहरु, भद्रमहिला कथालाई प्रभावकारी बनाउन उपस्थित गौण, अनुकूल, स्थिर, वर्गीय तथा नेपथ्य पात्रहरु हुन् ।

## ४.३ परिवेश

### ४.३.१ गृहप्रवेश

कथा लेख्नको भावभूमि जेलभित्रको परिवेशलाई बनाइएको छ । जेलबाट छुटेर पनि सजिलैसँग गाँस, बाँस र कपास पाउनका लागि पूनः रत्नपार्कमा बसी ग्राहकको खोजी गर्दै जेल जान खोज्नुले उक्त कुराको पुष्टि गर्दछ ।

### ४.३.२ कुहिरो र कागहरु

प्रस्तुत कथामा नेपालको पहाडी परिवेशलाई कथा लेखनको भावभूमि बनाइएको छ । यहाँ उल्लेख गरिएको घोडा चढेर गन्तव्यमा पुग्नु, खेतवारीमा मानिसहरु काम गर्नु, लोग्ने अपाङ्ग हुँदा एक पुरुषले गर्ने सबै श्रमयुक्त काम महिलाले नै गर्नु आदि जस्ता प्रसङ्गले उक्त कुराको पुष्टि गर्दछन् ।

### ४.३.३ मारिया

यहाँ कथाकारले विदेशी सहरी परिवेशलाई कथा लेखनको भावभूमि बनाइएको छ । कथामा प्रस्तुत भएको सिङ्गापुर यहाँका विभिन्न ठाउँ जस्तै भिक्टेरिया पार्क, नौका विहार, सन्तोषा टापु आदिकोउल्लेखका साथै होटेलको बारमा  गीत गाउँने युवती, वियर र मदिराले मस्त पर्याटकहरु, बेलुकी डान्स रेस्टुराँतिर झर्नु जस्ता प्रसङ्गले सहरी परिवेशलाई लक्षित गरेको छ ।

### ४.३.४ रङ्गीन टिभी

प्रस्तुत कथा पहाडी ग्रामीण परिवेशमा घटित कथा हो । यहाँ प्रस्तुत भएको राज - कुलोको मुहानमा पुगेर बाँध थुनथान पारी पानी सोझ्याउनु, घुम्दै टारबारीमा निस्किनु हिउँदभरी दुःख गरेर लगाएको बार कुरुप भएको देख्नु, कोइरालाको पालुवा लुछेर हाल्नु पारि -पात्लेतिर, वागवानी केन्द्र तथा सिसौघारीमा घाँस काट्न जानु, टिभी हुर्नु सबै जना एउटै घरमा जम्मा हुनु आदि प्रसङ्गले कथामा ग्रामीण परिवेश झल्किएको पाउन सकिन्छ ।

### ४.३.५ चिन्तामग्न

यहाँ कथाकारले काठमाडौंको सहरी परिवेशलाई कथा लेखनको भावभूमि बनाइएको छ। कथामा प्रस्तुत भएको प्रातः भ्रमणमा निस्कनु, सँधै पान खाने पसल अगाडि अडिनु, गौशालाको चोकैनिर साँढेको शब देख्नु, सँधै झै मन्दिरबाट फर्कि दैनिक पत्रिका हेर्नु आदि घटनाहरुलाई हेर्दा प्रष्ट रुपमा काठमाडौंको परिवेशलाई चित्रण गरिएको छ ।

### ४.३.६ विसर्जन

कथाकारले यस कथामा आफ्नो घरको परिवेशका साथै अमेरिकाको परिवेशलाई कार्य पीठिका बनाएका छन् । यहाँ प्रस्तुत भएको अमेरिका आइ पुगेको, हवाइजहाजको यात्राको

कुरा, अज्ञात प्रदेशको बूढो अमेरिकनले मुसुक्क हाँसेको, नारी पुरुष सुरापान सँगै डिस्को, क्याब्रे र वलन डान्स गरी रहेका आदिले उक्त कुरा पुष्टि गर्दछ ।

### ४.३.७ गोली

प्रस्तुत कथामा नितान्त द्वन्द्वकालको गाउँले परिवेशको चित्रण पाइन्छ । द्वन्द्वकाल भएकाले गोली देखेर तर्सनु स्वभाविक थियो । गोली आफ्नो पिँढीमा आइपुग्नु, त्यसलाई जिल्ला कार्यालयमा बुझाउन जाँदा प्रशासनको अवस्था देख्दा उनी गोली नबुझाई फर्केर आउनु, बाबु मेरो कोटको खल्तीमा केही छ कि ? भनी सोध्नु आदिले उक्त कुरा पुष्टि गर्दछ ।

### ४.३.८ अस्मिताको भारी

कथाकारले उक्त कथाको कार्यपीठिका तराईको ग्रामीण परिवेशलाई बनाएका छन् । यहाँ प्रस्तुत भएका चितवन उपत्यका नाघेर बस अंध्यारो खोँचभित्र पस्यो, भरतपुर क्याम्पमै एम.ए. सम्मको पढाई हुँदाहुँदै काठमाडौंको कीर्तिपुर  क्याम्पसमा पढ्दै थिएँ, बसको गतिको आरोहअवरोह सँगै त्रिशूली नदी बग्दै थियो, मुग्लिन आईपुग्नु पर्ने किन ढिला भइरहेछ , भर्खर दस मिनेट मात्रै भएछ, दासढुङ्गा नाघेको आदि प्रसङ्गले उक्त कुरा पुष्टि गर्दछ ।

### ४.३.९ ब्ल्याक होल

यहाँ कथाकारले नेपालको प्रशासनिक क्षेत्र एवम् काठमाडौंको सहरी परिवेशलाई कार्यपीठिका बनाएका छन् । यहाँ प्रस्तुत अवकाशपुर्जि सुब्बाले ल्याएर बुझाएको, हजुर जस्तै पदावधि सकिने हाकिमहरु कतिले भोलिपल्टै जागिर पाइसके, कोही संस्थानमा र प्राधिकरणमा भर्ती भएरे ! कोही एन्.जी.ओ. पक्रेर डलर कमाउन थालिसके । विहान-विहान पशुपतिनाथको दर्शन, श्रीमतीले बोर्डिङ स्कुल खोलेर चलाइन आदि प्रसङ्गले प्रष्ट रुपमा काठमाडौंको परिवेशलाई चित्रण गरिएको छ ।

### ४.३.१० मास्टर बाबु

प्रस्तुत कथामा द्वन्द्व कालको गाउँले परिवेश चित्रण गरिएको पाइन्छ । यहाँ प्रस्तुत भएको पँधेरो, गाई, भैसी, गोठ, दाउराको भारी, मद्रभेला, प्रौढशिक्षा, रोपाइँ, दाइँ, विटा, बेठी, पुराण, जनमिलिसिया, भाटे कारवाही, आदि घटनाहरुले ग्रामीण परिवेशको चित्रण गरिएको छ ।

### ४.३.११ स्वप्नयात्रा

प्रस्तुत कथामा कार्यपीठिका एकरातको परिवेश रहेको छ । यसमा एक रातमा देखिएको तीन टुक्रा सपनालाई प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत भएको हैन के विधि भतभताएको हातखुट्टा फालेर श्रीमतीको खप्कीसँगै उनी झल्याँस्स विउँझिए घटनाले काल्पनीक परिवेशको चित्रण गरिएको छ ।

### ४.३.१२ संभ्रान्त

कथाकारले उक्त कथाको कार्यपीठिका सामन्त संस्कारको परिवेशलाई बनाएको छ । यहाँ प्रस्तुत भएको घण्टीको आवाजले कुकुरहरु भुक्दै-मडारिदै गेटसम्म पुग्नु, भेट्न आएको भन्दा तमतमाउँदो मुखपारी नाम, थर, ठेगाना सोध्नु, धेरै वेर भेटका लागि कुर्नु आदि घटनाहरुले उक्त परिवेशको चित्रण गर्दछ ।

### ४.३.१३ स्वच्छ प्रशासनका लागि

कथामा कथाकारले नेपालको प्रशासनिक क्षेत्रको परिवेशलाई कार्यपीठिका बनाइएको छ । कथामा प्रस्तुत भएको प्रशासन सर्वसुलभ,पारदर्शी पार्नका लागि सरकारले मलाई यहाँ पठाएको, कर्मचारी घूस नखाई काम गर्दैनन् रे, ढिलासुस्ती भ्रष्टचार गर्न पल्किएकाहरुलाई तुरुन्तै बानीबेहोरा सुधारेर आउन भनिदिनु, कच्चा हाकिम धेरै बकबक गर्छ, नमागी कनै बाहिरिया मानिसहरुले दिने चियाखर्च, त्यो कसैले केही गरे कहिल्यै थाहा नपाउने अवस्था हो सर आदि घटनाहरुले प्रशासनिक परिवेशको चित्रण गरिएको छ ।

### ४.३.१४ विरामी फूल

उक्त कथामा कथाकारले विदेशी परिवेशलाई कार्यपीठिका बनाएका छन् । कथामा प्रस्तुत भएका जापानको टोकियो सहर, जापानको देहायती गाउँ बस्ती, फूलैफूल र रङ्गीचङ्गी महलहरुले चकाचक लाग्ने किनो सहर, नागोचा सहर, होक्काइडो सहर जस्ता प्रसङ्गले कथामा विदेशी परिवेशलाई चित्रण गरेको पाइन्छ ।

### ४.३.१५. ह्याङ्जे नदीको किनारमा

कथाकारले उक्त कथाको कार्यपीठिका नेपालको ग्रामीण परिबेशलाई र विदेशी परिवेशलाई बनाइएको छ । कथामा प्रस्तुत भएको कोरियाका ह्याङजे नदीको किनार

हनराडो मार्केट, ह्याङ्जे नदी किनारको फाँट आदिले विदेशी परिवेश र इन्द्रवती नदी, नदी किनारका फाँट, माइली दिदीको सम्झना, दोलालघाटको जात्रा जस्ता घटनालाई हेर्दा प्रष्ट रुपमा उक्त परिवेशलाई चित्रण गरिएको पाइन्छ ।

### ४.३.१६. स्वस्थ केटी

प्रस्तुत कथा पूर्वी नेपालको दुर्गम क्षेत्रको ग्रामीण परिवेशमा घटित कथा हो । नगन्य मात्रामा सहरी परिवेश पनि अल्झिएको छ । कथामा प्रस्तुत भएका आफू जस्तै जक्खु पाराको कुखुराको भाले काखी च्यापेर एउटी जखमले केटी ढोकै बाहिर भित्ताको आडमा उभिएकी थिई, माइला विष्टले अब तिमीले राजनीति गर्नुपर्छ, भन्नु भयो अनि उहाँकै कार्यकर्ता बनेर झोला बोक्दै पछि लागेको सर हामी जस्ता सानातिना मान्छेले के राजनीति गर्नु उही झण्डा बोक्ने त हो नि सर १ सरहरुले भर्खरै नाम जाँच गर्नुभएको तालिम केन्द्रको प्राङ्गणमा भरेदेखि छापामारहारुकै सैनिक प्रशिक्षण चल्दै छ रे जस्ता प्रसङ्गले कथामा ग्रामीण भेगमा द्वन्द्वकालमा हुने परिवेश झल्किएको पाउन सकिन्छ ।

### ४.३.१७. सुरसुधा

प्रस्तुत कथामा कथाकारले गाउँले तथा सहरको दुबै परिवेशलाई कथाको कार्यपीठिका बनाएका छन् । यहाँ प्रस्तुत भएको पिखुवा खोला पारिको गाँउ, जिल्ला सदरमुकाम, शनिबारे हटिया, यहाँ त्यसै खेर जान्छ, बजार लगेर बेचौँन चौतारी पिखुवा खोलाको बगर, अरुण नदिको किनार, कोदोबारी, खोल्साझाडी, आदिले उक्त कुरा पुष्टि गर्दछ । महाभारत पहाड नाघेर तराई झरेका तराईको परिवेश पनि आंशिक रुपमा झल्केको पाउन सकिन्छ ।

### ४.३.१८ कालो चस्मा

प्रस्तुत कथामा कथाकारले सहरी एवम एक प्रशासक परिवेशलाई कार्यपीठिका बनाएका छन् । कथामा प्रस्तुत भएका जागिरमा छँदा र छुटे पनि पोहोरसम्म त्यत्रो मानभाउ थियो । भोजको सहभागी भीड हुनहुनाई रहेको थियो । हैन यो मान्छे त अस्ति सम्म प्रहरी खोरमा अस्ति मात्रै छुटेको धरौटी राखेर त्यस्तै भएर कामचोर प्रशासकले गर्दा देश छियाछिया भइ सक्यो, बफे आफैमा सामान्य खालको थिएन जस्ता प्रसङ्गले उक्त परिवेश अल्झिएको पाउन सकिन्छ ।

## ४.४. द्वन्द्व

### ४.४.१ गृह प्रवेश

कथामा प्रयुक्त द्वन्द्वले कथावस्तु सशक्त र गतिशील बन्न पुगेको छ । यो समाजको सम्पन्नता र विपन्नताका वीचमा भएको द्वन्द्व हो । सुन्तली आर्थिक अभावको कारण आफ्नो जाने ठाउँ, बस्ने ठाउँ, खाने ठाउँ काही नहुँदा वेश्याबृतिमा लागेकी छे । पेट पालनकै लागि चोरी गर्छे, ठग्छे र अझ राम्रो लगाउन र खानकै लागि बम्बै जान चाहन्छे । पुलिसहरु समाजमा भएका खराब कार्यलाई निरुत्साहित गर्नमा तल्लीन देखिन्छन्  भने फुपू  फूपाजु सुन्तलीले इज्जत फालेकोमा चिन्तित भएका जस्ता आन्तरिक द्वन्द्वका साथ कथाले पूर्णता पाएको छ ।

### ४.४.२ कुहिरो र कागहरु

कथामा वाह्य तथा आन्तरिक द्वन्द्वको सशक्त प्रयोग भएको छ । चमेलीले आफ्नो लोग्ने अपाङ्ग हुँदा परपुरुष हाकिमको सहारामा लोग्ने र छोराछोरी पाल्न खोज्नु, आन्तरिक द्वन्द्व हो भने पुरुषले गर्ने काम आफै गर्नु, हाकिमलाई रिजाउन खोज्नु, कमाएको घरबारी साहुँले लिनु, घरबाट अंश नदिनु,  हाकिमले चमेलीलाई सहयोग गर्न खोज्नु तर आफ्नै सरुवा भइदिनु आदि वाह्य द्वन्द्वहरु हुन् । यसरी द्वन्द्वै द्वन्द्वमा कथाले पूर्णता पाएको छ ।

### ४.४.३. मारिया

प्रस्तुत कथामा आन्तरिक तथा वाह्य द्वन्द्वको प्रयोग पाइन्छ । कथामा म पात्र यताउती भौँतारिदै मारियाको खोजी गर्नु, मारिया म पात्र प्रति आकर्षित हुनु, आमा, बुवा, बहिनीको सम्झनामा भावविभोर भएर आँशु बगाउनु आन्तरिक द्वन्द्व हुन भने मारियाले आफ्नो जिजिभिषाको लागि होटेलमा गीत गाउनु भने वाह्य द्वन्द्व  हो । यी नै द्वन्द्वका साथ कथाले पूर्णता पाएको छ ।

### ४.४.४. रङ्गीन टिभी

प्रस्तुत कथामा खास गरी आन्तरिक भन्दा बाह्य द्वन्द्व सशक्त रुपमा प्रयोग भएको छ । कथामा रङ्गनाथ काकाले छोराले खेतबारीको काम राम्रोसँग नगरेकोमा चित्त नबुझ्नु श्रीमती विरामी भएर बस्दा पनि गनगन गरेकोमा गाली गर्नु, तथा समाजको आँखा छलेर समाजले नपचाउने कार्य बुहारीसँग उठबस गरी टाउको निहुराएर हिड्नु एवम् बुहारी छाडा

रुपमा ससुरासँग लाग्नु वाह्य द्वन्द्वको रुपमा रहेको छ भने आन्तरिक द्वन्द्वको रुपमा गृहिणी आफ्नो पीडा लुकाएर तड्पनु, पाले केटो उदण्ड महिलाहरुको त्रासले लुकेर हिड्नु रहेको छ। यहाँ नयाँ पिढि र पुराना पिढिको द्वन्द्व पनि रहेको पाइन्छ। यसरी वाह्य र आन्तरिक द्वन्द्वको प्रयोगले कथा द्वन्द्व विद्यानमा उत्कृष्ठ देखिन्छ।

### ४.४.५. चिन्तामग्न

कथा छोटो प्रकृतिको छ। यहाँ प्रशस्त मात्रामा आन्तरिक द्वन्द्वको प्रयोग भएको छ। ऊ पात्र साहुनीलाई विभिन्न रोग लाग्नसक्ने सोचमा हुन्छ। भगवान् पशुपतिनाथको परिसरमा भएको हृदयविदारक घटनाले सन्त्रस्त बनाउँछ, मासुबाट विभिन्न सरुवा रोग लाग्न सक्ने भयले त्रस्त्र बनाउछ। यी सबै घटना स्मृतिपटलमा पालैपालो फन्का मार्दै व्यथित बन्नु आदि कथामा प्रयुक्त आन्तरिक द्वन्द्वहरु हुन्।

### ४.४.६. विर्सजन

कथामा बाह्य भन्दा आन्तरिक द्वन्द्वको सशक्त प्रयोग छ। कथामा आज मेरो विवाहको दिन भनि म मात्र खुसीले रन्थनिनु, फोटो, झिकेर नाकनक्शा ठिक्क मिल्ने सुन्दर युवक भनि हेरिरहनु, मैले के सोचकी थिएँ आज के भइरहेछ भनि निरुत्तर बन्नु, आफ्नो धर्म, संस्कार अस्मिताको विर्सजन भएकोमा व्यथित र किकर्तव्यविमूढ भई छटपटाउनु, आमालाई छाडेर जानुपर्दा शोकाकुल हुनु आन्तरिक द्वन्द्व हो। आमा स्वर्गीय बुवालाई सम्झिएर शिथिल बन्दै थिइन। दाजुले चुपचाप हिन्दू बहिनीलाई लगेर किस्चियनसँग विवाह गरिदिए यो सांस्कृतिक द्वन्द्वको रुपमा प्रस्तुत भएको पाइन्छ। यी सबै द्वन्द्वको साथ कथाबस्तु अगाडि बडेको छ।

### ४.४.७. गोली

प्रस्तुत कथामा सशक्त मात्रामा आन्तरिक द्वन्द्वको प्रयोग भएको छ। रामनाथ गोलीलाई लिएर मनमा विभिन्न कुरालाई खेलाउँदै चिन्तित भएका छन्। सदरमुकाममा गोली बुझाउन जादाँ प्रहरी चौकी देखेर तर्सिएर टाढैबाट खेतैखेत तर्किन्छन्। धेरै पटक आङजिरिङ र रौँ ठाडा भए, शङ्का लागे उल्टै कोचिदिन बेर मान्दैनन् जेल भित्र भनि त्यसै फर्कन्छन्। एक मनले भने खल्तीको गोली झिकेर भेलमा फालिदिउँ अर्को मनले भने फेरि खोजखबर भयो भने, धेरैले थाहा पाएका छन्। भरे प्रहरिले घर घेराऊ गरे गोलीको खोज

गरे भने जँघार तर्दातर्दै खुट्टा काप्न थाले आदि आन्तरिक द्वन्द्व हुन् । यसरी द्वन्द्वै द्वन्द्वमा कथाले पूर्णता पाएको छ ।

### ४.४.८. अस्मिताको भारी

यस कथामा आन्तरिक र वाह्य दुबै द्वन्द्व सशक्त रुपमा प्रस्तुत भएको छ । यो द्वन्द्व म पात्र र समाजका दुष्ट व्यक्तिका वीचको हो । म पात्रमा अज्ञात भय र त्रासका सम्भव असम्भव काल्पनिक झाँकीहरु मानसपटलमा उम्रिदैं र विलाउँदै थिए, अतीतका विषाद र भविष्यका आशंकाहरु चस्स विझ्दै, सिरिङ्ग आङ फुलाउँदै अनि चिरिक्क कन्सिरी तताउँदै गर्ने आन्तरिक द्वन्द्व थियो । भने म पात्रले विवाह गर्दिन भनि बुवा सँग झगडा गरी पढ्न काठमाडौं आउनु तथा आफ्नो अस्मिताको लागि नाइके र अन्य ठिटाहरुलाई छलेर भाग्नु एवम् बुवालाई लछारपछार गर्दा के गरुँ के नगरुँ के भनुँ के नभनुँको अन्तर्द्वन्द्वबाट छटपटाउँदै चिच्याउनु आदि आन्तरिक एवम वाह्य द्वन्द्वबाट कथाले पूर्णता पाएको छ ।

### ४.४.९. ब्ल्याक होल

कथामा प्रयुक्त द्वन्द्वले कथाबस्तु सशक्त बन्न पुगेको छ । यसमा आन्तरिक र वाह्य दुबै द्वन्द्वको प्रयोग भएको छ । भर्खर आँगनबाट मुर्दा उठाएको जस्तै सुनसान, उजाड र शोकाकुल वातावरणमा रुमालिएछ घर, हजुरको पेन्सनले तरकारी किन्न पुग्ने होइन जस्ता प्रसङ्गले आन्तरिक द्वन्द्वलाई प्रकट गरेको छ । लेखक नोकरीबाट अवकाश प्राप्त गर्नु, छोराछोरीले थोत्रो बसमा स्कूल जाँदैनौं भन्नु, श्रीमतीले बोडिङ्ग स्कुल  खोल्नु बाह्य द्वन्द्व हुन् । यिनै द्वन्द्वका साथ कथाबस्तु अगाडि बढेको छ ।

### ४.४.१०. मास्तर वाबु

प्रस्तुत कथामा सशक्त मात्रामा बाह्य तथा आन्तरिक द्वन्द्वको प्रयोग भएको छ । यो द्वन्द्व चन्द्रप्रसाद, दीनानाथ र पार्वती बीचमा सिर्जना भएका छन् । आफ्नो घर व्यवहारका लागि पार्वतीले चन्द्रप्रसाद मास्टरले आफूलाई नराम्रोसँग हेर्‍यो भन्दा दीनानाथले पख, त्यो फुँडो मास्टरलाई एक दुई दिनमा म ठेगान लगाएर छोडिदिन्छु, सरुवा बदर गराउन, चन्द्रप्रसाद पार्वतीलाई लिएर जनसरकार कहाँ पुगे, दीनानाथलाई जनमिलिसियाले भाटे कारबाही गर्नु बाह्य द्वन्द्व हो । नामर्दकी जोइ हुनुभन्दा मर्दकी नोकर्नी हुनु बेस, एकदिन विहानै दीनानाथ, सन्यास लिएर गेरु बस्त्र सहित हरिद्वारतिर लागेको खवर कथामा प्रयुक्त आन्तरिक द्वन्द्व हुन् ।

### ४.४.११. स्वप्नयात्रा

प्रस्तुत कथामा सशक्त रुपमा आन्तरिक द्वन्द्वको प्रयोग भएका छन् । यो द्वन्द्व लेखकले देखेको सपनासँग सम्बन्धित छ । हैन आज कति बरबराइरहुन भएको ? के सपना देख्नु भयो ? कि सन्चो भएन, यस्तै उस्तै सपना देख्दै रहेछु, के स्पष्टीकरण दिऊँ । सपना सिम्झिएर घोरीदै थिए कल्पनामा प्रयुक्त आन्तरिक द्वन्द्व हुन् ।

### ४.४.१२. संभ्रान्त

कथा छोटो प्रकृतिको छ । यहाँ आन्तरिक द्वन्द्वको प्रयोग पाइन्छ । म पात्र जाऊँ नजाऊँ भेटुँ-नभेटुँ भन्दै उनको घरको घण्टी चिच्न पुगे । मैले भेट्न आएर गल्ती गरे क्यार, विहानी चिसोमा सास्ती मात्र दिएँ क्यार ? मनमनै भन्ठान्दै थिएँ । सट्टे बन्ने प्रयासमा बल्लतल्ल उठ्नु आदि आन्तरिक द्वन्द्वका साथ कथाबस्तु अगाडि बढेको छ ।

### ४.४.१३. स्वच्छ, प्रशासनका लागि

कथामा वाह्य तथा आन्तिरिक द्वन्द्वको सशक्त प्रयोग भएका छन् । कथामा हाकिमले सबै कर्मचारीलाई राम्रो काम गर्न ठूलो स्वरमा आदेश दिंदा, तल्लो स्तरका कर्मचारीले हाकिमको विरोध गर्दा, हाकिमले त्यसलाई प्रतिकार गर्नु बाह्य् द्वन्द्व हो भने कर्मचारीहरुले विरोध गर्दा हाकिम मौन रहनु, स्वच्छ प्रशासनका लागि मैले चाँडै यो ठाउँ छाड्नु बेस होला भन्दै मध्यरातमा बाटो लाग्नु कथामा प्रयुक्त आन्तरिक द्वन्द्व हुन् ।

### ४.४.१४. विरामी फूल

प्रस्तुत कथामा सशक्त मात्रामा आन्तरिक र बाह्य द्वन्द्वप्रयोग भएका छन् । यो द्वन्द्व समाज र जिजिभिषा वीचमा म पात्र र जापानी युवतीको द्वन्द्व हो । म पात्रले युवतीको मनमा आत्मविश्वास जगाउँनु, युवतीले लागु औषध छोडी बाँच्ने आशामा आफूलाई सुन्दर बनाउदै लग्नु बाह्य द्वन्द्व हुन भने म पात्रका बारेमा कल्पना गर्नु, म पात्र युवतीप्रति आकर्षित हुँदै जानु, हिड्ने बेलामा थाङ्ग्रोबाट झरेको लहराझैं असहाय र पथरा परेको अवस्थामा प्रकट हुनु आन्तरिक द्वन्द्व हो । यी नै द्वन्द्वका बीच कथा अगाडी बडेको छ ।

### ४.४.१५. हयाङ्जे नदीको किनारमा

प्रस्तुत कथामा सशक्त मात्रामा आन्तरिक द्वन्द्वका प्रयोग भएका छन् । यो द्वन्द्व म पात्र र डान्सिल वीचमा माइली दिदीको यादमा सिर्जिएका छन् । म पात्र डान्सिललाई देख्दै माइली दिदीलाई सम्झदै आफ्नो वाल्यकालको यादमा डुब्नु, दाम्पत्य जीवन बारे सोध्नु तथा सम्धि सम्धिनी बन्ने प्रस्ताब राख्नु आदि आन्तरिक द्वन्द्वहुन् । यसरी द्वन्दै द्वन्द्वमा कथाले पूर्णता पाएको छ ।

### ४.४.१६. स्वस्थ केटी

कथा आयामका दृष्टिले केही लामो तर एक बसाईमा पढ्न सकिने छ । यहाँ बाह्य द्वन्द्व तथा आन्तरिक द्वन्द्व दुबैको सशक्त प्रयोग भएको छ । बाह्य द्वन्द्व बेलीमाया र विभिन्न नेताहरुको वीचको द्वन्द्वहो । विभिन्न नेताहरुको व्यवहारले बेलीमाया सन्तुष्टि नहुनु, त्यस्तै अन्य कार्यकर्ता र बेलीमायाको बीचको कुराकानीमा पनि कार्यकर्ताको रहेक कुराको समर्थनमा खिन्न नहुनु पनि बाह्य द्वन्द्व हो । नेताकै कारणले पाटिमा लागेकोमा पछुतो लाग्नु । छोरी जनमिलिसियामा गएकोमा चिन्तालाग्नु, हाकिमलाई घरबाट छिटो पठाउन सोच्नु आदि आन्तरिक द्वन्द्वहरु हुन् । यसरी द्वन्द्वका बीच कथा अघि बढेको छ ।

### ४.४.१७. सुरसुधा

कथामा प्रयुक्त द्वन्द्वले कथाबस्तु सशक्त र गतिशील बन्न पुगेको छ । यो समाजको सम्पन्नता र विपन्नताको वीचमा भएको द्वन्द्व हो । सुरेशले आर्थिक अभावको कारण धनलाल साहुको गोठमा बस्नु पर्ने बाध्यता, पेट पाल्नकै लागि विहान पढ्ने र दिउँसो कामगर्नु पर्ने बाध्यता, धनीमानी भनाउँदो धनलाल जस्ता साहु उनीहरुको शोषणमा रमाउनु, सम्पन्नता र विपन्नता वीचको द्वन्द्व हो । त्यस्तै बजू नातिनीहरुको सम्झनामा भावविभोर भएर बस्नु, सुरेशले लाटी सुधालाई भगाएकोमा पछुतो मान्नु जस्ता आन्तरिक द्वन्द्वका साथ कथाले पूर्णता पाएको छ ।

### ४.४.१८. कालो चस्मा

एकालापको प्रयोग भएको यस कथामा आन्तरिक द्वन्द्वको सशक प्रयोग भएको छ । यो द्वन्द्व लेखक र समाज वीच भएको द्वन्द्व हो । काममा भ्रष्टाचार रहित हुनुपर्छ भन्नेहरु र उनीहरुले गरेको काम बीच सन्तुलन नहुँदा देखिने समस्याले देश विग्रँदै गइरहेको छ । यस्तै

भ्रष्ट र कामचोर प्रशासकहरुले गर्दा देश छियाछिया भइसक्थ्यो दोष जति पाटी र नेताहरुलाई जस्ता आन्तरिक द्वन्द्वका साथ कथाले पूर्णता पाएको छ ।

### ४.५. कथावस्तुको अवस्था

#### ४.५. १. गृहप्रेवश

वर्तमान समाजमा बढ्दै गएका वेश्याबृति लागु औषधको प्रयोग तथा चोरीठगीलाई कथावस्तु बनाइएको प्रस्तुत कथामा सुन्तलीलाई पुलिसहरुले जेलबाट मूल सडकमा छाडिदिएर फर्किनु कथाबस्तुको आरम्भ भाग हो ।

वेश्यावृत्तीमा लागेकी सुन्तली जेलबाट छुटेर रत्नपार्क भित्र चउरमा बसी पेट पालनका लाीग पूनः पुरानै अखडा पुग्नु । डबली सुन्सान र उजाड हुनु, दिन त्यसै वित्नु तर सुन्तलीले कुनै ग्राहक पाउन नसक्नु । सजिलै सँग पेट पाल्न र राम्रो लगाउनका लागि उसलाई केटी विक्रि गर्ने गिरोहको खोजि गरी किनकी ऊ बम्बै जान चाहन्थी कतै गासँ, बासको ठेगान नलागे पछि झट्ट फुपको घर सम्झि कथाबस्तु विकासको भाग हो ।

फुपूको घरमा कसैले मन नपराउनु, उसले खराब काम गरी जेल परेको कुरा थाहा पाउनु, आखिर जति घृणा गरेपनि रगतको नाता गाढा थियो भन्दै फुपूले बासदिनु, शारीरिक हिसाबले सुन्तलीलाई फुपूको घरको कामकाज कष्टप्रद लाग्नु, पेट पाल्नकै लागि जसोतसो काम गर्दै एकदित फूपाजुको हाकिमका काम गर्न थाल्नु, सुन्तलीले सर्वप्रथम हाकिम - हाकिम्नीलाई रिझाएर घर मालिक घरमा नभएको मौकापारी सबै श्रीसम्पती लिएर भाग्नु कथाबस्तु विकासको चरमोत्कर्ष भाग हो ।

एकदिन प्रहरी भ्यान आएर ऊ बस्ने ठाउँ अगाडि रोकिनु, उसलाई यसपालि चोरी अपराधमा समातेर थाना अदालत हुँदै पूनः जेल भित्र लग्नु कथाबस्तु विकासको उपसंहार भाग हो ।

#### ४.५.२. कुहिरो र कागहरु

हाम्रो देशको दुर्गम ग्रामीण भेगलाई लिएर कथावस्तु बनाइएको प्रस्तुत कथामा हाकिम काठमाण्डौंबाट केहीबेर हवाईजहाज र केहीबेर घोटा चढेर त्यसठाउँमा पुग्नु कथाबस्तुको आरम्भ भाग हो ।

हाकिम अफिसमा पुग्दा स्टाफ मिटिङ् चालिरहनु, भान्सेकेटोलाई कति खानु कालो चिया भन्नु, भोलिपल्ट देखि चमेलीले दूध लिएर आउनु, चमेलीले निहुरियर नमस्का गर्नु, दूध पानी नहाली ल्याउन भन्नु, कर्मचारी परिवार बसेकाले एकान्तको अनुभूति नहुनु, चमेली दूध लिएर आउँदा  हाकिमलाई एकछिन भएपनि घर सम्पन्न भएझैं लाग्नु, चमेलीमा दिनै पिछे परिवर्तन हुँदै जानु, विहान एकछिन व्याडमिन्टन खेलेर करेसाबारीमा जानु, काँक्रा, फर्सि, घिरौला मूला जस्ता तरकारीका वीउविजन रोप्नु, एकदिन चमेलीले गोबर बोकेर ल्याइदिनु, किन दुःख गरेको भन्दा के दुःख सर यति सेवा गरेको भन्नु, रामले किनेर हाल्छ भन्दा किन्न पाईदैन भन्नु, रेन्जर, फरेस्टरहरु काजमा फिल्ड गएकाले सिकारको सोख मेट्न विहान बेलुकी चरा मार्न निस्किनु कथाबस्तु विकासको भाग हो ।

भान्सेकेटो काठमाडौंबाट पठाएको सामान लिन विमानस्थल जानु, चमेली सन्चो भएन कि क्या हो सर भनि सुत्ने कोठामा आउनु, सन्चो नभएर होइन, हाकिम लागेर अर्थात हाकिमको विदारुमा खाएको मदिरा लागेर भन्दै उठी चमेलीका अङ्गप्रत्यङ्गमा चुम्बन वर्षाउनु । ऊ बल्ल तल्ल फुकिएर बरन्डामा छाद्नु, सामुदायिक वनविकास योजनाको कार्यक्रममा जानु, उसलाई त्यहि भेट्नु, आफू त्यस समुदायको सदस्य भएको बताउनु, खसीको मासु ल्याउनु, घरमा लोग्ने अपाङ्ग भएको र दुई छोराछोरीमात्र भएको बताउनु, उसले केही आशा गरेझै लाग्नु, पुरुषले गर्ने काम सबै चमेली आफैले गर्ने बताउनु, अक्सर भान्से केटो काठमाडौंबाट पठाएको समान लिन हवाईमैदान जानु, चमेली र हाकिम एक्लै भेट हुनु, हटियामा जानु, सँगै किनमेल गर्नु कथावस्तु विकासको चरमोत्कर्ष भाग हो ।

एका विहानै तल्सिङ्ले घरजग्गा फिर्ता लिएकोमा चमेली रुदै आउँनु, लोग्नेलाई हाकिमले कतै जागिर लगाईदिन नसक्नु, हाकिमको सरुवा हुनु, चमेलीले आफ्नो आड भरोस कोही नहुँदा आफूलाई पनि लैजाने आग्रह गर्नु, हाकिम हिड्ने बेलामा भेट गर्न कुर्दा आइनपुग्नु, हवाईजहाजले आफ्नो गतिलिनु कथाबस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.३. मारिया

नेपाल बाहिरको परिवर्तनको एसियाली दुःखको एक्ली नारीको अतीत विध्वस्त भएको इतिहाससँग जोडिएको कथाबस्तु बनाइएको प्रस्तुत  कथामा झरिबादल हटेर छयाङ्ग उघ्रिनु

विहानै उठेर झ्याल बाहिर हेर्नु अनि हतारहतार नित्यक्रिया सकेर बरन्डामा मारियाको प्रतिक्षा गर्नु कथाबस्तुको आराम्म भाग हो ।

मारियाको निकै प्रतिक्षा गर्दा पनि नआउनु, कार्पेट सफा गर्न लागेकी भारतीय युवतीलाई सोध्नु, लिफ्ट चलाएर उनको कोठासम्म पुग्नु, ब्रेकफास्टका लागि भूइँतलमा झर्नु, चौकीदारलाई सोध्नु, काउन्टरमा गएर ब्रेकफाष्ट कार्ड देखाउँदै माग्दै गर्नु मारियालाई पहिलो पल्ट होटलको बारमा गीतगाई रहेको भेट्नु । अर्को दिन, लिफ्टमा भेटेर परिचय हुनु, दुबै एक आपसमा घुलमिल हुनु कथाबस्तु विकासको भाग हो ।

पहिलो पल्ट सिङ्गापुर पुगेको लेखक र मारिया माउन्ट भिक्टोरिया घुम्न जानु, भिक्टोरिया पार्कको यात्रा सकेर समुद्री किनारमा पर्यटकीय स्थल घुम्नु, आरामदायी कुर्सीमा पल्टिदा झोलाबाट क्यासेट झिकर शोकाकुल बन्दै गीत सुन्नु, आफ्ना बा, आमा र बहिनीलाई पृथक्‌ताबादी गुरिल्लाले मारेको र आफूमात्र सङ्गीत महाविद्यालयमा भएकाले बाँचेको बताउँनु, अर्को दिन सन्तोषा टापुको यात्रामा जानु लेखकले आफ्नो देशको संस्कृतिको पोष्टर, कार्ड देखाउनु मारियाले आफूले धेरै देश घुमेको र नेपाल पनि आउने इच्छा देखाउनु कथाबस्तु विकासको चरमोत्कर्ष भाग हो ।

मारियाले लेखकलाई काम खोजेर आफूलाई नेपाल डाक्न अनुरोध गर्नु, मारिया प्रार्थना गरेर फर्के पछि सँगै नास्ता गर्नु, लेखकलाई बिदा गरेर बाटो लाग्नु कथाबस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.४. रङ्गीन टिभी

गाउँले जनजीवनमा आएको परिवर्तनको यथार्थ घटनाहरुलाई लिएर कथावस्तु बनाइएको छ । गाउँमा धेरै कुराको विकास भएर धनी मानिसहरु नाङ्गिनु देखि नाङ्गा भोकाहरु भरिभराउहुनु कथावस्तुको आरम्भको भाग हो ।

रङ्गनाथ काका विरामी श्रीमतीलाई घरमा ल्याएँपछि आफ्नो सम्पूर्ण खेतबारीमा हेर्न जानु तर खेतबारीमा भएको काम चित्त नबुझ्नु, घर फर्कदा गोठको हालत देख्दा झनै बिजोग लाग्नु, गृहिणीले सकीनसकी हल्का काम गर्नु । रङ्गनाथ काका घरमा आएर आफै ढिडो पकाएर खानु कथावस्तु विकासको भाग हो ।

छोरी-बुहारी छाडा भएर जथाभावी बिगो गर्दै उताउलो भएर हिड्नु, रङ्गनाथकाको घरमा सबै भन्दा पहिला रेडियो, ग्रामोफोन, क्यासेट, रङ्गीन टिभी आइपुग्नु, गाउँका सबै टिभी हेर्न आउनु, रङ्गनाथ काका र बुहारी राती अबेर सम्म विभिन्न छाडा खाल्को दृश्य हेर्दा हेर्दै एक अर्कामा नातानै विर्सेर समर्पित हुनु, गृहिणी विरामीहुँदा बुहारीको साहचर्य र रागात्मकतामा रङ्गनाथ काका ढल्किनु, गृहिणीले राती ढिलासम्म टिभी नहेर्न भन्दा उल्टै गाली गर्नु, छोरो जागिरमा मस्त भएर सुरासुन्दरीमा भुलेर बस्नु, आफूले लगाएको कमाइ भित्राएर खेतबारी अधियाँ दिनु, बुहारी कुनै काम गर्न नपर्दा ठाँटिएर.गाउँघर तिर ढल्कनु कथावस्तु विकासको चरमोत्कर्ष भाग हो ।

हिउँदको एक चिसो विहानै काकीको मृत्यु हुनु, छोरा क्रिया सकि आफ्नै ठाउँ फर्किनु, रङ्गनाथकाका र बुहारीको चर्तिकलाले गाउँघरमा शिर निहुरिनु कथावस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.५. चिन्तामग्न

मानिसलाई अरुको जीवनशैली देखेर मनमा उठ्ने विभिन्न चिन्तालाई लिएर कथावस्तु बनाइएको छ । ऊ आज शनिबार विभिन्न शक्तिपीठ र दुर्गा, शिवको दर्शनगरी चिन्ता मुक्त हुने विचार गुर्न कथावस्तु प्रारम्भको भाग हो ।

घरबाट केहीपर पुगेपछि एउटा ग्यारेजमा कम्पाउन्ड भित्रै मोटर जलेर ध्वस्त भएको देख्नु, सधैं पानखाने पान पसल्नीलाई उसको व्यवहार हेर्दा विभिन्न रोग लागेको हुन सक्ने शङ्का लाग्नु, साहुनीको सुन्दर मुस्कानलाई अँध्यारो दृष्टिले प्रत्यत्तुर दिएर बाटोलाग्नु, गौशालाको चोकैनिर मूलसडममा एउटा साँढेको शव लम्पसार परेको भेट्नु कथावस्तु विकासको भाग हो ।

मन्दिरबाट फर्किएर पत्रिका किनेर हेर्दा कम्प्युटरमा भाइरस पसेर गलत सूचना प्रबाहित हुँदा दुबै राष्ट्रका सैनिकहरुको सम्भावित भिडन्तको स्थिति देख्नु, मासुपसल्नीले मासु दिएर पैसा नलिएकोमा छोरीलाई गाली गर्नु, भान्सेकेटालाई हातमा झोलाथमाएर बैठक कोठातिर लाग्नु कथावस्तु विकासको चारमोत्कर्षको भाग हो ।

आफूसँग पढ्ने युवतीको विवाहको निम्ताकार्ड टेबुलमाथि हुनु, युवतीलाई आफूले निर्णय दिन नसक्दा अन्तै विवाह गर्नु, हुन सक्ने पारिवारिक छहारीबाट टाढा पुग्नु, चिन्ता नगर्ने प्रण गरेकाले यताउता मन बराल्दाबराल्दै विहानीदेखिका घटनाप्रवाह श्रृङ्खलाले

थकित स्मृतिपटलमा फन्कामार्दामार्दै चिटचिट पसिना आउनु कथाबस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.६. विसर्जन

बाहिर सभ्य र नैतिकताको खोल ओढेर र भित्रभित्रै गरिने अमानवीय कार्यलाई कथाबस्तु बनाएको प्रस्तुत कथामा आज मेरो विवाहको दिन रे ! सुक्दै जान लागेको फूलको विरुवाको  फेदमा मलजल पाएर पूनः बौरिदै छ भनि आफैमा मक्ख पर्नु कथावस्तुको आरम्भ भाग हो ।

आफूले पहिले धेरै पटक रहर गर्दा पनि विवाह हुन नसक्नु, दाजुले पठाएको सुन्दर एक युवकको फोटो घरीघरी हेरी कुरा गरी रहनु, कल्पना मै मीठामीठा सपना देख्नु, दाजुले अमेरिकाबाट चिठीमा फोटो पठाएको सम्झना गर्नु, विदेशमा गएर विबाह गर्ने इच्छ नहुँदा पनि आमा घरीघरी विरामी पर्नु र स्वर्गीय बाबुको फोटो हेरेर रुदै शिथिल बनेकीले म पात्रले हुन्छ भनिदिनु, चौथो पटकको चिठीपछि, आमाले सम्झाउदा म पात्र र आमा, दाइले पठाएको टिकटमा अमेरिका पुग्नु, हवाईमैदानमा दाइमात्र लिन आउनु, एउटा सानो छुट्टै कोठामा लगेर राख्नु, यात्राको कारणले आमा विरामी पर्नु, विवाहको दिन आइपुग्दा पनि कुनै चहलफल नहुँनु , बेहुलीलाई सिगाँरने पनि कोही नहुनु  आमा छोरी दुबैले विवश्ताले मौन चित्कार आदानप्रदान गर्नु कथाबस्तु विकासको भाग हो ।

एक्कासि टुप्लुक्क दाइ आइ पुग्नु । आमालाई च्याँठिएर हप्काउदै बसी रहन भनि म पात्रलाई लिएर जानु, एउटो ठूलो होटेलको अगाडि पुगेर गाडी रोकिनु, निस्किएर एउटा हल भित्र पस्नु, त्यहाँ रहेका  व्यक्तिहरुमा फोटोको व्यक्ति नपाउनु, भाउजुले हात समातेर, बगलको कोठामा लगेर हल्का श्रृङ्गार गरी हल बाहिर ल्याउनु, बुढो अमेरिकन मुसुक्क हाँस्नु, हिन्दू केटीलाई क्रिश्चियनसँग विवाह गरिदिनु, एउटै लाम्टो चुसेको दाजुले धोकादिनु, कथाबस्तु विकासको चरमोत्कर्षको भाग हो ।

सराब नपिउने हुँदा कोकमा सराब मिसाएर दिनु, कोक पिएर लठ्ठ भएको बेलामा औंठी लगाई विवाह गरिदिए । भाउजु पनि नशाले लठ्ठ भएर  अर्कै युवकको अँगालोमा लठारिनु, विहान विउँझदा आफ्नो धर्म संस्कार र अस्मिताको एकै पटक विसर्जन भएको पाउनु, कथित र किंकर्तव्यविमूढ बनेर छटपटाइ रहुन कथावस्नु विकासको उपसंहारभाग हो ।

### ४.५.७. गोली

द्वन्द्वकालको समयमा समाजमा बढ्दै गएको असुरक्षालाई कथावस्तु बनाइएको प्रस्तुत कथामा आज भन्दाअघि उनले गोली भन्ने बस्नु नदेख्नु, देख्दैमा उनलाई चिटचिट पसिना आउँनु थाल्नु, तातै गोली जतिजति सेलाउँदै गयो उतिउति उनी पनि मनमा कुरा खेलाउँदै जानु कथावस्तु प्रारम्भको भाग हो ।

एका विहान गोली त्यसरी आइपुग्दा छक्क पर्नु, आफ्नो हत्याका लागि गोली ठोकिएको हुन सक्ने निष्कर्ष निकाल्दै धर्मपत्नीलाई बोलाएर बृतान्त बताउनु, दुबै जनानौलो विपतिबाट किंकर्तव्यविमुढ भएर विह्वल बन्नु, आखिर आपतविपद आएपछि चियापसलमा गएर गोलीको बृतान्त बताउदै प्रदर्शन गर्न थाल्नु, हतियार धारी विद्रोही समूहले उनलाई तारो बनाएको तर्क आउनु, खोका नभएको गोलीले केही बातकसूर नलाग्ने तर्क आउनु, गोलीलाई बारीमा पुरेर सुत्नु , रातभरि नानाथरीका सोचाइने मानसिक तनाव र शारीरिक छटपटी बढ्नु, विहानै गोली पुरेको खाल्टोबाट निकाल्नु त्यसलाई बुझाउनु जिल्ला सदरमुकातिर लाग्नु कथावस्तु विकासको भाग हो ।

डी.एस्.पी. समक्ष कुरा राख्ने सोचे तर हातहतियार गोली गट्ठा जस्ता विषयमा ख्यालठट्टा वा हल्का रूपमा पेस नहुनु चेतवनी हुने भएले तर्सिनु सी.डी.ओ. लाई भेट्न जानु, त्यहाँको प्रहरी र निजामती कर्मचारीलाई देखेर उल्टै आतङ्कित बन्नु, खरिदारसँग सल्लाह माग्नु, शङ्का लागे उल्टै जेल कोचिदिन्छन् भने बमोजिम उनी घरतिरको बाटो लाग्नु, घर जाने बाटो पनि निकै अपठ्यारो लाग्नु, आउँदा तरेको खहरेखोला बाढी आएर तर्न नसक्ने हुनु, लौरोको सहाराले खोला तर्न खोज्नु तर पनि मनमा गोलीको भए नजानु, खोलामा फालौभने पनि सबै मानिसले देखेका छन् भनि सोच्दासोच्दौ काप्न थाल्नु कथाबस्तु विकासको चरमोत्कर्षको भाग  हो ।

उनलाई खहरेको बाढीले बगाउनु, बटुवा, खेताला र गोठालाको सहायताले झिक्नु, गोली भने उनको कोटको खल्तीमा भएकाले कोटसँग बगाउनु, होसमा आएपछि छोरालाई सोध्नु, गोली बगाएको सुन्दा घरी प्रसन्नचित्त बनाएर उज्यालो अनुहार पार्नु घरी विषाद र विभीषिकाले घनीभूत हुँदै सन्त्रस्त बन्नु कथावस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.८. अस्मितको भारी

समाजमा रहेको उद्धारका नाममा गरिने विकृति तथा घटानाक्रमलाई कथावस्तु बनाएर लेखिएको प्रस्तुत कथामा चितवन उपत्यका नाघेर बस अँध्यारो खोचभित्र पस्नुबाट कथाबस्तुको प्रारम्भ भएको छ ।

जाउँ कि नजाउँ दोमन हुँदाहुँदै म पात्र घरबाट हिँड्नु । चढूँ कि नचढूँ दोमनमै बसभित्र चढ्नु बसमा सिङ्गै खाली सिट भेट्नु , अज्ञात, भय र त्रासका सम्भव असम्भव काल्पनिक झाँकीहरु मानसपटलमा उफ्रिदै, विलाउँदै गर्नु, सानी आमाको कचकचले भरतपुर क्याम्पस छोडेर काठमाण्डौ आउनु, दाजु भाउजु छुट्टिएकाले वास्ता नगर्नु, आमाको पेवाखर्चले पढ्नु, पाठेघरको ट्युमरले आमाको मृत्यु हुनु । बाले दोश्रो विहे गर्नु, सानीआमा आएपछि घरमा सबै वात्सल्य, आकर्षण र मायाममता हराउँदै जानु । दाइको विवाह हुनु, मेरो विहेको करकाप चल्नु आफ्नै खुट्टामा उभिने सामर्थ्य हासिल गरेपछि मात्र विहे गर्छु भनि झगडा गर्नु, आमाको पेवा सम्पतिले अहिलेसम्म टिक्नु, बसको गतिको आरोहअवरोह सँगै त्रिशूली नदी बग्नु, गतवर्ष म पात्र काठमाण्डौंबाट फर्किदा अपहरण प्रयास हुनु, बसका केही मानिसले भिड्ने हिम्मत गरेकाले अस्मिता जोगिनु, विहे नगरेकोमा पछुतो लाग्नु, मुग्लिन आइपुग्न ढिला हुनु, दासढुङ्गा भखैरै नाघ्नु, घुम्तीमा कुइँकक घुम्दा पल्टिएझै लाग्नु घुम्तीमा बस डयाम्म जुधेर सिगौरी खेल्न थाल्नु, बस पल्टियो, कति बेहोस भए, कति मरे, बाँचेकाले खबर गरेपछि उदार टोली आइपुग्नु कथावस्तु विकासको भाग हो ।

उदार टोलीको नाइकेले बसमा भएको सबै सम्पति लुटपाटगरी, घाइते महिलालाई बलत्कार गरी बस त्रिशूलीमा खसाल्ने सल्लाह गर्नु, यी सब हेरी रहेकी म पात्रले मर्ने भयले चिच्याउँनु, म पात्रलाई पनि बलत्कार गर्ने प्रयास  हुनु तर म मात्रले आफू नछुने भएको र लगाएको टालो झिकेर देखाउनु, पानीले सफा गरी झाँडीमा बस्ने सर्तमा बाहिर निकाल्नु, नदीमा सफा गर्न जाँदा त्याहाँबाट भाग्नु, रुखको टुप्पोमा चढेर बस्नु, ती उद्धार टोलीले बसलाई त्रिशूली नदीमा खासाल्नु, म पात्रलाई जङ्गलमा खोज्नु तर नभेट्नु, म पात्र डर र त्रासमा त्यो रात जङ्गलमानै बस्नु कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

उज्यालो भएपछि अपराधी भेटिने डरले वनजङ्गल र गाउँ हुँदै पैदल बाटो घरमा पुग्नु, बस पल्टिएको खबर अनि छोरी बेखबर हुँदा आतिएका बा र छोरी आँगालो हालेर रुनु भोलिपल्ट आँगनमा एक हुल मानिस आएर बालाई लछापछार पार्नु, पत्रिकामा बस पल्टिएको

बसको यात्रुको गहनागुरिया र पैसा लुटेर भागेको आरोपमा फोटो सहित समाचार छापिनु बालाई लछारपटार गरेको देख्दा आतिदै छाँद  हाल्न पुग्नु फुत्किने प्रयास गर्दागर्दै असमर्थ बन्नु कथावस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.९ ब्ल्याक होल

नेपाली समाजमा माथिल्लो तहमा पुगि सम्पन्न परिवारको छोरी विबाह गर्ने कर्मचारीहरुले भोग्दै आएको पीडा व्यथालाई कथावस्तु बनाइएको प्रस्तुत कथामा त्यसैदिन अवकाश पुर्जी पाइन्छ भन्ने निश्चित हुनु कथावस्तुको आरम्भ  भाग हो ।

अवकाश पुर्जी सुब्बाले ल्याएर दिनु, विदाबारी सकेर सरासर घर लाग्नु, पहिलो पल्ट जागिरे भएर कार्यालय गएको दिन र आज फर्केको दिनको तुलना गर्नु, मन कुकर भित्र छड्केको झोल पदार्थझै शरीरका बन्द ढोकाभित्र छड्कदै गर्नु भर्खर आँगनबाट मुर्दा उठाएको जस्तै सुनसानु उजाड र शोकाकुल वातावरणमा रुमलिनु, कृतिम हास्य प्रदर्शनको प्रयाससँगै भित्र पसेर सहज बनेको आभाष दिनु आफ्नो बाल्यकालदेखि पेट पाल्न सानोतिनो नोकरी गर्दै अनि पढ्दै गरेर लक्काजवान हुँदै अधिकृतको जागिरमा प्रबेश गरेको सम्झनु, सानै हैसियतको कुर्सीदेखि देशको सर्वोच्च प्रशासकीय पदसम्म पुगेकोमा सन्तोष गर्नु, उनको अध्ययन, लेखपढ् र लगनशीलबानीले खान्दानी परिवारकी केटीसँग विवाह हुनु, चिन्ताको चित्तबाट एक्कासि घर गृहस्थीमा फर्कनु, केही दिन त्यतिकै झोक्राऐरै बस्नु, उच्चस्तरीय पदमा बहाल छउन्जेल श्रीमती सुधी र नम्र हुनु, गाडी, साडी गहना गुरियादेखि पदप्रतिष्ठा सम्मको गौरवमा हालीमुहाली गर्नु, छोराछोरीको स्कुलबस, खाजा, कपडा, झोला आदिबारे निहुँ झिकेर झगडा गर्नु, पदावधि सकिने अन्य हाकिमहरुले जागिर खाइसकेको हजुर भने केही गर्न नसक्ने भनी झगडा गर्नु, साथीको छोराको विहेको निम्ता आउनु, श्रमितीको करमा जानु तर त्यहाँ आफूले अवकाश पाएपछिको व्यवहार देख्दा कतै नगई घोरिँदै घरतिर लाग्नु, विहान-विहान पशुपतिनाथको दर्शनमा जानु, तर एकदिन बाँदरले अत्याएपछि जान छाड्नु, हजुरको पेन्सनले तरकारी किन्न पुग्दैन बच्चाको टिफिन, स्कूल फीस, ड्रेस, किताव कसरी किन्ने भनि कटु शब्द प्रयोग गर्नु, छोराछोरीलाई कहिले नचढेको स्कुलबस जङ्गली काँडा भएर पाइलैपिच्छे विभ्नु, श्रीमतीको माइतीबाट आएको दाल, चामल, आँटा, चिउरा, घिऊ, तेलबाट घर चल्नु, घरअगाडिको चउरमा केटाकेटी खेल्दा बल उछिट्टिएर छेउको पसलेको पुर्पुरो सेक्नु, उसले तथानाम भनि गाली गर्दा अपमानित हुनुको तीब्र पीडाबोध हुनु, कहिले ब्युटिपार्लर खोलेर चलाउछु त कहिले बोडिङ्ग खोल्छु भन्नु,

श्रीमितीले निक्कैजोड गरेपछि स्कुल खोलेर चलाउने स्वीकृति र मागेजति रकम दिनु, कथावस्तु विकासको भाग हो । श्रीमतीले अत्याधुनिक खालको अङ्गेजी बोर्डिङ्ग खोलेर प्राचार्य बन्नु, शरीरमा चिनीको मात्रा अत्याधिक देखिनु । बढी निद्रा, थकाइ, आलस्य र मानसिक तनावका लक्षण बढ्दै जानु, श्रीमतीको नौला बयस्क शिक्षकहसँग बसउठ हुनु, घरैमा बोलाएर तासमण्डली जुटाउनु, खानपान गर्नु, नयाँ आगन्तुकले पहिलपहिले आदर गरे पनि पछि हराँउदै जानु आफू घाडो बनेको अनुभाव गर्न थाल्नु डाक्टरको सल्लाह अनुसार पैदलयात्रा गर्नु श्रीमतीको स्कुल नाफैनाफामा चल्नु, तासमण्डली र स्टाफमिटिङ्ग दैनिक घरैमा चल्नु, डिनरको आयोजनाभित्र विदेशी नशालु पदार्थको सरोवरमा रसरङ्ग, जम्न थाल्नु, पप, रक र हेभी मेटल आदि आधुनिक सङ्गीतले घर घन्किनु कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

छोराछोरी लेखपढ र खेलबहाडले आफ्नै संसारमा हराउन, स्वभाविक मानिस सबै गतिविधि पचाउनु प्रत्येक दिन पैदल भ्रमणबाट घर फर्कदा व्ल्याक होलभित्र पसेको अनुवभ गर्नु कथावस्तुको उपसंहारको भाग हो ।

### ४.५.१० मास्तर बाबू

ग्रामीण जनजीवनमा द्वन्द्वकालमा घट्ने यथार्थ घटनालाई कथाबस्तु बनाइएको प्रस्तुत कथामा त्यो हालै आएको नयाँ मास्टर मलाई नराम्रोसँग हेर्छ । हैन तपाई किन त्यसलाई केही गर्नु हुन्न ? विहान पँधेरो जाँदा ढुकेर बस्नु कथावस्नुको आरम्भको भाग हो ।

पार्वतीलाई साग टिप्दा मास्टरले क्वारक्वारती हेर्नु, पार्वतीलाई मास्टरले दागा धरेर पछि लाग्दा पनि कसैले केही नभन्नुले कस्ता नामर्द बस्ने ठाउँ रहेछ भनी फलाक्नु, सुन्दै दीनानाथ तनावग्रस्त हुनु, दिनानाथ दाउरा काट्न जानु, पावती घरधन्दा, सिध्याएर मकै भुट्न थाल्नु, नमस्कार भाउजु भन्दै आइ पुग्नु, मास्टरले क्वारक्वारती पार्वतीको अनुहार हेर्नु बदाम भुटेर दिनु उदण्ड र क्रुद अनुहार लगाएकी पार्वतीले गाली गर्नु पख न दुई चार दिन त्यस बदमासको छाला तारेर छोड्छौं हामी । हेर्लिम भन्नु, मास्टलाई ठेगान लगाउने उद्देश्यले पञ्चभेलाको आयोजना गर्नु, गाउँको सबै समस्याको बारेमा छलफल गर्नु तर मास्टरले राम्रै पढाएकोले सरुवा गर्न उचित नठान्नुले, भद्रभेला उठ्नु मास्टरका बारेमा केही कडा कुरा भन्छन् कि भनि आशा लिएर कान थापिरहेकी पार्वती जिल्ल पर्नु, पँधेराबाट पानी बोकेर आउँदा फलैंचामा मास्टर दीनाथसँग बसिरहनु, दीनानाथले मास्टरलाई धनसारमा

कोठा दिने कुरा गर्नु, पार्वतीले पनि दिनु, पैसा तिर्ने पाहुँनाका रूपमा मास्टरको खानपिन उनकै भान्सामा चल्नु, बाबुआमा गुमेपछि हरिद्वार गएर लामो समयसम्म पढ्ने-पढाइने काम दीनानाथले गर्नु, जेठाबाले खोजखजर गरी ल्याएर विवाह गरिदिनु, दीनानाथको धेरै समय जजमानीमा वित्नु, कहिले त दस-बाह्र दिनमा घर फर्कनु, मास्टरले विस्तारै पार्वतीलाई हरेक काममा सघाउनु, उनको प्रयत्न सहभागिता र अभिभावकत्वको सञ्जाल फैलनु, केही समय दीनानाथले श्रीमतीको चियोचर्चा गर्नु तर चुपचाप बस्नु विवश थिए । दीनानाथले एकदिन मास्टरको सरुवा पत्र जि.शि.अ., सी.डी.ओ. सँग रोइकराई गरेर ल्याउनु, पार्वतीलाई हप्काउनु, कथावस्तु विकासको भाग हो ।

मास्टरको सरुवा प्रसङ्ग सबैतिर फैलनु, सबैतिरबाट दीनानाथले सरुवा गराएकोमा अवाञ्छित व्यक्तिमा परिणत हुनु, पत्र बुझेर मास्टर पार्वतीलाई लिएर सरुवा बदर गर्न गाउँ जनसरकारकहाँ पुग्नु, मास्टरको संगतबाट धेरै कुरा जानी दीनानाथलाई उछिनेकी पार्वतीको उजुरी र बयानको आधारमा जनअदालतको निर्णय अनुसार दीनानाथ बाजे भौतिक कार्वाहीमा पर्नु, जनमिलिसियाले पुराण भन्दै गरेको दीनानाथलाई लाठैलाठाले जथाभावी भकुरेर भाटे कार्वाही गर्नु, भक्तजनकै अगाडि कुटेपछि बिचैमा पुराण छाडेर हप्तौसम्म थलापर्नु कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

कोही समयपछि दीनानाथ सन्यास लिएर गेरुबस्त्र सहित हरिद्वारतिर लाग्नु, गाउँघर, विद्यालय र जनसमुदायमा कुनै प्रतिक्रिया नआउनु कथावस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.११ स्वप्न यात्रा

**स्वप्न र भ्रान्ति**लाई कथाबस्तु बनाएको प्रस्तुत कथामा चोक फरक छ । कतै चौडा परेका, कतै घुँगुरिएका अनि कतै टुप्पो नुगेका आलमुनियमका बुट्टेदार खम्बाहरुमा मर्करीका लाप्सा तेर्सिनु कथावस्तुको प्रारम्भको भाग हो ।

चोकको जेब्राक्रसमा रङ्गरोकन गरिनु, रङ्गीचङ्गी बत्ती पिलिकपिलिक बल्नु, फूलका क्यारी सजिएको हुनु, उनी आफ्नो अगाडिको शारीरिक लाज छोप्ने प्रयास गर्नु, ठूलो एकादशी परेकाले मठमन्दिर जाने आफन्तलाई लाजमर्दो हुनु, मरेका माता पिता, हजुरबा र जिजुवराजुले एक मुठी आशीर्वाद दिननसकी वात्सल्यमय आँशुझारी मर्माहत हुनु । आमा पुकारेर चिच्याउँदा झल्याँस्स बिउँझिनु, उनी स्वप्नको दल्दलखाडीमा भाँस्सिनु, लज्जा, ग्लानी र त्रासले मन व्यथित हुन, कौसी, बरन्डामा टहलिएपछि शीतकालको सपनाले नपिर्ने

सोचले सिरकभित्र पस्नु, पहिलेकै सपना श्रृङ्खलाबद्ध भए अवचेतनामा घुम्न थाल्नु त्यही चोकमा उभिनु सबैले ढुङ्गा इटाँले प्रहार गर्नु, बल्लतल्ल भागेर घर पुग्नु, घर राक्षसको कब्जामा परिसकेको हुनु, दैत्यहरु अट्टाहास गर्दै उनको गर्धनमा धारिलो तरबार बज्रिनु, छ्याम्म आवाजसँगै दुई टुक्रामा परिणत हुनु, तरङ्ग ब्यूँझिदै स्वप्न पीडाका पसिना बगाउँदै जुरक्क उठ्दा केही नहुनु कथावस्तु विकासको भाग हो ।

एफ.एम.बाट भ्रष्ट प्रशासकको रुपमा उनको नाम पनि आउनु, अख्तियारले कार्वाही गर्नु, प्रातः भ्रमणमा कहिल्यै नपुगेका भीरपाखा, खोला, बगरमा हिँड्नु, अडेरी, बयर, धुर्सुल्को घारी भएको खोल्सामा हिड्दा पहराले धेरै घमण्ड नगर, बुकुना भागिहाल पदुवा भनि गाली गर्नु, टाउकोमा हातराखेर चिच्चयाउँदै भाग्नु श्रीमतीले घचघच्याएपछि झल्याँस्स बिउँझिनु, नसुत्ने प्रण गर्दागर्दै कतिखेर बोझिला आँखाको ढोका बन्द भए, पासपोर्ट र एयरपोर्ट भिसा लिएर अमेरिका पुग्नु एकदिन आफ्नै बुहारीले अख्तियार लागेर नेपालबाट भागेको भन्नु, अपरिचित नेपाली ठिटाहको सहयोगमा एक धनाढ्य अमेरिकी उद्योगपतिको कुकुर हेर्ने काम पाउनु कथावस्तु विकासको चारमोत्कर्षको भाग हो ।

एक दिन कुकुरलाई दारु खुवाएको आरोपमा मालिकले जागिरबाट निकाल्नु, भ्रष्टाचारविरुद्ध नेपाली नामक अनुसन्धानकारी संस्था खोल्नु, इन्टरनेटमा सूचना फिँजाउनु, उनमाथि लागेको अख्तियार दुरुपयोगको आरोपको सफाइ पाएको इमेल पढ्दै सडकमा नाच्नु, हैन के विधि भटभटाएको श्रीमतीको  खप्कीले झल्यास्स विउझिनु, के स्पष्टिकरण दिउँ भनि घोरिनु कथावस्तु विकासको उपसंहार भाग हो ।

### ४.५.१२. सम्भ्रान्त

नेपालमा रहेका केही बैभवशाली व्यक्तिको जीवनलाई कथावस्तु बनाएका प्रस्तुत कथामा जाऊँ नजाउँ लाग्दा लाग्दै त्यतै गएँ छु कथावस्तु प्रारम्भको भाग हो ।

भेटुँ -नभेटुँ भन्दाभन्दै घण्टी थिच्नपुग्नु, घण्टीको आवाजले कुकुर भुक्नु, कुकुरसँगै केटी आइपुग्नु, दर्शन गर्न भन्नु पर्ने रहेछ क्यार भेट्न आएको भन्दा तम्तमाउदो मुख पार्नु, माथिको अनुमति लिएर ढोका खोली, अगुवाई गर्दै सोफा, कुर्सीमा बस्ने इसारा गर्नु कुर्सीमा थचक्क बस्दै आँखा यताउति दौडाउनु, पन्ध्र बीस मिनेटपछि आगाडिको प्राङ्गणमा लसकलसक लस्किनु, शरीर कमजोर भएपनि अनुहारमा शासकीय ओज घामझैँ झलमल्ल फिँजिएको देखिनु कथावस्तु विकासको भाग हो ।

आरामै हुनुहुन्छ ? खै के आराम भन्नु, असमर्थताको गुनासो पोख्नु, भर्खरै विगत बनेको कालखण्डमा उनी शक्ति उपद्र र आतङ्कका प्रतीक थिए तर अहिले उनी गाह्रोसँग भित्तोमा अडिएर टुलुटुलु मेरो अनुहारमा स्वाँ-स्वाँ आवाजसँगै हेरि मात्र रहनु कथावस्तु विकासको उपसंहार भाग हो ।

विहानै चिसोमा दुःख दिएँ, म विदा पनि हुन्छु नमस्कार, हैन चिया पनि नखाई जाने ? धन्यवाद पछि आउने भाका राख्नु कथावस्तु विकासको उपसहारको भाग हो ।

**४.५.१३. स्वच्छ प्रशासनका लागि**

नेपाली समाजका असल कर्मचारीहरुले भोग्दै आएको पीडा व्यथालाई कथावस्तु बनाइएको प्रस्तुत कथा बुझ्यौ तिमीहले ? मलाई चानचुने मान्छे नसम्झ, कथावस्तुको प्रारम्भको भाग हो ।

सरुवा भएर आएकै दिन पहिलो स्टाफ बैठकमा हाकिमले सबै स्टाफलाई होसियारी साथ असल काम गर्न आग्रह गर्नु, प्रशासन सर्वसुलभ र पारदर्शी हुनुपर्ने गरिब निमुखाले छिटो न्याय पाउनुपर्ने, ढिलासुस्ती र भ्रष्टाचार गर्न पल्किएकालाई तुरुन्तै बानीबेहोरा सुधारेर आउन भन्नु, सबै फाँटहरुको कामकाज राम्रोसँग गर्दै जानु, शाखाफाँटहरु परिवर्तन गर्नुपरे भोलिपर्सि गरौँला म काम हेर्छु भन्नु हाकिम गएपछि कर्मचारकिो छलफल चल्नु, विषय नयाँ हाकिममै केन्द्रित हुनु शङ्कर सिटौलाले आफू त कालोपट्टि बाँधेर काम बन्द गरिन्छ भन्नु, शेखरलाल कर्णले पञ्चायतकालमा नडराएको प्रजातन्त्रमा को डराउने भन्नु, कुलानन्द झा कच्चा हाकिम धेरै बकबक गर्छ भन्नु, नयाँ मुल्ला प्याज ज्यादा खाता है भन्नु, शुभकली दुईचार पल्ट लुगाधुन क्वार्टरमा गएपछि हाकिम ठीक हुन्छ भन्नु, अफिस बाहिरभित्र, भोलिपल्ट स्थानीय पत्रपत्रिका, एफ.एम्.मा समेत हाकिमकै चर्चा परिचर्चा हुनु, कर्मचारी के गर्दा रहेछन् भनि विभिन्न फाँटको निरीक्षण गर्दै जाँदा अफिसको हालत देखी सबै अपरिचित माझ विद्युतीय धराप बनेर हाकिम पड्किँदा सबैको भागाभाग हुनु, सर्वसाधारण नागरिकहले निकै राहत महसुस गर्नु, सोझासाझाको कामै हुन नदिने दलालले बल्ल स्वाद पाए भनि व्यक्तिहरु खुसी हुनु, कथावस्तु विकासको भाग हो ।

भोलिपल्ट स्थानीय पत्रिकामा र एफ.एम.मा हाकिमको नकारात्मक टिप्पणी प्रसारित हुनुले दुष्ट प्रशासकको रुपमा बदनामी हुन, फाँटवालाहरु भेट्न आउनु, नमागी कतै बाहिरीयाहरुले दिने चियाखर्च भनि बन्दखाम दिनु, फलानो सरको पालादेखि चलेको चलन

भनि सर्वोत्कृष्ट प्रशासकमा गनिएको व्यक्ति नाम लिनु, हाकिमले खाम कुलानन्दको हातबाट स्वाट्ट थुतेर निधारमा  ड्याम्म बजारीदिनु । शुभकलीले सबैलुगा धन निकाल्नु हाकिमले लट्ठीले स्वाट्ट सोठ्याउनु सर्वदलिय बैठक बोलाउने सोचमा हाकिम हुनु तर एक्कासी बजारको माथिल्लो चोकबाट उनी विरुद्ध आपत्ति र अपमानजनक नारा सहित जुलुस निस्कनु, स्थानीय नेता, कर्मचारीहलाई मिलाएर काम गर्न नसकेको, महिलाविद्ध हिंसा व्यभिचारमा उत्रिएको, सुशासनको शैली सम्झन नसकेको जस्ता आरोप लागि प्रशस्त गुनासाहरु केन्द्रमा पुग्नु कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

तुरुन्तै हाजिर हुन गोप्यपत्र फ्याक्सबाट माथि बोलाउनु, जासुसले भोलि सरलाई कालो मोसो र जुत्ताको माला लगाउन भनिएको खबर ल्याउनु, पिउनले गाडीको ब्रेक छिनाली दिएको र शुभकलीले बेडरुममा सर्प राखिदिएको खबर ल्याउनु, अपहरण गरेर फिरौती माग्ने हल्ला पनि भएको बताउँदै जासुस जानु, स्वच्छ प्रशासनका लागि मैले चाँडो यो ठाउँ छाड्नु बेस भनि हाकिम मध्यरातमै बाटो लाग्नु कथावस्तु विकासको उपसंहारको भाग हो ।

### ४.५.१४. विरामी फूल

विदेशी सहरिया वातावरणमा हुर्किंदै गएको विकृति विसङ्गतिलाई कथावस्तु बनाइएको यस कथामा दैवी प्रकोप व्यवस्थापनको तालिम लिन म पात्र जापानमा सहभागी हुनु कथावस्तुको प्रारम्भ भाग हो ।

तालिमकै सिलसिलामा नागोया सहर जाने क्रममा म पात्र बसेको सिटमा एउटी मलिन र फुङ्ग उडेको अनुहार भएकी दुब्ली पातली युवती बस्नु, गाइडहरुले टोकियोका विभिन्न महल, होटेल र प्रतिष्ठानहरुको परिचय गराउनु, ती युवतीसँग म पात्रको परिचय हुनु, ड्रक्स खाने जस्तो कुलतमा फसेकीले उपचार केन्द्रमा बस्नु, व्यवहारमा सुधार भएकोले गाइहरुको काममा पठाउनु, म पात्रसँग युवतीले मनखोलेर सबै कुरा गर्नु, म पात्रले युवतीमा आत्मविश्वास जगाइदिनु, हप्ता दिनमा नागोयाको कार्यक्रम सकेर टोकियो फर्कनु, युवतीलई पनि व्यक्तित्व र क्रियाकलाप देखेर पुनस्थापन केन्द्रबाट घर पठाउनु, गाइडलिएर होकाइडो सहरतिर जानु, कथावस्तु विकासको भाग हो ।

होकाइडोबाट फर्किएपछि यवती भेट्न आउनु, उनको घरमा अतिथि भएर म पात्र जानु, विभिन्न परिकार खुवाउनुका साथै मूल्यवान उपहार दिई होटेलमा ल्याइदिनु, प्रत्येक जसो विदाको दिनसंगै घुम्न जानु, कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

युवतीले  पूनः पहिलेकै बानी लागु गर्नु, तालिम सकेर नेपाल फर्कने क्रममा हवाइ कार्यालयसम्म पुऱ्याउन आउनु कथावस्तु उपसंहारको भाग हो ।

### ४.५.१५. ह्याङ्जे नदीको किनारमा

विदेशी युवतीलाइ आफ्नो गाउँको माइली दिदीसँग तुलना गर्नुलाई कथावस्तु बनाइएको प्रस्तुत कथामा यी सडक किनारमा रुख छिमल्ने कुल्लीहरु नेपाली जस्ता छन् भन्नु कथावस्तु प्रारम्भको भाग हो ।

दक्षिण सिउल भएर बग्ने ह्याङ्जे नदीको किनारैकिनार सडकमा गफगर्दै हिड्नु विपरित दिसाबाट दुइटी युवती आउनु, ती युवतीलाई देखि बाल्यकालको अतित विचरण गर्न पुग्नु, माइली दिदीको झलक आउनु, सविना र ड्रान्सिल फिलिपिनो युवती हुन् । डान्सिलसँग बिसौं वर्ष देखि सम्पर्क र भेटघाट नभएको वाइवा दिदीको झलक मिल्नु, चियाखान जाउ सर भन्दा झल्याँस्स हुनु, तालिमको कार्यक्रममा फिल्ड भ्रमणमा लाग्नु, ह्याङजेनदीको किनारैको फाँटमा बस अडिनु कथावस्तु विकासको भाग हो ।

ह्याङ्जे नदिको फाँट निरीक्षण पछि वागवान केन्द्रमा पुग्नु, यान्त्रिक प्रयोगशाला बैज्ञानिक प्रदर्शनी, औद्योगिक प्रतिष्ठान, ऐतिहासिक किल्ला दरवारको निरीक्षण गर्दै तालिमको समापन हुने बेलुका कोरियन सांस्कृतिक कर्यक्रमका साथै खानपिनमा निम्ता हुनु, सबै  जना सहभागी हुनु, पारिवारिक जीवनका बारेमा कुराकानीहुनु, कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

पारिवारिक कुराकानीका समयमा दुबैले सम्धीसम्धिनी बन्ने ठट्टा गर्नु भोलिपल्ट बिदा भएर सबै आ-आफ्नो बाटो लाग्नु कथावस्तु विकासको उपसंहारको भाग हो ।

### ४.५.१६. स्वस्थ केटी

ग्रामीण जनजीवनमा घट्ने यथार्थ घटनाहरुलाई कथावस्तु बनाइएको प्रस्तुत कथामा आफू जस्तै जख्खु पाराको कुखुराको भाले काखी च्यापेर एउटी जखमले केटी ढोकैबाहिर भित्ताको आडमा उभिनु कथावस्तु प्रारम्भको भाग हो ।

त्यो केटी पूर्वी नेपालको दुर्गम क्षेत्रकी पहाडिया चेलीको विशुद्ध नमुन लाग्नु, अलिक चङ्खे खालको ठिटो सिपाहीले बैना दिने  भाले चाहिँ भोलिलेरा भन्नुपर्छ  भन्नु, म पात्रले भाले किनीदिनु, केटी मुख बोली पैसा पाएकोले मख्ख पर्नु, चुनाव परेकोले त्यस ठाउँको सुरक्षाका लागि सबै जान एकै ठाउँमा बस्नु, त्यस केटीले प्रत्येक दिन भाले ल्याउँनु, बेलुकी हुने रसरङ्ग कार्यक्रममा त्यो केटी पनि सहभागि हुन, मध्यरातमा रोइकराई गरेको स्वरले हामीलाई झस्काउनु, तीनै केटीको बलात्कार हुनु, केही समय पछि अर्को ठाउँमा क्रमश जादा त्यही भेट हुनु, माइला विष्टले राजनीति गर्नुपर्छ  भन्नु भएको बताउनु, बहुदली व्यवस्थाको प्रारम्भसँगै प्रशासकीय प्रमुख भएर पञ्चमीबजारमा पुग्नु, म पात्रलाई सौहार्दतापूर्वक स्वागत र सत्कार गर्नु, सानातिनाले राजनीति गर्नु भनेको झण्डा बोकेर हिड्नु हो भनि बताउनु, यस पटक शङ्कर सिंह बाबूसाहेवले राजनीति गर्नुपर्छ भन्नु भो भन्नु, यस पटक चुनावको समयमा पनि बेलीमायाको इज्जत लुटिनु । कथावस्तु विकासको भाग हो ।

म पात्र बढुवा भएर केन्द्रीय सचिवालयमा कार्यरत हुनु, पञ्चमी डाँडामा पूर्वाञ्चलको लागि विश्वबैंकको सहयोगमा बहुउद्देश्यीय तालिमकेन्द्रको निर्माण हुनु, त्यसको निरीक्षण गरी प्रतिवेदन तयार गर्ने क्रममा म त्यहाँ जादा धेरै कुराको विकास हुनु, बेलीमायासँग पूनः भेट हुन, उसको घरमा खानाखुवाउन लैजानु, ढोकै बाहिरको फलैंचामा एक जखमले केटी सुत्नु, त्यसै बेलुकादेखि उक्त तालिम केन्द्रमा माओवादीको तालिम दिन आएकी हुनु, जनमिसिसियामा भर्ना भएर कमाण्डर हुनु कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

बेलीमायाले  हतारहतार म पात्र लाई खाना खुवाएर पढाउनुपर्ने हुनु, काम सिदियोकि बाँकी छ, सरहरु पनि यो गाउँमा नबस्नोस्, बस्नै पर्ने भए यसै घरको बुइकलमा अहिल्यैदेखि गएर बस्नुहोस् भन्नु, हातारहतार खाना खाएर डराईडराई निस्कनु, हतारहतार विदा भएर त्यो महिलालाई मुरीमुरी धन्यवाद दिंदै निस्कनु कथावस्तु विकासको उपसंहारको भाग हो ।

### ४.५.१७. सुरसुधा

जुनेली आभाको  अभिसारसँग छिपिंदै गएको रातमा उसले झनझन् लामो लय तानेर बाँसुरी बजाइरहनु कथावस्तु प्रारम्भको भाग हो ।

सुरेश धनलाल साहुको गोठमा डेरा गरी बस्नु, जवान छोरी घरमा हुँदा घरभित्र डेरा नदिनु, बावुको असामयिक मृत्युले ठूलो धक्का लाग्नु, सुरेशको गतिविधि माथि सुधाको चियो चर्चो बड्दै जानु, सुरेश विहान क्याम्पस र दिउँसो काम गर्न जानु, हप्तै पिच्छे लाग्ने शनिबारे हटियामा आमा र बहिनीलाई बोलाएर मासुभात खुवाउनु, किनमेल गरेर पठाउनु, मङ्सिरे चाडमा घर जानु, सुन्तला टिपेर बजारमा बेच्न ल्याउनु, पिखुवा खोला किनारको डिलमा भारी बिसाई धरान बजार लगेर नौला ठाउँहरु सहर बजारको रङ्गीचङ्गीमा हात समाउँदै डुलाएर बाँसुरी किनिदिने स्वर्गबासी बाबुलाई सम्झीनु, भावुकतामा आँसु बगाउनु, भारी बोकेर साथीसँग उकालो लाग्नु, खोलावारिको बाटो हिँड्दै गर्दा खोलापारिको पहिरोमा आँखा पर्नु, त्यस पहिरोले सुरेशको सिम्लेखेत बगाएको हुनाले त्यही सम्झानामा आँसु बग्नु । डेरामा आएर भारी विसाउनु लामो हिडाइको थकाइले कुन बेला निदायो थाहै नहुनु, सुरेश र सुधाले भाग्ने विचार बनाउनु, सुरेश चौतारोमा पर्खिबसनु, सुधा पँधेरातिर जानुको सट्टा पूर्व सल्लाह अनुसार लाग्नु, सुधा र सुरेश अंगालो मार्नु, मलाई माफ गर सुरेश म बोल्न सक्दिन सुरेश स्तब्ध बन्नु, एकै छिनको सानो गलफतीपछि दुबै मधेसतिर लाग्नु, कथावस्तु विकासको भाग हो ।

मूल बाटोमा चिनेका मानिस भेटिने डरले बिनाबाटो आगाडि बढ्नु बेलुकीपख अरुण नदीको किनारमा पुग्नु, प्रहरी र आफन्तको डर हुनु, एउटा लठेब्रो र बजू मात्र भएको घरमा बास बस्न जानु, बजूले असाँध्यै मायाममता गर्नु, राति झलक्क सुधाको स्वर झैं नारीत्व पनि अपूरो त छैन भनि सम्झना हुनु, सबैतिर छामेर हेर्नु, फर्किदा यही बाटो आउनु भनेर बाचा गराउनु, घण्टौसम्म घर नफर्किएपछि डेरा गरी बस्ने केटासँगै सुधा हराएको अनुमान गर्नु, सबैले सुरेशलाई लाटी सुधा किनलग्यो होला भनि चर्चा चल्नु, लगातार तीनदिनसम्म भाग्नु, कुबाटो हिड्नुपर्दा महाभारत डाँडा काट्नै दोब्बर समय लाग्नु, कथावस्तु विकासको चरमोत्कर्षको भाग हो ।

बल्लतल्ल पहाडमूनि कछाडमा रहेको भरिया बस्ने पाटीमा बास बस्न पुग्नु, सोही रात विद्रोही र सिपाहीका साथ गोली चल्नु, विहान एफ.एम. रेडियोमा दुईजना आतंककारी मेरेको समाचार प्रसारण हुनु, कसैले वास्ता नगर्नु तर नजिकैको गाउँमा दुर्गन्ध फैलिएपछि कुभ्भ्कड प्रौढहरुले आएर हेर्नु, महिला पुरुष आकृतिका दुई कड्काल र तिनको बगलमा दुईटा बाँसुरी देखिनु, घटना भएकै रातीदेखि मध्यरातमा बाँसुरीको लामो लचकदार आवाज आउन थाल्नु कथावास्तु विकासको उपसंहार भाग हो ।

### ४.५.१८ कालो चस्मा

नेपालको प्रशासनिक क्षेत्रको कथावस्तु उल्लेख गरी बनाइएको प्रस्तुत कथामा उसले आँप जस्तै गरेर आफूलाई ताछिरह्यो धारिलो स्याँगीले कथावस्तु प्रारम्भको भाग हो ।

आँपखादाँ वेस्वाद लाग्नु, काक्रोमा हैजा र किटाणु हुनसक्ने आशंकाले फाली पोटास पानीले मुख खकाल्नु, भोजको दुईदिनअघि सम्म निम्ताकार्ड नाउँदा चिन्ता लाग्नु, ऊ भित्रभित्रै सरकारप्रति भावविभोर भएर खुसी हुनु, भोज हुने भव्य महल बाहिर ग्रेटमा पुग्दा सकस भएको महसुस गर्नु, गाडी पार्किङ्ग गरेर सयौँको हुलभित्र एक्लै हराउनु, सबैले उसकै कुरा काटेझैँ लाग्नु कथावस्तु विकासको भाग हो ।

सबैतिर पालै पालो घुमफिर गर्नु तर बसै ठाउँमा उसकै करा काटेझैँ लाग्नु, भष्ट र कामचोर प्रशासकहरुले गर्दा देश छियाछिया भइसक्यो, दोषजति पार्टी र नेताहरुलाई भन्नु, भोजमा आफूलाई भरभराउँदो भुङग्रोमाथि ओदान राखेर पोली सेकुवा बनाएर मसला चोप्दै खाए झैँ लाग्नु कथावस्तु विकासको चरमोत्मर्षको भाग हो ।

बफे खान लाग्दा बत्ती जानु, बत्तीआउँदा उसले निकै खाइसकेको हुन्छ, ऊ यति खान्छ कि बफे सकेर सबै लाखापाखा लाग्दा पनि उ आफैमा हाँस्दै, बच्चा जस्ते क्वाँक्वाँ रुदै खाइरहेको हुनु सायद उसलाई सम्झाइबुझाई गर्न कोही बाँकी नहुनु कथावस्तु उपसंहारको भाग हो ।

## ४.६. उद्देश्य

### ४.६.१. गृहप्रवेश

यस कथामा मानिसको जीवनमा शिक्षा, सचेतता तथा सुदृढ अभिभावकत्व नहुँदा कसरी विशृङ्खल र विसङ्गत बन्दै यौनकर्ममा लागू औषधको प्रयोग तथा चोरी ठगीमा संलग्न हुन्छन् भन्ने कुराको यथार्थ चित्रण गर्नु कथाकारको मुख्य गद्देश्य रहेको छ ।

### ४.६.२. कुहिरो र कागहरु

यस कथामा निम्नवर्गीय परिवारमा पुरुष बलिष्ठ नुहँदा एक नारीले भोग्नुपर्ने समस्याहरु संबेदनशील ढङ्गले प्रस्तुत गर्नु तथा विना सोचीसम्झी अरुको भरपर्दा व्यवहारिक जीवनमा अन्योलपूर्ण र अनिश्चित वातावरणमा डराउनुपर्ने बाध्यतालाई कलात्मक ढंगाले प्रस्तुत गर्नु कथाकारको उद्देश्य रहेको पाइन्छ ।

### ४.६.३ मारिया

समसामयिक विश्वको आँगनमा पोखिएको विघटित जीवनशैली प्रस्तुत गर्दै नेपाल बाहिरका परिवर्तनको, एसियाली दुःखको, एक्ली नारीको उसको कसरी विध्वस्त भयो भन्ने कुरालाई कलात्मक ढंगले प्रस्तुत गर्नु कथाकारको उद्देश्य रहेको छ ।

### ४.६.४. रङ्गीन टिभी

प्रस्तुत कथामा प्रजातन्त्रको आगमन सँगसँगै भित्री गाउँसम्म कसरी परिवर्तनहरु र विकासहरु प्रवेश गरिरहेछ भन्ने कुरा प्रस्तुत गर्नु तथा रङ्गीन टिभीले समाजमा र मान्छेको सोचाइमा ल्याएको परिवर्तन एवम् त्यसलाई सही उपयोग नगर्दा त्यसबाट पर्नजाने विकृति र विसंगतिलाई संवेदनशील ढङ्गबाट व्यङ्ग्य गर्नु कथाकारको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.६.५. चिन्तामग्न

प्रस्तुत कथामा मानिसले जति सुकै चिन्ता लिन्न भने पनि कुनै न कुनै कारणवाट चिन्तित बन्नु पर्दछ भन्ने कुरा देखाउनु कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.६. विसर्जन

यस कथामा धर्म संस्कृति, राष्ट्रियता र भूगोल सब मेटिएको, बिहेको मान्यता बदलिएको अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई कलात्मक ढङ्गले व्याङ्य गर्नु तथा कर्तव्यविमुख चरित्रले कति नारीहरुलाई विश्वभूमरीमा विलिन बनाएको यथार्थ चित्रण गर्नु कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.७. गोली

प्रस्तुत कथामा मानिसले कुनै पनि विषयमा विश्रृङ्खलित हुँदै गहिरिएर विनाकारण सोच्यो भने चिन्ताले मानिसलाई चित्तामा पुऱ्याउन सक्ने कुरालाई संवेदनशील ढङ्गबाट प्रस्तुत गर्नु कथाकारको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.६.८ अस्मिताको भारी

समाजमा विकृत, आतङ्क र हत्या बढेको कारण उत्पन्न भएको बढ्दो अपराधीकरणको त्रासद स्थितिलाई प्रस्तुत गर्नु तथा समाजमा नारीवर्ग अत्यन्तै असुरक्षित छन् भन्ने कुरा देखाउनु कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.९. ब्ल्याक होल :

प्रस्तुत कथामा अस्तित्वबोधका साथै चरित्रवान् कर्मचारीको अवकाश पछि पैदा हुने लघुताभास तथा सम्पन्न र कम उमेरकी कन्यासँग विवाह गर्दा निस्कने प्रतिफललाई प्रस्तुत गर्नु कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.१०. मास्टर बाबू

प्रस्तुत कथामा अहिलेको बद्लिँदो भयावह परिस्थितिलाई देखाउनु तथा शान्त र स्थिर जीवनमा विखण्डन ल्याइदिने मनोवृत्तिको चित्रण गर्नु कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.११. स्वप्नयात्रा

प्रस्तुत कथामा यथार्थको प्रतिविम्बद्धारा अपराधी मन सधै सशङ्कित रहन्छ भन्ने मनोवैज्ञानिक सिद्धान्तलाई प्रस्तुत गर्नु कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.१२. सम्भ्रान्त

यस कथामा नेपाली समाजमा अहिले पनि एक थरी मानिसहले कसरी अनावश्यक रबाफले  धन खर्च गरी अमानवीय व्यवहार ओज र रवाफको पालनपोषणमा लगानी गर्छन् भन्ने तथ्य उद्घाटन गर्नु नै कथाकारको मुख्य उद्देश्य रहेको छ ।

### ४.६.१३. स्वच्छ प्रशासनका लागि

नेपाल राष्ट्रको शासनपद्धति फितलो भएका कारण यहाँका प्रशासनिक क्षेत्रका माथिल्लो ओहदामा निहित व्यक्तिदेखि तल्लो ओहोदामा कार्यरत कर्मचरीमा स्वार्थी भावनाको विकास हुनु तथा एकदुई अनुशासीत कर्मचारी निस्केमा भ्रष्टताको अघि टिक्न नसकि स्वच्छ

प्रशासनका लागि त्यो ठाउँ नै छाड्नुपर्ने बाँध्यतात्मक स्थितिलाई पारदर्शी रूपमा कथामा प्रस्तुत गर्नु कथकारको उद्देश्य रहेको पाइन्छ ।

### ४.६.१४. विरामी फूल

प्रस्तुत कथामा सम्भ्रान्त देशका दिग्भ्रान्त युवायुवतीहरु धनसम्पति, अन्य सुखसुविधाले सम्पन्न भए पनि प्रेमस्नेहको अभावले गर्दा कसरी आधुनिक जगतमा निराश हुन्छन्, कुलतमा लाग्न सक्छन् भन्ने कुरा कलात्मक ढङ्गले व्यङ्ग्य गर्नु कथाकारको उद्देश्य रहेको पाइन्छ ।

### ४.६.१५. ह्याङ्जे नदीको किनारमा

प्रस्तुत कथामा आजको संसारमा नारीहरु पनि स्वअस्तित्वका लागि आफैँ जिम्मेवार छन् भने कुरालाई कलात्मक रुपले प्रस्तुत गर्नु कथाकारको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.६.१६. स्वस्थ केटी

प्रस्तुत कथामा तल्लो वर्ग, अशिक्षित र अल्पशिक्षितहरु कुनै न कुनै प्रकारको उत्पीडनको वा शोषणको कारणले विभिन्न वैकल्पिक रोजगारमा लाग्नुपर्ने बाध्यता तथा अशिक्षित युवतीलाई पथभ्रष्ट गराउँनेहरुमा पुरुषवर्ग, प्रशासक राजनीतिकर्मी र यस्तै चरित्रका व्यक्तिरहेको कुरामा व्यङ्ग्य गर्नु कथाकारको उद्देश्य रहेको पाइन्छ ।

### ४.६.१७. सुरसुधा

यस कथामा देशमा उत्पन्न सङ्कट र भयानक वातावरणमा परेर कति निर्दोष नरनारीको कसरी अकालै ज्यान गइरहेछ भन्ने कुरा देखाउनु कथाकारको मुख्य उद्देश्य हो ।

### ४.६.१८. कालो चश्मा

प्रस्तुत कथामा मानिसको जीवनभरिको अहङ्कार अत्याचार र गर्जनको पटाक्षेप हुँदा उनको स्थिति कति कहालीलाग्दो हुन्छ भन्ने कुरा कलात्मक ढङ्गले व्याङ्ग्य गर्नु कथाकारको मुख्य उद्देश्य रहेको पाइन्छ ।

## ४.७ भाषाशैली

### ४.७.१. गृहप्रवेश

यथार्थपरक विषयवस्तुलाई कथात्मक रूप प्रदान गरिएको यस कथामा सरल, सहज तथा पात्रानुकूलको भाषा प्रयोग भएको छ। वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको छ। दिउँसैदेखि ग्राहक र माल दुबैको चहलपहल हुने डवली सुनसान र चकमन्न थियो। पुरानै अखडामा पुगी, छापा मारेछ क्यार, सुनसान, उजाड लाग्ने डबली बाली उठाएको खलो जस्तै, ग्राहक भेटिएन जस्ता साङ्केतिक अर्थ बोकेको भाषाको प्रयोगले कथाको भाषा शैलीमा रोचकता थपेको छ।

### ४.७.२. कुहिरो र कागहरु

ग्रामीण परिवेशलाई कर्यापीठिका बनाइएको यस कथामा सरल, सहज तथा पात्रानुकूलको र भाषा प्रयोग भएको छ। वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको छ। कथामा स्वभाविक रूपमा विम्व, प्रतीक र निपातको प्रयोग पाइन्छ।

### ४.७.३ मारिया

कथामा सरल तथा स्तरीय भाषाशैलीको प्रयोग भएको छ। वर्णनात्मक संवेदनात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको छ। विभिन्न तत्सम, आगन्तुक, अङ्ग्रेजी शब्दहरु तथा ठाउँठाउँमा निपातको प्रयोगले भाषामा रोचकता थपेको छ।

### ४.७.४. रङ्गीन टिभी

प्रस्तुत कथा आयामका दृष्टिले केही लामो भएपनि एकै बसाईमा पढ्न सकिनेछ। ग्रामीण परिबेशमा घट्न सक्ने घटना क्रमलाई कथावस्तु बनाइएको यस कथामा सहज, सरल र पात्रानुकूलको भाषा प्रयोग भएको छ। विशेषतः वर्णनात्मक तथा संवादात्मक शैलीको माध्यमद्वारा कथाले पूर्णता पाएको छ। कथामा स्वभाविक रूपमा विम्व प्रतीक र निपातको प्रयोग पाइन्छ।

### ४.७.५. चिन्तामग्न

प्रस्तुत कथा आयामका दृष्टिले छोटो छ। सहरिया परिवेशलाई कार्यपीठिका बनाईएको यस कथामा सहज, सरल र पाठनुकूलको भाषा प्रयोग भएको छ। विशेषतः

वर्णनात्मक एवम् धेरै संवादात्मक शैलीको माध्यमद्वारा कथाले पूर्णता पाएको छ । कथामा स्वभाविक रूपमा विम्व, प्रतीक र निपातको प्रयोग पाइन्छ ।

### ४.७.६. विसर्जन

कथामा सरल तथा स्तरीय भाषाशैलीको प्रयोग भएको छ । एकालाप र बार्तालाप दुबैको समिश्रणबाट कथाले पूर्णता पाएको छ । कथामा स्वास्नी साटासाट गर्ने चलन छरे, धर्म संस्कार र अस्मिताको एकै पटक विसर्जन भएको पाएँ जस्ता साङ्केतिक अर्थ बोकेको भाषाको प्रयोगले कथामा कौतुहलता र कलात्मकता निर्वाह गरेको देखिन्छ ।

### ४.७.७. गोली

ग्रामीण परिवेशमा रचना गरिएको यस कथामा सरल सहज तथा पात्रानुकूलको भाषाशैलीको प्रयोग भएको छ । एकालाप तथा संवादात्मक दुबैको राम्रो समन्वय भएको छ । कथामा प्रयोग भएका विम्व, निपात र प्रतीकले भाषामा रोचकता थपेको छ ।

### ४.७.८. अस्मिताको भारी

यथार्थपरक विषयवस्तुलाई कथात्मक रूप प्रदान गरिएको प्रस्तुत कथामा सरल, सहज तथा पात्रानुकूलको भाषा प्रयोग भएको छ । एकालाप तथा संवादात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको छ । विभिन्न तत्सम, आगन्तुक शब्दहका साथै विम्व, निपात र प्रतीकको प्रयोगले भाषात्मक सहजता ल्याएको छ ।

### ४.७.९. ब्ल्याक होल

सहरिया परिवेशलाई कार्यपीठिका बनाइएको यस कथामा सरल तथा स्तरीय भाषाशैलीको प्रयोग भएको छ । वर्णनात्मक तथा संवादात्मक दुबैको राम्रो समन्वय भएको देखिन्छ । ठाउँठाउँमा अङ्ग्रेजी शब्दहको प्रयोग भएको पाइन्छ । कथामा स्टाफ मिटिङ्ग दैनिक रुपमा घरैमा चल्नु, ब्ल्याकहोल भित्र पसेको अनुभव हुन्छ जस्ता साङ्केतिक अर्थ बोकेको भाषाको प्रयोगले कथामा कौतुहलता र कलात्मकता थपेको देखिन्छ ।

### ४.७.१०. मास्टर बाबु

प्रस्तुत कथा आयामका दृष्टिले मझौला रहेको छ । ग्रामीण परिवेशमा घट्न सक्ने घटनालाई कथावस्तु बनाइएको यस कथामा सरल, सहज, तथा पात्रानुकूलको भाषा प्रयोग छ । विभिन्न तत्सम, आगन्तुक शब्दहरु तथा ठाउँ- ठाउँमा निपात लगायत ‘नामर्दको जोइ

हुनु भन्दा मर्दकी नोकर्नी हुनु बेस' जस्ता उखानको प्रयोगले पनि भाषामा मिठास थपेको पाइन्छ ।

### ४.७.११. स्वप्नयात्रा

कथामा प्रयुक्त भाषा सरल, सहज र पात्रानुकूल रहेको छ । एकालाप तथा बार्तालाप बाट कथाले पूर्णता पाएको छ । ठाउँ-ठाउँमा रिटायर्ड, एफ.एम्., अमेरिका, मिस्टर सेक्रेटरी न्यूयोर्क, इन्टरनेट इमेल जस्ता अङ्ग्रेजी शब्द, शीतकालको सपनाले पिरेझैं पिरेर, हलमा फिँजाएर कार बाहीरको धमाम दिनु जस्ता साङ्केतिक अर्थ बोकेको भाषाको प्रयोगले कथामा कौतुहलता र कलात्मकता निर्वाह गरेको देखिन्छ ।

### ४.७.१२. सम्भ्रान्त

सहरिया परिवेशलाई कार्यपीठिका बनाइएको यस कथामा सरल तथा स्तरीय भाषाशैलीको प्रयोग भएको छ । वर्णनात्मक तथा संवादात्मक दुबैको राम्रो समन्वय भएको देखिन्छ । दर्शन गर्न आरामै हुनुहुन्छ?, नमस्कार, धन्यवाद जस्ता स्तरीय भाषाशैलीमा संवाद भएको पाइन्छ । ठाउँ-ठाउँमा प्रशस्त, मात्रामा विम्व, निपात र प्रतीक प्रयोग भएको छ । तसर्थ भाषाशैली सरल तथा सहज किसिमको पाइन्छ ।

### ४.७.१३. स्वच्छ प्रशासनका लागि

कथा आयामका दृष्टिले केही लामो भएपनि एकै बसाइमा पढ्न सकिनेछ । नेपालको प्रशासनिक परिवेशमा घट्न सक्ने घटनाक्रमलाई कथावस्तु बनाइएको यस कथामा सरल, सहज तथा पात्रानुकूलको भाषा प्रयोग भएको छ । विभिन्न तत्सम, आगन्तुक शब्दहरुले तथा ठाउँठाउँमा निपात लगायत कच्चा हाकिम धेरै बकबक गर्छ, नयाँ मुल्ला, प्याज ज्यादा खाता है जस्ता उखान तथा हिन्दी शब्दको प्रयोगले पनि भाषामा मिठास थपेको पाइन्छ ।

### ४.७.१४. विरामी फूल

कथामा प्रयुक्त भाषा सरल, सहज र पात्रानुकूल रहेको छ । एकालाप र बार्तालाप दुवैको समिश्रणबाट कथाले पूर्णता पाएको छ । ठाउँठाउँमा अङ्ग्रजी, तत्सम, आगन्तुक शब्दहरु तथा विम्व, निपात र प्रतीक प्रयोगले कथाको भाषाशैलीमा सहजता ल्याएको छ ।

### ४.७.१५. ह्याङ्जे नदीको किनारमा

कथामा सरल तथा स्तरीय भाषाशैलीको प्रयोग भएको छ । विशेषताः वर्णनात्मक तथा संवादातात्मक शैलीको माध्यमद्वारा कथाले पूर्णता पाएको छ । कथामा प्रशस्त मात्रामा अङ्ग्रेजी, आगन्तुक, तत्सम, शब्दहरु तथा विम्व प्रतिक, र निपातको प्रयागले कथाको भाषामा रोचकता थपेको छ ।

### ४.७.१६. स्वस्थ केटी

प्रस्तुत कथा अपेक्षाकृत केही लामो भए पनि एकै बसाइमा पढ् सकिनेछ । चुनावको बेलामा ग्रामिण परिवेशमा घट्न सक्ने घटनाक्रमलाई कथावस्तु बनाइएको यस कथामा सरल, सहज तथा पात्रानुकूलको भाषा प्रयोग भएको छ । विभिन्न तत्सम, आगन्तुक अङ्ग्रेजी शब्दहरु तथा ठाउँठाउँमा निपात, विम्व, प्रतीक कथा उखानको प्रयोगले पनि भाषामा मिठास थपेको पाइन्छ ।

### ४.७.१७. सुरसुधा

कथामा सरल, सहज र पात्रानुकूलको भाषा प्रयोग गरिएको छ । वर्णनात्मक तथा संवादात्मक शैलीको माध्यमद्वारा कथाले पूर्णता पाएको छ । कथामा स्वभाविक रूपमा विम्व प्रतीक र निपातको साथै 'माया तिमै खोजीमा तस्विर राख्छु गोजीमा' जस्तो लोकगीतको बोलको प्रयोगले पनि भाषामा मिठास थपेको पाइन्छ ।

### ४.७.१८. कालो चस्मा

प्रस्तुत कथामा सरल, सहज तथा पात्रानुकूलको भाषा प्रयोग भएको छ । वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको छ । कथामा प्रयोग भएका विम्व, प्रतीक तथा निपातका साथै तत्सम, आगन्तुक र अङ्ग्रेजी शब्दहरुले भाषामा सहजता ल्याएको छ ।

## ४.८. दृष्टिविन्दु

### ४.८.१. गृहप्रवेश

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथा तृतीय पुरुष सुन्तली को केन्द्रीयतामा सीमित छ । कथा प्रवाहित कथाकारको सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुषको माध्यमद्वारा प्रवाहित भएको हुनाले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष हो ।

### ४.८.२. कुहिरो र कागहरु

प्रस्तुत कथामा बाह्य तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग भएको छ । तृतीय पुरुष चमेलीको माध्यमद्वारा कथाकारले आफ्ना सम्पूर्ण दृष्टिकोणहरु प्रस्तुत गरेका हुन् । यसरी तृतीय पुरुषकै दृष्टिबाट कथानक अघि बढेको हुनाले कथा बाह्य दृष्टिविन्दुमा संरचित छ ।

### ४.८.३. मारिया

यस कथाको दृष्टिविन्दु आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु हो । कथाको भोग्य पात्रहरु तृतीय पुरुष पात्रहरु भएपनि तिनीहरुको भोगाइलाई प्रथम पुरुष म पात्रकै माध्यमद्वारा प्रस्तुत गरिएको छ । यहाँ प्रवाहित सम्पूर्ण घटनाको भोग्य पात्र म भएकोले यस कथामा आन्तरिक दृष्टिविन्दु प्रयोग भएको पाइन्छ ।

### ४.८.४. रङ्गीन टिभी

प्रस्तुत कथाको दृष्टिविन्दु तृतीय पुरुष दृष्टिविन्दु हो । कथानक तृतीय पुरुषको केन्द्रीयतामा सीमित छ । कथामा कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुष दृष्टिविन्दुकै माध्यमद्वारा प्रवाहित भएको हुनाले कथाको दृष्टिविन्दु तृतीय पुरुष दृष्टिविन्दु हो ।

### ४.८.५. चिन्तामग्न

यस कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । कथानक तृतीय पुरुषको केन्द्रीयतामा सीमित छ । कथामा कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुषका माध्यमद्वारा प्रवाहित भएको हुनाले कथाको दृष्टिविन्दु तृतीय पुरुष दृष्टिविन्दु हो ।

### ४.८.६. विसर्जन

कथा आन्तरिक प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । कथानक 'म' पात्रको केन्द्रीयतामा सीमित छ । कथाकारका भाव वा विचारहरु प्रथम पुरुष 'म' का माध्यमबाट पाठक समक्ष प्रवाहित भएको हुनाले यस कथाको दृष्टिविन्दु आन्तरिक प्रथम पुरुष दृष्टिविन्दु रहेको पाइन्छ ।

### ४.८.७. गोली

कथाको कथानक तृतीय पुरुषको केन्द्रीयतामा सीमित छ । कथामा प्रवाहित कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुषका माध्यमबाट प्रवाहित भएको हुनाले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष दृष्टिविन्दु हो ।

### ४.८.८. अस्मिताको भारी

कथाको दृष्टिविन्दु आन्तरिक प्रथम पुरुष दृष्टिविन्दु हो । कथाको भोग्य पात्रहरु तृतीय पुरुष पात्रहरु भएपनि तिनीहरुको भोगाइलाई प्रथम पुरुष म पात्रकै माध्यमद्वारा प्रस्तुत गरिएको छ । यहाँ प्रवाहित सम्पूर्ण घटनाको भोग्य पात्रमा भएकाले यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.८.९. ब्ल्याक होल

कथाको कथानक तृतीय पुरुष उनीको केन्द्रीयतामा सीमित छ । कथामा प्रवाहित कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुष उनीका माध्यमबाट प्रवाहित भएको हुनाले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष दृष्टिविन्दु हो ।

### ४.८.१०. मास्टर बाबू

कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । कथामा प्रवाहित कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुष दृष्टिविन्दुका माध्यमद्वारा प्रावाहित भएको हुँदा उक्त कथाको दृष्टिविन्दु बाह्य तृतीय पुरुष दृष्टिविन्दु हो ।

### ४.८.११. स्वप्नयात्रा

क्थानक तृतीय पुरुषको केन्द्रीयतामा सीमित छ । कथामा प्रवाहित कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुषबाट प्रवाहित भएको हुनाले यस कथाको दृष्टिविन्दु बाह्य तृतीय पुरुष दृष्टिविन्दु हो ।

**४.८.१२. सम्भ्रान्त**

यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथानक 'म' पात्रको केन्दीयतामा सीमित छ । कथाकारका भाव वा विचारहरु प्रथम पुरुषको माध्यमबाट पाठकसमक्ष प्रवाहित भएको हुनाले यस कथाको दृष्टिविन्दु आन्तरिक प्रथम पुरुष दृष्टिविन्दु रहेको पाइन्छ ।

**४.८.१३. स्वच्छ प्रशासनका लागि**

यस कथामा बाह्य तृतीय पुरुष दृष्टिविन्दुको प्रयोगभएको छ । घटनाको सर्वदर्शी स्वयम् कथाकार भएर पनि कथाकार अप्रत्यक्ष रुपमा रही आफ्ना समग्रभाव वा विचारलाई तृतीय पुरुष पात्रहरु मार्फत प्रवाहित गरिरहेका छन् । तसर्थ यस कथाको दृष्टिविन्दु बाह्य तृतीय पुरुष हो ।

**४.८.१४. विरामी फूल**

कथामा आन्तरिक प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथानक प्रथम पुरुषको केन्द्रीयतामा सीमित छ । कथामा कथाकारको सम्पूर्ण भाव वा विचारहरु म पात्रका माधयमबाट प्रवाहित भएको हुनाले उक्त कथाको दृष्टिविन्दु प्रथम पुरुष दृष्टिविन्दु हो ।

**४.८.१५. ह्याङ्जे नदीको किनारमा**

कथाको दृष्टिविन्दु आन्तरिक प्रथम पुरुष दृष्टिविन्दु हो । कथाको भोग्य पात्र स्वयम् कथाकार भएको हुनाले कथाकारको मनोभावनामा उब्जिएका अर्न्तद्वन्द्व आफू अप्रत्यक्ष रहेर म पात्रलाई माध्यम बनाई प्रस्तुत गरिरहेका छन् । यसरी म पात्रको दृष्टिबाट सम्पूर्ण कथानक अघि बढेको हुनाले उक्त कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

**४.८.१६. स्वस्थ केटी**

यस कथामा बाह्य तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । घटनाको सर्वदर्शी स्वयम् कथाकार भएपनि आफ्ना समपूर्ण भाव र विचारहरु तृतीय पुरुष पात्र मार्फत् पाठकसामु प्रवाहित गराएको हुनाले यस कथाको दृष्टिविन्दु बाह्य हो ।

**४.८.१७. सुरसुधा**

यस कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । कथानक तृतयि पुरुषको केन्दीयतामा सीमित छ । कथाकारका सम्पूर्ण भाव वा विचारहरु तृतीय पुरुषका माध्यमद्धारा प्रवाहित भएको हुनाले कथाको दृष्टिविन्दु तृतीय पुरुष दृष्टिविन्दु हो ।

**४.८.१८. कालो चस्मा**

प्रस्तुत कथामा बाह्य तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । तृतीय पुरुषका माध्यमद्धारा कथाकारले आफ्नो सम्पूर्ण दृष्टिकोणहरु प्रस्तुत गरेका छन् । यसरी तृतीय पुरुषकै दृष्टिबाट कथानक अघि बढेको हुनाले कथा बाह्य दृष्टिविन्दुमा संरचित छ ।

# परिच्छेद -पाँच

## उपसंहार तथा निष्कर्ष

२००६ सालमा जन्म भएको नरेन्द्रराज पौडेलको अक्षराम्भ पिता केदारनाथ पौडेलबाट घरमा नै भएको र औपचारिक अध्ययनको आरम्भ संस्कृत माध्यमिक पाठशालाबाट भएको बुझिन्छ । त्यस पाठशालाबाट दशम कक्षासम्मको अध्ययन पुरा गरेपछि उनले वाल्मीकि संस्कृत महाविद्यालयबाट पूर्वमध्यमा, उत्तरमध्यमा हुँदै २०२८ सालमा शास्त्री परीक्षा उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयबाट व्याकरणाचार्य तथा २०३१ सालमा नेपाली भाषा र साहित्यमा स्नातकोत्तर तह पुरा गरे ।

२०२७ सालमा **गोरखा पत्रमा सपना टुसाएको ढुङ्गा माथि** शीर्षकको कथा प्रकाशन गरी साहित्यिक जीवन सुरु गरेका पौडेलले साहित्यका अन्य विधाहरु कविता, हास्यब्यङ्ग्य निबन्ध, नियात्रा, समालोचना, आदिमा कलम चलाएर  बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्वका रुपमा आफूलाई चिनाएका छन् । हालसम्म उनका **मेटिएका रेखाहरु** (२०५२), **फट्टिकको खम्बा** (२०५३), **पर्खाल बाहिर** (२०५८) **स्वप्नयात्रा** (२०६२) **चार कथा सङ्ग्रहहरु, छरिएका टुक्राहरु** (२०३९) **र हस्ताक्षर** (२०६०) दुई वटा कविता सङ्ग्रहहरु **घर भित्रको गाई जात्रा** ( २०४१), **विहेको निम्ता** (२०४४) **, मङ्गीटेट याने वानर राज्य,** (२०५२) **प्रमुख अतिथि हुनुको आतङ्क** (२०६४) **र छुटेको छाता** (२०६६) पाँच हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, **छडुङ्को जंगलमा हराउँदा** (२०४७) **र एलो सी माथिको साँझ** (२०६०) दुई वटा नियात्रा सङ्ग्रहरु तथा **सप्त पल्लव** (२०४२) एउटा समालोचना सङ्ग्रह प्रकाशित छन् । केही कृतिहरु प्रकाशन गर्ने तयारीमा जुट्दैछन् ।

नेपाली साहित्यमा विशेष योगदान पुऱ्याएवापत उनलाई विभिन्न पुरस्कार र सम्मान प्रदान गरिएको छ । हालसम्म उनले 'विरसा भट्टलाई' हास्यव्यङ्ग्य लेखन पुरस्कार तथा ताम्रापत्र (२०५२), स्रष्टा सम्मान समारोह समितिद्वारा सम्मानपत्र, निशुल्क शिक्षा सेवा समिति सिन्धुपाल्चोकद्वारा कदरपत्र, नेपाल महिला सङ्गठनद्वारा आयोजित (निबन्ध र कविता) प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय बनेर पटक-पटक पुरस्कार प्राप्त, विद्यार्थी सङ्गठन, युवक संगठन, युवामहोत्सव, परिवार नियोजन संघ आदि संघसंस्थाद्वारा आयोजित कार्यक्रममा विभिन्न पुरस्कार पदकबाट सम्मानित, २०५६ सालमा स्व. श्री ५ वीरेन्द्र

वीरविक्रम शाहदेवबाट प्रवल गोरखा दक्षिण बाहु चौथो पदक, सुनकोशी साहित्य प्रतिष्ठानद्वारा प्रतिभा पुरस्कार, (२०५८), भैरव पुरस्कार गुठिद्वारा, भैरव हास्यवङ्ग्य पुरस्कार (२०५९), स्व. कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानद्वारा सम्मान (२०६०) हास्यव्यङ्ग्य समाज नेपाल (हसने) द्वारा सम्मान (२०६२), पल्लव् साहित्य विविध चितवनद्वारा सम्मान (२०६२), हाम्रो मफेरी साहित्य प्रतिष्ठान चितवनद्वारा सम्मान (२०६२) प्राप्त गरेका छन् ।

आधुनिक नेपाली कथाको प्रारम्भदेखि हालसम्मको विकासलाई हेर्दा मूलतः यथार्थवादी युगले जरा गाडेको सहस्र जानकारी हुन्छ । २०२० मा कथालेखन क्षेत्रमा नवयुगको प्रवेशपछि तेस्रो आयाम, राल्फा, अस्वीकृत जमात्, अमलेख, बुटपालिस आदि आन्दोलन भए यी सबै आन्दोलनहरुको पृष्ठभूमिमा तेस्रो आयाम जन्मन-जन्मन लागेको अवस्थामा कथाकार नरेन्द्रराज पौडेल देखापरेका हुन् तर उनी न तेस्रो आयामका पछि लागे न त राल्फा, अस्वीकृत जमात, अमलेख, बुटपालिस आदि आन्दोलनकै पछ्यौटे भए उनी विशुद्ध यथार्थवादी कथाकारकै रूपमा अघि बढ्दै गए । उनी यस युगमा विशुद्ध यथार्थवादी कथाकारका रूपमा नै प्रतिष्ठित भए ।

२०२७ सालबाट अहिलेसम्म कथा लेख्दै आएको पौडेलको कथालेखन अवधिलाई सामान्यतः पहिलो चरण र दोस्रो चरण गरेर दुई चरणमा विभाजन गरेर हेर्न सकिन्छ । यहाँ प्रारम्भदेखि २०४१ सालसम्म पहिलो चरण र २०४२ देखि हालसम्मलाई दोस्रो चरण मानिएको छ । पहिलो चरणमा पौडेलका कुनै कथासङ्ग्रहले प्रतिनिधित्व गरेका छैनन् भने दोस्रो चरणमा **मेट्टिएका रेखाहरु** (२०५२), **फट्टिकको खम्बा** (२०५३), **पर्खाल बाहिर** (२०५८) र **स्वप्न यात्रा** (२०६२), सङ्ग्रह भित्रका कथाहरुले प्रतिनिधित्व गर्दछन् ।

पहिलो चरणमा नरेन्द्रराज पौडेलले कथा विधामा खासै सफलता प्राप्त गरेका छैनन् । उनको यस चरणले दोस्रो चरणलाई सफलताको चुली प्रदान गर्ने प्रयास गरेका छन् ।

दोस्रो चरणमा पौडेलका कथाहरु संख्यात्मक दृष्टिले एवम् गुणात्मक दृष्टि दुबैले सवल र सशक्त छन् । यस चरणमा उनले सबै कथासङ्ग्रहरु प्रकाशन गरेका छन् । उनका कथाले राष्ट्रिय एवम् : अन्तर्राष्ट्रिय परिवेशलाई सम्मेत समेटेको भेटिन्छ । उनले यस चरणमा समाजमा भएका यथार्थ विषयवस्तुलाई आफ्नो कथाको कथावस्तु बनाएका छन् । आफू एक प्रशासक भएको हुँदा प्रशासन क्षेत्रमा हुने गरेका यथार्थ सत्यलाई सम्मेत उनले

आफ्नो कथाको कथावस्तु वनाएकाले यथार्थवादी नेपाली कथामा चर्चित कथाकारका रूपमा लिन सकिन्छ ।

करिब-करिब चारदशक लामो अवधिको साहित्यिक साधनमा अन्य विधालाई छाडेर नेपाली साहित्यलाई प्रसस्त कथाहरु सुम्पने नरेन्द्रराज पौडेलको दोस्रो चरणको चौथो कथासङ्ग्रह **स्वप्नयात्रा** हो । यस शोधपत्रको मुख्य अध्ययन **स्वप्नयात्रा** कथासङ्ग्रहको कृतिपरक अध्ययन रहेकोले यसै सङ्ग्रहमा केन्द्रित रहेर उपसंहार तथा निष्कर्ष लेखिएको छ ।

यस सङ्ग्रहभित्रका कथाहरुमा कुनै न कुनै स्वरूपले एउटा प्रशासकको उपस्थित रहेको देखिन्छ । **रङ्गीन टिभी** बाहेक सत्रैवटा कथाहरु एउटा सरकारी कर्मचारी प्रशासकले देखेको अथवा भोगेको अन्तर्दृष्टिहरु रहेको पाइन्छ । **गृहप्रवेश**मा जिल्लाका सम्पूर्ण आपरािधिक कार्यहरु हेर्ने प्रमुखको उपस्थिति छ, **कुहिरो र कागहरु**मा वनविभागको प्रमुख र उसको अस्थायीबसोबास कालमा एउटी नारीसँग भएको रोमाञ्चक सम्वन्धको मनोवैज्ञानिक चर्चा छ, **मारिया, विरामी फूल, ह्याङ्जे नदीको किनारमा** प्रशासकको रूपले कुनै तालिम भ्रमणअध्ययनको सिलसिलामा विदेश जाँदा उक्त प्रशासकको अरु कसैसँग भेट भएको कथा छ, **चिन्तामग्न, ब्ल्याक होल, स्वप्नयात्रा, सम्भ्रान्त र कालो चस्मामा** सेवानिवृत्त कर्मचारीको एक प्रकारले कथाकारकै जीवनको अर्को पाटो, त्यसको मनोवैज्ञानिक छाँया प्रतिबिम्वित छ । **गोली, अस्मिताको भारी, स्वस्थ केटी र सुरसुधा**मा एउटा प्रशासकको आँखा अघिल्तिर सुरक्षाको जिम्मा लिने व्यक्तिको सामुन्ने घटेका अप्रिय कुराको प्रस्तुति छ । **स्वच्छ प्रशासनका लागि** कथामा एउटा प्रशासकले स्वच्छ प्रशासनका निम्ति आफूले काम गर्ने ठाउँ छोड्नुपर्ने देखिन्छ । विसर्जनमा सुरक्षाको जिम्मा लिने निकाय वा व्यक्तिका सामु नघट्नुपर्ने एउटा अप्रिय घटना रहेको छ भने **रङ्गगीन टिभी**मा आधुनिक युगमा मान्छेलाई उदास कुण्ठित गराउने भौतिक परिवेश, विकास र संचारप्रविधिकका कारणले ग्रामीण जीवनमा आउन थालेका संक्रमणकालीन अवस्था त्यसबाट बालबृद्ध र तरुणका मनमष्तिष्कमा आउन थालेका परिवर्तन र सोचहरु प्रस्तुत गरिएको छ । आफू प्रशासन भएकै कारण कथाकारले नेपालको प्रशासन जगतमा देखेभोगेको र अनुभव गरेका घटनाहलाई कथावस्तुको स्रोतका रूपमा ग्रहण गरेका हुनाले प्रस्तुत संग्रहको कथाहरुको कथावस्तु सहज देखिन्छ । उनको कथाको कथावस्तु कौतुहल उब्जाउने खालको पाइन्छ र कथाको अन्त्यमा पाठकको मनमा उब्जिएका कौतुहलको निवारण भएको पाइन्छ ।

**स्वप्नयात्रा**भित्र प्रयुक्त पात्रहरुको आफ्नै चारित्रिक विशेषता पाइन्छ । यहाँ वैयक्तिक र वर्गीय चरित्रका पात्रहरु छन् । वैयक्तिक पात्रहरु सम्बन्धवाचक, व्यक्तिवाचकपद, सार्वनामिक र प्रतीकात्मक छन् भने वर्गीय चरित्रका पात्रहरुमा मूलतः युवायुवती र बालबालिकाहरु रहेका छन् । सम्बन्ध जनाउने पात्रहरु, स्वास्नी, फुपाजु, फुपू, भाउजु, बुहारी, श्रीमती, ज्वाई, बाबा, दिदी, छोरा/छोरी आदिछन् । भने, शिक्षक हाकिम, हवल्दार, जेलर पुलिस, वनपाले, रेन्जरा फरेष्टर, सइस पाले, भान्से केटो, बूढो अमेरिकन, युवक, बटुवा, खेताला, गोठाला, डी.एस.पी., सी.डी.ओ, प्र.जि.स., टोली नाइके, यात्रु, सुब्बा, भक्तजन, डाइभर, वकिल, झगडिसा, लेखनदास, जासुस, साहुनी, मासुपसल्ली,गाइड, सुरक्षाकर्मी, कार्यालय प्रमुख, लठेब्रो विद्रोही, प्रहरी, चौकीदार, अधिकृत, भद्र महिला, आदि व्यक्तिवाचक पदधारण गर्ने पात्रहरु हुन् । म,ऊ, उनी जस्ता सार्वनामिक पदधारण गर्ने पात्रहरु हुन भने व्यक्तिवाचक नामका पात्रहरु सुन्तली, चमेली, रामे, भरिया, रङ्गनाथ काका, त्रिलोचनबाजे, दङ्गाल्नी बज्यै, रामनाथ पार्वती, चन्दप्रसाद, दीनानाथ, शङ्कर सिटौला, शेखर लालकर्ण, कुलनन्द झा, शुभकली, डान्सिल, सविना, बेलीमाया, चमेली, शंकर सिंह बावू साहेब, सुरेश, सुधा, धनलाल साहु आदि हुन् । यहाँ कुनै पात्रहरु शोषण दमनका शिकार भएका छन् भने कुनै पात्र सङ्घर्षको मैदानमा डटेर स्वतन्त्रताकालागि होमिएका छैन । वैयक्तिक पात्रलाई चुनेर वर्गीय भूमिका दिइनुले लेखक सीमित घेराभन्दा माथि उठ्न खोजेको पाइन्छ । यहाँ बाल र बृद्ध पात्र नगन्य संख्यामा देखिन्छन भने अधिकांश युवक र युवती छन् । यस सङग्रहको सम्पूर्ण नारी पात्र प्रायः संघर्षशील छन् । यस सङ्ग्रहका पात्रहरु धेरैजसो वाह्य दृष्टिविन्दुको केन्द्रीय पात्र छन् । यसरी विविध किसिमका पात्रहरुको संयोजन गरी कथालाई पूर्णता दिनु र पात्रको चरित्रिक भूमिकालाई स्पष्ट देखाउनु नरेन्द्रराज पौडेलको पात्र चयनको विशेषता हो ।

प्रस्तुत सङ्ग्रहका पात्रहरुले सामाजिक यथार्थता वहन गरेकाले सबै पात्रहरु मानवीय, समाज सापेक्ष देखिन्छन् । कथाकारले पात्रहरुको सोझो परिचय नदिएर पात्रको क्रियाकलापबाट नै पात्रको जानकारी दिन खोजेको पाइन्छ ।

पौडेलले राष्ट्रियको घेरा नाँध्दै अन्तर्राष्ट्रिय परिवेशलाई विचरण गर्न पुगेका छन् । यस सङग्रहका कथाले ग्रामीण, सहरी, अन्तराष्ट्रिय परिवेशलाई समेटेको छ । ग्रामीण तथा सहरी परिवेशको मिश्रितरुप उनको कथामा पाउन सकिन्छ । कथाकारले जुन क्षेत्रलाई कार्यपीठिका बनाएका छन् । त्यहीको परिवेश यथार्थरुपमा चित्राङ्कन गरिएको छ ।

प्रस्तुत सङ्ग्रहभित्रका कथाहरुमा पौडेलले साङ्केतिक भाषाको प्रयोग गरेका छन् । यस सङ्ग्रहभित्रका कथाहरु व्यङ्ग्यात्मक शैलीमा लेखिएका छन् । पौडेल समाज तथा परिस्थिति प्रतिकुल अवस्थालाई व्यङग्य गर्दछन् तर उनको व्यङ्ग्य सोझो ढङ्गमा नभएर प्रतिकात्मक हुन्छ । पात्र र परिवेश अनुकूल भाषाशैलीको प्रयोग गर्नु प्रस्तुत सङ्ग्रहका पौडेल सचेत छन् । पौडेलले **स्वप्नयात्रा** कथासङ्ग्रहमा नेपाली कथा परम्पराभन्दा भिन्न बाटो हिड्ने प्रयास गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहका सबै कथाहरुमा आन्तरिक तथा वाह्य द्वन्द्वको विकास भएको पाइन्छ । यो द्वन्द्व प्रायः सबै कथाको पात्रहरुमा विभिन्न कारणले अन्तर्द्वन्द्व उत्पन्न भएको पाइन्छ ।

उद्देश्यका दृष्टिले **स्वप्नयात्रा** कथासङ्ग्रहले आजको समाजमा देखिएको विषम परिस्थिति विसङ्गत वातावरण र वर्तमानको जटिलतम जीवन भोगाइलाई उद्घाटन गर्ने लक्ष्य राखेको पाइन्छ ।

समग्रमा **स्वप्नयात्रा** कथासङ्ग्रहलाई अध्ययन गर्दा पौडेलले सामाजिक सन्दर्भमा देखिएका हरेक समस्यालाई कथाको विषयबस्तु बनाएका छन् । समाजमा विद्यामान् विकृति, विसङ्गति, शोषण, अशिक्षा, नारीका समस्या, युवा युवतीका छाडा प्रवृति, प्रशासनिक समस्या जस्ता विषयलाई लिएर पौडेलले यौनमुलकता, मनोविश्लेषणात्मकता, आर्थिक विपन्नता, प्रशासनिक, आर्थिक भ्रष्टचारिता, राजनैतिक विकृति, यथार्थवादी ढाँचा, संरचनागत सरलता परिवेशगत सवल आधार, दुःखत्मकता, कलात्मक शीर्षक चयन, भाषाशैलीगत विशिष्टता र मौलिकता जस्ता प्रवृत्तिलाई अपनाएर कथा रचना गरेको पाइन्छ । उनका यस सङ्ग्रहका अधिकांश कथाले ग्रामीण तथा सहरी एवम् वैदेशिक परिवेशमा देखिएको विकृति, विसङ्गति, उताउला प्रवृत्ति, यौनव्यापार, नारीसमस्या, प्रशासनिकसमस्याजस्ता विषयलाई समेटेका छन् । सीमित पात्रको प्रयोग गरी वर्तमान समाजको युगीन समस्यालाई चित्रण गर्दै ती समस्याले निम्त्याएका विकृति, विसङ्गतिलाई देखाउनु प्रस्तुत कथासङ्ग्रहको उद्देश्य रहेको छ । विश्व युगीन सन्दर्भका तमाम समस्यालाई समेटेर कथागत मूल्य दिँदै पाठकलाई नवचेतना प्रवाह गर्न यो कथासङ्ग्रह सफल देखिन्छ । नवीन शैलीको प्रयोग गर्दै वर्तमानका सबै पक्षलाई समेट्न सक्नुले नरेन्द्रराज पौडेल उत्कृष्ट कथाकारका रुपमा चिनिएका छन् ।

अतः चारदशक लामो साहित्यिक यात्रा पार गर्ने पौडेल नेपाली साहित्यका बहुमुखी प्रतिभा सम्पन्न सफल एवम् उत्कृष्ट साहित्यकार हुन् । समयचक्रसँगै अगाडि बढ्दै विभिन्न ठाउँहरुको भ्रमण गरेका पौडेलले देखे-भोगेका समाजका यथार्थपरक विविध घटना तथा

व्यवहारलाई यस स्वप्नयात्रा कथासङ्ग्रहभित्रका कथाहरुको मूल विषयवस्तुगत स्रोत बनाएका छन् । आफू प्रशासक भएकाले यस कथासङ्ग्रहका कथाहरुमा प्रशासकको उपस्थिति रहेको छ । कथाहरु नितान्त यथार्थपरक छन् । यसमा प्रयोग भएका परिवश, भाषाशैली, पात्र जस्ता कथाका तत्वहरुको संयोजनलाई हेर्दा पौडेल एक सफल सामाजिक यथार्थवादी कथाकार हुन् । कर्मचारी जीवनमा बाँधिएर पनि नेपाली कथा साहित्यमा योगदान दिन सफल पौडेलका लागि महानता र नेपाली कथा साहित्यकालागि सर्वोत्कृष्ट उपलब्धि ठहर्दछ ।

साहित्यकार नरेन्द्रराज पौडेलका बारेमा भविष्यमा अरुपनि अध्ययन अनुसन्धानका सम्भावनाहरु छन् । यस शोधपत्रमा सबै पक्षको विस्तृत विवेचना र विश्लेषण सम्भव भएको छैन । तसर्थ भविष्यमा यस विषयमा अरु शोध गर्ने शोधार्थीहरुका निमित्त विचारार्थ केही प्रस्ताव अघि सार्न उपयुक्त ठान्दछु । उनको साहित्यिक व्यक्तित्वका सन्दर्भमा भविष्यमा निम्न विषयहरु चयन गर्न सकिने सम्भावना देखिन्छ ।

- नरेन्द्रराज पौडेलको स्वप्नयात्रा कथासङ्ग्रहको सामाजिक अध्ययन ।

- नरेन्द्रराज पौडेलको अन्य कथाहरुको कृतिपरक अध्ययन ।

## सन्दर्भसामाग्रीसूची

### क) पुस्तक सूची


असफल, सुरेन्द्र (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरुका आँखामा,** भक्तपुरः चितवन, कालिका, फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

काफ्ले, माधव (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरुका आँखामा**, भरतपुरः चितवन, कालिका फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

कोइराला, कुमारप्रसाद , (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरुका आँखामा**, भरतपुरः चितवन, कालिका फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

खनाल, केदारनाथ, (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरुका आँखामा**, भरतपुरः चितवन, कालिका फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

गोर्खाली, रमेश, (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरुका आँखामा**, भरतपुरः चितवन, कालिका फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

गौतम, लक्ष्मणप्रसाद, (२०४६) (सम्पादक), **प्रमुख अतिथि हुनुको आतङ्क**, काठमाडौंः रत्न पुस्तक भण्डार, प्रथम संस्करण ।

थापा, मोहन हिंमाशु (२०५०) **साहित्य परिचय**, दोस्रो संस्करण, ललितपुरः साझा प्रकाशन ।

नेपाल, शैलेन्दु प्रकाश (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरुको आँखामा**, भरतपुरः चितवन; कालिका, फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (सम्पादक) (२०५३) **फट्टिकको खम्बा** प्रथम संस्करण ।

पौडेल, नरेन्द्रराज (२०३९) **छरिएका टुक्राहरु** प्रथम संस्करण, धनकुटाः नरेन्द्रराज पौडेल ।

……………… (२०६२) **घरभित्रको गाईजात्रा,** चौथो संस्करण काठमाडौंः रत्न पुस्तक भण्डार ।

………………(२०४२) **सप्त पल्लव,** प्रथम संस्करण, काठमाडौंः श्रीमती सावित्री पौडेल,

भीमसेनगोलाः  नयाँवानेश्वर ।

................(२०६२) **विहेको निम्ता,** चौथो संस्करण, काठमाडौँः रत्नपुस्तक भण्डार ।

.............. (२०४७)  **छडुङ्गको जङ्गलमा हराउँदा,** प्रथम संस्करण, ललितपुरः साझा प्रकाशन ।

.............. (२०५१) **मङ्की स्टेट याने वानर राज्य,** प्रथम संस्करण, भिमसेनगोला नयाँ बानेश्वर काठमाडौँः श्रीमति सावित्री पौडेल ।

.............. (२०५२) **मेटिएका रेखाहरु,** प्रथम संस्करण, ललितपुरः साझा प्रकाशन ।

.............. (२०५३) **फट्टिकको खम्बा,** प्रथम संस्करण, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

............. (२०५८) **पर्खाल बाहिर,** प्रथम संस्करण, ललितपुरः साझा प्रकाशन ।

..............(२०६०) **हस्ताक्षर** प्रथम संस्करण, काठमाडौँः नरेन्द्रराजा पौडेल ।

..................(२०६२) **स्वप्नयात्रा,** प्रथम संस्करण, ललितपुरः साझा प्रकाशन ।

.................(२०६४) **प्रमुख अतिथि हुनुको आतङ्क** प्रथम संस्करढा, काठमाडौँः रत्न पुस्तक भण्डार ।

.................. (२०६६) **छुटेको छाता**, प्रथम संस्करण, काठमाडौँः रत्नपुस्तक भण्डार ।

विनोदी, गोविन्दराजा, (सम्पा), (२०६३) **स्रष्टा नरेन्द्रराज पौडेल, द्रष्टाहरुका आँखामा**, प्रथम संस्करण, भरतपुर चितवनः कालिका, फ्रिक्युन्सि मोडुलेसन प्राइभेट लिमिटेड ।

सुवेदी, राजेन्द्र, (२०४३) **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि**, प्रथम संस्करण, ललितपुरः साझा प्रकाशन ।

.................(२०५१) **स्नातकोत्तर नेपाली कथा**, प्रथम संस्करण, ललितपुरः साझा प्रकाशन ।

लुइटेल, खग्रेन्द्रप्रसाद, (२०६०) **हस्ताक्षर,** प्रथम संस्करण, काठमाडौँः नरेन्द्रराज पौडेल,

………………(२०५७) **आधुनिक नेपाली समालोचना**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज, (२०५९) **शैली विज्ञान, (सिद्धान्त र आलोचना**) काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पादक), (२०५७) **नेपाली कथा भाग ४,** ललितपुरः साझा प्रकाशन ।

**ख) शोधपत्र सूची**

कोइराला जनक, (२०५८) **नरेन्द्रराज पौडेलको हास्य-व्याङ्ग्य निवन्धकारिताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः त्रिभुवन विश्वविद्यालय, रत्न राज्यलक्ष्मी क्याम्पसः प्रदर्शनिमार्ग ।

खनाल, भवानी प्रसाद, (२०५९)**नरेन्द्रराज पौडेलको कथाकारिताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर र शोधपत्र, काठमाडौं, त्रिभुवन विश्वविद्यालय, रत्न राज्यलक्ष्मी क्याम्पसः प्रदर्शनीमार्ग ।

दाहाल, बृद्धिविनोद, (२०६६) **नरेन्द्रराज पौडेलको साहित्यिक यात्राको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण विभाग रामस्वप रामसागर बहुमुखी क्याम्पसः जनकपुरधाम, धनुषा ।

राई, कल्पना (२०६३) **तिम्री स्वास्नी र म कथासङ्ग्रहको, कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालयः कीर्तिपुर ।